## प्रकाशनबारे जानकारी :

१. 'प्रहरी' २०१६ सालमा प्रकाशन आरम्भ गरेको द्वैमासिक प्रकाशन हो । ६३ वर्षदेखि अविछिन्न नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा लागि परेको यस ऐतिहासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूको आफ्नो पत्रिका हो । तसर्थ प्रहरी द्वैमासिक प्रकाशन सम्पूर्ण लेखक तथा स्रष्टा महानुभावहरूबाट लेख रचनाको अपेक्षा गर्दछ ।

२. लेख रचना सोझै प्रहरी प्रधान कार्यालयस्थित जनसम्पर्क शाखामा आई पेनड्राइभमार्फत उपलब्ध गराउन सकिनेछ । साथै पत्रिकाको इमेल ठेगाना phqprs@nepalpolice.gov.np वा phqprs@gmail.com मा पठाउन सकिनेछ ।

३. प्रहरी द्वैमासिकमा प्रहरीसँग सम्बन्धित विषयमा लेखिएका पेसागत लेखहरू, ऐन कानूनसँग सम्बन्धित लेखहरूका साथै अपराध अनुसन्धान, प्रहरी कार्य, उद्धार आदिका विषयमा तयार गरिएका लेखहरूलाई विशेष प्राथमिकतामा राखिनेछ । यसको साथै यस पत्रिकामा कथा, कविता, गजल, गीत, निबन्ध, संस्मरण, कला दर्शनलगायत साहित्यका विविध विधाहरू पनि समावेश गरिनेछ । समालोचना र पुस्तक समीक्षालाई पत्रिकामा समावेश गराइने छैन ।

४.रचना स्वीकृत गर्ने र काटछाँट गरी सम्पादन गर्ने अधिकार सम्पादकमा निहित रहनेछ ।

५. हालसम्म अप्रकाशित स्तरीय खोजमूलक मौलिक ताजा लेख र विशुद्ध साहित्यिक सिर्जना सदैव स्वागत योग्य छ ।

६. लेखकलाई प्रकाशित लेखको यथोचित पारिश्रमिक प्रदान गरिनेछ । पारिश्रमिक लिन आउँदा लेखकको स्पष्ट परिचय खुल्ने कागज लिई प्रहरी प्रधान कार्यालय, जनसम्पर्क शाखामा समयमै सम्पर्क राख्न सम्पूर्ण लेखकवृन्दमा प्रहरी द्वैमासिक हार्दिक अनुरोध गर्दछ ।

७. प्रहरी द्वैमासिक पत्रिका २०७७ वैशाख-जेठ अंकदेखि नेपाल प्रहरीको वेबसाइट : www.nepalpolice.gov.np. nepol.cd मा राखिदै आएको हुँदा सम्पूर्ण महानुभावहरुमा जानकारीको लागि अनुरोध गरिएको छ ।

- प्रहरी द्वैमासिक

**सम्पर्क**
प्रहरी प्रधान कार्यालय,जनसम्पर्क शाखा, नक्साल, काठमाडौं
फोन नं. : ०१ ४४१०६६३, ४४११२१०, एक्सटेन्सन : २१३
ईमेल : phqprs@nepalpolice.gov.np/ phqprs@gmail.com
वेबसाइट : www.nepalpolice.gov.np

ISSN 0266-1616

# प्रहरी PRAHARI

द्वैमासिक प्रकाशन

प्रकाशन आरम्भ : २०१६ जेठ वर्ष ६४, अङ्क २ असार - साउन २०७९







विपत् व्यवस्थापनमा संलग्न नेपाल प्रहरी ।

'प्रहरीले बुझौ नागरिकको मर्म,
निस्वार्थ सेवा र त्याग नेपाल प्रहरीको कर्म "
- नेपाल प्रहरी ।

# प्रहरी

मे.अ.द.न. ६४/१५८

**द्वैमासिक प्रकाशन** वर्ष : ६४ अङ्क : २ २०७९, असार-साउन



प्रमुख सल्लाहकार

प्र.ना.म.नि टेक प्रसाद राई

सल्लाहकार

प्र.उ.सविन प्रधान

प्रधान सम्पादक

प्र.ना.उ.चन्चला श्रेष्ठ

सम्पादक

प्र.ना.उ. होमबहादुर थापा
प्र.नि.प्रशान्त श्रेष्ठ
प्र.व.ना.नि.सरस्वती बुढाथोकी

कम्प्युटर

प्र.नि. कल्पना अधिकारी
प्र.ना.नि. संगीता कार्की

आवरण

अनुराग

प्रकाशक

नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल ।


सम्पादकीय . .

## विपद् व्यवस्थापनमा आपसी समन्वय आवश्यक

मानव जीवनमा प्राकृतिक विपद्हरू भयानक, जोखिमपूर्ण र खतरनाक हुन्छन् । प्रत्येक वर्ष मनसुन सुरू हुनासाथ देशभर विभिन्न विपद्का घटनाले अनेकौं चुनौती थप्ने गरेका छन् । निकै ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ । प्राकृतिक प्रकोप मात्र होइन कतिपय मानवसिर्जित गतिविधिहरू प्रकोपको जोखिम अभिवृद्धि गर्नमा जिम्मेवार रहने गरेका छन् । विज्ञहरूका अनुसार जैविक, वातावरणीय, मौसमजन्य, भू-भौतिक र प्राविधिक गरी पाँच प्रकारका विपद्जन्य खतराहरू हुन्छन् । यस्ता खतराबाट मानव जाति तनावमा रहन बाध्य छन् । भूकम्प, अतिवृष्टि, अनावृष्टि, चट्याङ्, हावाहुरी, पहिरो, डुबान, खडेरीजस्ता मौसमका कारण मानव जीवन तहसनहस हुने गरेको छ ।

निश्चय पनि प्राकृतिक प्रकोपजन्य विपद्लाई रोक्न सकिँदैन । तथापि प्रकोप जोखिम नियन्त्रण, न्यूनीकरण र व्यवस्थापन भने अवश्य गर्न सकिन्छ । यसका लागि आपतकालीन उद्दारमा नेपाल प्रहरी सदैव तम्तयार रहने गर्दछ । प्राकृतिक विषमता, जोखिमको किञ्चित पर्वाह नगरी प्रहरी कर्मचारीहरू कर्तव्यपथमा अहोरात्र खटिने गर्दछन् । प्राकृतिक विपत्तिमा जनधनको क्षति हुन नपाओस् भनी नेपाल प्रहरीको विपद् व्यवस्थापन महाशाखालगायत हरेक युनिटहरूले जनधनको उद्दारमा काम गर्दै आएका छन् । नेपाल प्रहरीले विगतदेखि नै विपद् घटनामा खोजी, उद्दार र पुनःस्थापनामा प्रहरी परिचालन गरी सकृय भूमिका निर्वाह गर्दै आएको छ । नेपाल प्रहरी सदैव विपद्

प्रतिकार्य तयारीमा रहने भएकोले तत्काल उद्दार गर्न सम्भव हुने गरेको छ । यस कार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले आवश्यक नीति र योजना बनाई जनशक्ति र साधनस्रोतसमेत बढाएर काम गर्दै आएको छ । साथै नेपाल प्रहरी अस्पतालले विषेशज्ञसहितको स्वास्थ्य टोली खटिएर स्वास्थ्य सेवा उपलब्ध गराउने गरेको छ ।

नेपाल प्रहरी प्रधान कार्यालय, विपद् व्यवस्थापन महाशाखाको तथ्याङ्कअनुसार आ.व. २०७६/०७७ मा ३३७८ वटा, आ.व. २०७७/०७८ मा ५०५४ वटा र आ.व. २०७८/०७९ मा ४९३१ वटा विपद्का घटना भए । घटनामा परी ती आ.व.मा क्रमशः ३७० जना, ५०१ जना र ४७७ जनाले ज्यान गुमाए भने ११११८ जना, १०७७ जना र १०३१ जना घाइते भए । विपद्को कारण ती आ.व.मा क्रमशः दुई अर्ब ३७ करोड ७३ लाख ९८ हजार ९९० रूपैयाँ, चार अर्ब ३२ करोड १२ लाख ७२ हजार ९६ रूपैयाँ र दुई अर्ब ८२ करोड ३१ लाख ६८ हजार ७७४ रूपैयाँ मूल्य बराबरको धनमाल क्षति भएको छ । घटनामा खोज, उद्दार, राहत र पुनःस्थापनालगायतका विपद् व्यवस्थापनका लागि ती आ.व.मा क्रमशः २४१५७ जना, ३४१२५ जना र ३५५९७ जना प्रहरी कर्मचारी परिचालन गरिए ।

पछिल्लो समय मौसम सुरू हुनुअगाडि नै मौसम पूर्वानुमान, चेतावनी, पूर्वसूचना र जानकारी प्रदानको साथै परामर्शलगायत सरदर मनसुन कति हुन्छ भन्ने सूचना दिने व्यवस्था सम्बन्धित निकायबाट हुन थालेकोले प्रकोप व्यवस्थापनमा योगदान पुगेको छ । यसबाट नेपाल प्रहरीलगायतका सुरक्षा निकायको साथै अन्य सरोकारवाला निकायहरूलाई पूर्वयोजना बनाई उद्दारमा खटिन र सुरक्षाका विभिन्न उपाय अपनाउन सहज भएको छ ।

सङ्क्षेपमा, विपद् न्यूनीकरणका लागि सरकार र सुरक्षा निकायको प्रयास मात्र पर्याप्त हुँदैन । यसका लागि सरकारी तथा गैरसरकारी संघसंस्था, स्थानीय तह र समाजका हरेक नागरिक स्वयं सचेत, सजग र क्रियाशील हुनु आवश्यक छ । जोखिम र सुरक्षित आवास क्षेत्र पहिचान गरी मात्र बस्ती निर्माण गर्ने, खेती गर्ने र बस्ने ठाउँबारे मापदण्ड बनाउने, भवन निर्माणमा संहिता लागू गर्ने, जङ्गल संरक्षणमा जोड दिने, भौगोलिक अवस्थाको विचार गरी मात्र सडक, कुलो, नहरजस्ता संरचना बनाउने आदि काममा सचेतना अपनाउन आवश्यक छ । सुशासनको विद्यमानतामा नै प्रकोप जोखिम व्यवस्थापनमा योगदान पुग्ने हुनाले विपद्का घटनाबाट हुने मानवीय तथा भौतिक क्षतिलाई नियन्त्रण, न्यूनीकरण र व्यवस्थापन गर्न सरकार, सरोकारवाला निकाय र आमनागरिक सबैले सचेतना अपनाउँदै आपसी समन्वय गरी अगाडि बढ्नुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

# विषयक्रम

## व्यावसायिक सामग्री


| | | |
|---|---|---|
| ♦ संगठित अपराध र न्यायिक दृष्टिकोण..... | ✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी | १ |
| ♦ दण्डका सिद्धान्त | ✍ सहन्यायाधिवक्ता सोमकान्ता भण्डारी | ८ |
| ♦ विभागीय सजायको सन्दर्भमा विभागीय....... | ✍ प्र उ मोहन कुमार थापा | २९ |
| ♦ स्वच्छ सुनवाइ | ✍ प्र ना उ कृष्ण खड्का | ४१ |
| ♦ पिपासु | ✍ प्र ना.उ भोजराज पाण्डेय | ४९ |
| ♦ म्यादी प्रहरी | ✍ प्रेना भुसाल | ७८ |
| ♦ चट्याङ्ग के हो र यसको क्षतिबाट बच्ने..... | ✍ प्र स नि अम्बिका के. सी | १०७ |


## साहित्य / विविध


| | | |
|---|---|---|
| ♦ ज्ञान प्राप्तिको प्रचलित प्रक्रिया | ✍ पूर्व प्र ना म नि इ महेशसिंह कठायत | १९ |
| ♦ बाइस पाटन र बाउन्न भञ्ज्याङको खप्तड | ✍ युवराज नयाँघरे | १८ |
| ♦ गजराजको इनाम | ✍ देवकी के. सी | ३७ |
| ♦ लगानी | ✍ गंगा खड्का | ४८ |
| ♦ ऋतु रहस्य र तुलसी उपदेयता | ✍ अच्युतप्रसाद पौडेल 'चिन्तन' | ५९ |
| ♦ मेरो गाउं मेरै परिवेश | ✍ गङ्गा कर्माचार्य पौडेल | ६० |
| ♦ झण्डाको आविष्कार र नेपालको झण्डा | ✍ त्रिचन्द्र प्रतिक्षा | ६५ |
| ♦ शङ्कर दाइ र शङ्कर कोइराला स्मृति... | ✍ इन्द्र कुमार श्रेष्ठ 'सरित' | ६८ |
| ♦ अभिशाप होइनन् हाम्रा पहाड र पर्वतहरु | ✍ राजेशमान के. सी | ७१ |
| ♦ प्रतिफल | ✍ यशु श्रेष्ठ | ७४ |
| ♦ भित्ताका कान भएको भवनमा रुमल्लिंदा | ✍ जय छाङ्छा | ८० |
| ♦ नागरिकमा बिमाको पहुँच | ✍ सुदर्शन अधिकारी | ९६ |
| ♦ अधुरो सपना | ✍ सूर्य प्रसाद लाकोजु | १०० |

## गीत / कविता/ गजल


| | | |
|---|---|---|
| ♦ आफूलाई चिन्दा | ✍ रामकुमार पण्डित क्षेत्री | ७ |
| ♦ तामाङ सेलो, खेलोमा | ✍ डा बमबहादुर थापा 'जिताली' | १७ |
| ♦ मुक्तक | ✍ एच के. घिताल | २४ |
| ♦ मन्त्र | ✍ बिन्दु अधिकारी ढकाल | ३६ |
| ♦ गीत | ✍ ज्ञानेन्द्र गदाल | ४० |
| ♦ कम्मर भाँच्दै आइज | ✍ रमेशचन्द्र घिमिरे | ४७ |
| ♦ आधा जिन्दगानी | ✍ घनबहादुर थापा | ५३ |
| ♦ मुक्तक | ✍ रुद्र थापा | ५४ |
| ♦ कविता | ✍ रविना भुजेल | ५९ |
| ♦ गीत | ✍ बद्री प्रसाद ढकाल | ६७ |
| ♦ कविता | ✍ मनिष अर्याल | ७३ |
| ♦ मुक्तक | ✍ सह-प्रा उपेन्द्र पौडेल | ७७ |
| ♦ हाम्रो संस्कृतिको हालखबर | ✍ उद्धव प्रसाद प्याकुरेल | ९५ |
| ♦ गीत | ✍ दिपकराज बिश्वकर्मा | १०६ |
| ♦ जन्मभूमि स्वर्गजस्तो बनाऔँ | ✍ पू. से. टंक बहादुर के. सी | १०९ |


## स्थायी स्तम्भ


| | | |
|---|---|---|
| ♦ इतिहासको पानाबाट | | ११० |
| ♦ नेपाल प्रहरीसम्बन्धी केही जानकारी | सङ्कलन : प्र ना नि संगिता कार्की | १११ |
| ♦ रसबस | सङ्कलन : प्र स नि शरणजंग भण्डारी | १११ |
| ♦ सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु | सङ्कलन : प्र स नि जनक आचार्य | ११२ |


प्रकाशित लेखको दायित्व लेखक स्वयम्मा रहनेछ ।

# संगठित अपराध र न्यायिक दृष्टिकोण



✍ सहन्यायाधिवक्ता संजीवराज रेग्मी°

## १. संगठित अपराधको अवधारणा

संगठित र योजनाबद्ध रूपमा आपराधिक संजाल मार्फत अपराध गर्ने प्रवृत्तिका रूपमा लागुऔषध, हातहतियार, नक्कली मुद्राको कारोबार, मानव बेचविखन, साइबर अपराध, वन्यजन्तु र तीनका अङ्गको तस्करी, सम्पत्ति शुद्धीकरण, वित्तिय अपराध जस्ता कसूरहरूलाई लिन सकिन्छ । यस्ता अपराधहरू कुनै स्थान वा राष्ट्रमा मात्र सिमित नरही अन्य मुलुकमा बिस्तार हुने भएकाले अन्तरदेशीय र सीमा विहिन प्रकृतिको अपराध मानिन्छ । अपराधलाई व्यवसाय बनाउने र आपराधिक समूह वा संजाल बिस्तार गरी कुनै पनि स्थानमा बसी अपराध गर्ने प्रवृत्तिका रूपमा यो अपराधको विकास भएको हो । विश्वमा अधिकांश देशहरू संगठित अपराधबाट प्रताडित रहेका छन् । यो अपराध नियन्त्रण सबैका लागि चासो र चुनौती बनेको छ । संगठित अपराध नियन्त्रण गर्नु सबै देशको सामूहिक चासोको विषय भएकोले यसको नियन्त्रणमा राष्ट्रहरू बिच प्रभावकारी सहयोग र समन्वय आवश्यक छ भने राष्ट्रिय स्तरमा पनि यस सम्बन्धी प्रभावकारी कानून निर्माण र सो को कार्यान्वयन जरूरी छ ।

अन्तरदेशीय संगठित अपराध विरूद्धको संयुक्त राष्ट्र संघीय महासन्धि (UN Convention against Transnational Organized Crime) २००० संगठित रूपमा हुने अपराध नियन्त्रण गर्न र सदस्य राज्यहरू बिच सहयोगका लागि कानूनी र संरचनागत व्यवस्था गर्न बनेको महत्वपूर्ण अन्तर्राष्ट्रिय कानून हो। यस महासन्धिले तीन वा तीन भन्दा बढी व्यक्तिहरूको संरचनागत समूह रहेको र आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको संरचनागत समूह संगठित आपराधिक समूह मानेको छ । संरचनात्मक स्वरूप, अपराधको उद्धेश्य र प्रकृतिका आधारमा

°सहन्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय

संगठित अपराधलाई हेर्नुपर्ने देखिन्छ । कुनै निश्चित अपराध आफैमा संगठित अपराध नभई त्यस्तो अपराधको उद्धेश्य, प्रकृति र अपराधमा संलग्न समूहको बनौट तथा अपराध गर्ने योजना र तयारी समेतका आधारमा संगठित अपराधलाई निर्धारण गर्न सकिन्छ । संगठित अपराधिक समूह, त्यसको निश्चित उद्धेश्य (आर्थिक लाभ, नाफा, शक्ति) नेतृत्व, निश्चित योजना, उद्धेश्य र सदस्यहरूको व्यवस्था, अपराधमा संलग्न समूहको आपराधिक कार्यशैलीमा फरक जस्ता कुरा रहन्छन् ।

नेपालको संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (२) ले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध हुने व्यवस्था गरेको छ। यस परिभाषाले आपराधिक समूहबाट हुने अपराध र सो समूहको लाभको लागि गरिने गम्भिर कसूरलाई संगठित अपराध मानेको छ। तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूरलाई गम्भीर कसूर मानिएको छ। नेपालको कानूनी व्यवस्थाका आधारमा तीन वर्ष भन्दा बढी कैद सजाय हुने अपराध हुँदैमा र तीन जना भन्दा बढी व्यक्तिले गरेको आधारमा मात्र कुनै अपराध संगठित अपराध हुने नभई अपराधमा संलग्न समूहको प्रकृति, स्वरूप, अपराधको गम्भीरता, अपराधको प्रकृति तथा परिणाम र उद्धेश्य तथा आपराधिक समूह जस्ता आधारमा संगठित अपराध छुट्टाउने मानक मान्न सकिन्छ।

मानव बेचबिखन तथा ओसारपसार, मानव तस्करी, लागुऔषध, वन्यजन्तुको हत्या र तीनका अंगको तस्करी र अवैध व्यापार, हातहतियार उत्पादन, ओसारपसार, खरिद बिक्री, अपहरण, शरीर बन्धक र हत्या, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मुद्रा अपचलन, नक्कली मुद्राको कारोबार, आतकंवाद, कर छली, बौद्धिक सम्पत्तिको चोरी तथा तस्करी तथा साईबर अपराध जस्ता आपराधिक कार्य संगठित अपराधका क्षेत्रहरू मानिन्छन्। किनकी यी अपराध मूलत आर्थिक लाभका लागि योजनाबद्ध र संजाल मार्फत हुने गर्दछन् र अन्तरदेशीय र सीमाबिहिन प्रकृतिका हुन्छन्। कतिपय अवस्थामा एक देशमा घटना भएपनि त्यसको तयारी, योजना, निर्देशन र नियन्त्रण अर्को देशमा हुन सक्छ । साथै कुनै एक देशमा अपराध भएपनि अपराधमा संलग्न संगठित आपराधिक समूह एक भन्दा बढी देशमा क्रियाशिल रही उक्त घटनामा संलग्न

हुन सक्छ । कुनै एक देशमा अपराध भएपनि त्यसको असर अर्को देशमा देखिन्छ।

## २. न्यायिक दृष्टिकोण

संगठित अपराधको प्रकृति र यसको स्वरूप तथा यस्ता अपराधमा सजाय निर्धारण गर्ने सम्बन्धमा सर्वोच्च अदालतले केही मुद्दामा व्याख्या गरेको पाईन्छ । यी व्याख्याहरू संगठित अपराध निवारण कानूनको प्रयोगमा सान्दर्भिक छन् ।

### २.१ अनिलकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरूद्ध मदन शर्मा[1]

यस मुद्दामा सर्वोच्च अदालतले संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ र अपराधका यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न भन्ने दृष्टिकोण लिएको देखिन्छ । वृहत्त योजना र विस्तारित तयारीका साथ संगठित अपराध सम्पन्न हुन्छ । धेरै व्यक्तिको बेग्ला बेग्लै भूमिका र जिम्मेवारी रहन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा संगठित अपराध सम्पन्न हुन्छ भन्ने व्याख्या यस मुद्दामा गरिएको छ । संगठित अपराधको प्रकृति र सामान्य अपराधसँग यसको फरक तथा विशेषताका सम्बन्धमा यस मुद्दामा सिद्धान्त कायम गरेको छ ।

### २.२ सूर्यमान पुन समेत वि.नेपाल सरकार[2]

दुर्लभ वन्यजन्तु गैडा मारी खाग तस्करी गरेको अभियोग सम्बन्धी यस मुद्दामा वारदातको प्रकृति र कसूरदारको प्रवृत्ति हेर्दा दुर्लभ एकसिंगे गैंडा मारी त्यसको खाग तस्करी गर्ने उद्धेश्यले एक भन्दा बढी अभियुक्तहरूले आपसमा सल्लाह गरी योजना बनाई नियोजित रूपमा अपराध घटाएको देखिएको भन्दै दुर्लभ तथा संरक्षित वन्यजन्तुको रूपमा निषेधित रहेको एकसिंगे गैंडा मार्ने र त्यसको खाग बिक्री गर्ने समेतको आपराधिक कार्यमा अभियुक्तहरूको संगठित समूह संलग्न भएकोले यस्तो वारदात संगठित अपराधको एउटा कडीको रूपमा देखिएको भन्ने व्याख्या गरिएको छ । संगठित अपराधमा संलग्न व्यक्तिहरूले कसूरबाट हासिल गर्न चाहेको उद्धेश्य र असरका आधारमा हेर्नु र सजाय निर्धारण गर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुन्छ । दुर्लभ एवं संरक्षित एकसिंगे गैंडा मारी खाग काटी लगी बिक्री गर्ने र रकम बाँडी खाने कसूर अपराधमा हदैसम्मको सजाय गर्दा न्यायिक तजविजी अधिकारको अन्यथा प्रयोग भएको मान्नुपर्ने अवस्था नदेखिने न्यायिक दृष्टिकोण राखेको छ ।

१. ने.का.प २०६७ अंक २ नि.न. ८३२१

२. ने.का.प. २०६९ अंक ३ नि.न. ८७८४

**२.३ नेपाल सरकार वि. ओमबहादुर राना समेत[३]**

यस मुद्दामा गैंडाको खाग बिक्री गर्ने सिलसिलामा भएको घटनाक्रम क्रमबद्धरूपमा चित्रण गरी अभियुक्तहरूले आ-आफ्नो संलग्नता देखाई बयान गरेको, एक अभियुक्तले अर्को अभियुक्तसँगको सम्बन्ध र संलग्नता देखाई गैडाको खाग बिक्री गर्ने कुरा गरी सबै अभियुक्त भेला भई गैडाको खाग किनबेच गरी रकम बाँडेको अवस्थालाई अदालतले चित्रण गर्दै यसमा संलग्न व्यक्तिको भूमिका र योजनाबद्ध रूपमा खाग बिक्री गरेको तथ्यले यसको जालो र संगठित रूपलाई उजागर गर्दछ भन्ने दृष्टिकोण राखेको देखिन्छ ।

**२.४ गोमा पाँचकोटी वि नेपाल सरकार[४]**

मानव बेचविखन सम्बन्धी यस मुद्दामा सर्वोच्च अदालतले सङ्गिन प्रकृतिका फौजदारी अपराधमा पीडितले समाजमा बेहोर्न पर्ने क्षति, अपराधबाट समाजलाई पुग्न जाने असर तथा अपराधलाई निरूत्साहित गर्न राज्यले निर्वाह गर्नपर्ने नियन्त्रणकारी भूमिका समेतलाई मध्यनजर गरी प्रमाणको भार आरोपितलाई नै सार्ने गरी कठोर कानूनी व्यवस्था गर्नु परेको हुन्छ भनेको छ। अपराधमा सलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध योजनाबद्ध एव सङ्गठित तरिकाले गर्न सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको सग्लनतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आंकलन गरेर विधायिकाले यस्तो कानूनको निर्माण गरेको हो भन्ने व्याख्या गरेको छ। मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ मा गरिएको प्रमाणको भार प्रतिवादीमा रहने व्यवस्थाका सम्बन्धमा अदालतले संगठित अपराध नियन्त्रण र निरूत्साहित गर्न राज्यले विशेष प्रकारको कानूनी व्यवस्था गर्न सक्ने मान्यता स्वीकार गरेको छ ।

**२.५ राम बहादुर गुरूङ्ग वि नेपाल सरकार [५]**

लागुऔषध सम्बन्धी यस मुद्दामा सङ्गठित अपराधको प्रकृति र स्वरूपका सम्बन्धमा अदालतले व्याख्या गरेको पाईन्छ । सङ्गठित रूपमा गरिने अपराधमा दुई भन्दा बढी व्यक्तिहरूको व्यक्तिगत सम्बन्धका आधारमा श्रेणीबद्ध रूपले अपराधमा संलग्न भई यस्ता अपराध हुने गर्दछन् । आपराधिक कार्यमा संलग्न भएका व्यक्तिहरूको मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त गर्न सामूहिक उद्धेश्य

३. नेकाप २०६९ अंक ११, नि.नं. ८९११ (पूर्ण इजलास)
४. नेकाप २०७२ अकं १ नि न ९३३३
५. नेकाप २०७२ अंक ८ नि.नं ९४५३

रहन्छ । साथै यस्ता प्रकृतिका अपराधमा कसैलाई क्षति पुऱ्याउने वा हानी नोक्सानी गर्ने उद्धेश्य भन्दा पनि आपराधिक लाभ प्राप्त गर्ने योजनासाथ सम्पन्न भएका हुन्छन् । लागुऔषधको ओसारपसार र कारोबार कुनै एक व्यक्ति विशेषको प्रयासबाट मात्र सम्पन्न हुने नभई लागुऔषध सञ्चयकर्ता खरिदकर्ता ओसारपसार गर्ने र बिक्री वितरणको व्यवस्था मिलाउने व्यक्तिसम्मको सङ्गठित समूहबाट सम्पन्न हुने गर्दछ । यस्ता किसिमका अपराधबाट पर्याप्त मुनाफा गर्न सकिने भएको हुनाले सङ्गठित अपराधिक समूहले यस्तो प्रकृतिको अपराध गरी रहेका हुन्छन्।

**२.६ युनिस अन्सारी वि.नेपाल सरकार २०७३ सालको फौ.पु.नं. १६१४ फैसला मितिः २०७६।११।०९**

नक्कली मुद्राको अवैध कारोबार सम्बन्धी यस मुद्दामा सर्वोच्च अदालतले संगठित अपराधमा आपराधिक समूहको संलग्नता विद्यमान हुनुपर्ने भन्दै योजनाबद्ध रूपमा खुला सिमानाको फाईदा उठाई कारोबार गरेको कार्य संगठित अपराध हुने भनेको छ । संगठित अपराधमा सबै अभियुक्तको समान भूमिका नरहने र फरक फरक व्यक्तिको फरक र योजनाबद्ध भूमिकाबाट संगठित अपराध सम्पन्न हुने व्याख्या भएको छ ।

**४.७ तेजेन्द्र न्यौपाने वि. नेपाल सरकार ने.का.प.२०७७ अंक २ नि.नं १०४३६**

यस मुद्दामा संगठित अपराधमा म्याद थप भई अनुसन्धान भएकोमा सो तर्फ मुद्दा नचले पनि उक्त कार्य बदर नहुने र असल नियतबाट गर्दै जाँदा कसूर गरेको देखिन नआएमा अदालतबाट म्याद थप गरी अनुसन्धान गरेको कार्य गैरकानूनी नहुने व्याख्या भएको छ ।

सर्वोच्च अदालतबाट उल्लिखित मुद्दामा गरिएको व्याख्याका आधारमा संगठित अपराधको प्रकृति सामान्य अपराध भन्दा फरक हुने, योजनाबद्ध र नियोजित रूपमा संगठित समूहको संलग्नतामा अपराध घटित गराउने, यस्तो अपराधमा कसूर गर्ने समूहको उद्धेश्य र असरका आधारमा संगठित अपराधलाई हेर्नुपर्ने देखिन्छ । संगठित रूपमा गरिएका कसूरमा सजाय निर्धारण गर्दा पनि सोही रूपमा हेर्नुपर्ने धारणा विकास गरेको पाईन्छ । दुर्लभ वन्यजन्तु खासगरी गैंडा, बाघ, कस्तुरी मृग र हात्ती लगायत संरक्षित वन्यजन्तुसँग सम्बन्धित कसूर गर्ने व्यक्ति र तीनका अंग बिक्री गरी लाभ लिने कार्यमा संलग्न व्यक्तिको योजना र हुसल गर्न खोजेको उद्धेश्यका आधारमा गम्भिर र संगठित प्रकृतिको अपराधको रूपमा हेर्नुपर्ने न्यायिक दृष्टिकोण रहेको देखिन्छ । यसैगरी योजनाबद्ध रूपमा आर्थिक लाभका लागि सिमा बाहिर लगी वा ल्याई गरिने मानव बेचविखन लागू औषध नक्कली

मुद्राको कारोबार गर्ने जस्ता कसूर संगठित अपराधका रूपमा नै हेर्नुपर्ने न्यायिक दृष्टिकोण रहेको देखिन्छ ।

## ३. निष्कर्ष

सङ्गठित र श्रेणीबद्ध रूपले मुनाफा आर्जन गर्ने वा प्रतिफल प्राप्त गर्ने सामूहिक उद्धेश्य राखी नियोजित र योजनाबद्ध रूपमा गरिने अपराधको रूपमा संगठित अपराधलाई चिनिन्छ । यस्तो अपराधमा संलग्न भएका व्यक्तिहरूको भूमिका र जिम्मेवारी फरक फरक रहन्छ। मूलतः लागुऔषध, मानव बेचविखन, नक्कली मुद्राको तस्करी, हातहतियार खरिद बिक्री, वन्यजन्तु सम्बन्धी अपराध संगठित र अन्तरदेशीय रूपमा गर्ने प्रवृत्ति रहेको देखिएको छ। यस्ता अपराध आर्थिक लाभ र मुनाफाका लागि गरिने गम्भीर र संगठित प्रकृतिका अपराध हुन । यस्ता अपराधमा संगठित आपराधिक समूह नै स्वयं संलग्न रहने वा संगठित रूपमा रहेका संजाल मार्फत कार्य गर्ने गरेको देखिन्छ । नेपालमा संगठित अपराधलाई नियन्त्रण र निवारण गर्न संगठित अपराध निवारण ऐन कार्यान्वयनमा आएको छ। यसले संगठित रूपमा हुने अन्तरदेशीय र सिमाबिहिन अपराधको अनुसन्धान र अभियोजन तथा न्यायिक कारबाहीमा नयाँ र कठोर व्यवस्था गरेको छ । वास्तवमा परम्परागत शैली र प्रकृयाबाट यस्ता अपराध नियन्त्रण हुन सक्तैन । यस्ता अपराधको नियन्त्रण गर्न प्रभावकारी अनुसन्धान गर्न विशेष प्रकारको विधि र प्रकृया आवश्यक हुन्छ । यी प्रकृया र विधिको प्रयोग र अवलम्बन गर्न सोही अनुसारको जनशक्ति र श्रोत साधनको आवश्यकता पर्दछ । यो अपराधको संगठित स्वरूपलाई उजागर गर्नसकेमा नै अपराधको गहिराईसम्म पुग्न र अभियुक्तलाई कानूनी दायरामा ल्याउन सकिन्छ । संगठित अपराध सम्बन्धी कसूरको अनुसन्धान कारबाही गर्ने अधिकार नेपाल प्रहरीलाई रहेको छ भने मुद्दा हेर्ने अधिकार क्षेत्र जिल्ला अदालतलाई रहने व्यवस्था छ। यस्ता अपराधको अनुसन्धान गर्ने अलग र दक्ष अनुसन्धानकर्ता आवश्यक हुन्छ भने अनुसन्धानकर्तालाई साधन, स्रोतको पर्याप्त व्यवस्था गर्न आवश्यक छ । यसका अलावा सरोकारवालाहरू निकायहरू बिच यो अपराध नियन्त्रणका लागि समन्वय र सहकार्य र ठोस रणनीतिको आवश्यकता देखिन्छ । अन्तरदेशिय र सीमाविहिन प्रकृतिको अपराध भएकाले राज्यहरूबीच सहकार्य र समन्वय हुन आवश्यक छ । पारस्परिक कानूनी सहायता आदानप्रदान, सपुर्दगी, संयुक्त अनुसन्धान गर्ने कुराले पनि राष्ट्रहरू बीच सहयोग पुग्दछ । अदालतले गरेका व्याख्या र दृष्टिकोणले राज्यको संगठित अपराधको अनुसन्धान र अभियोजनको अवस्थालाई प्रष्ट गर्दछ ।

अदालतको व्याख्यालाई कानून कार्यान्वयन गर्ने तथा अभियोजन गर्ने निकायका लागि सुधारको आधार समेत बन्न सक्दछ । ♦♦♦

कविता

# आफूलाई चिन्दा



✍ रामकुमार पण्डित क्षेत्री

अरूलाई चिन्न हतपताउने आँखाले
आफैंलाई चिन्न गाह्रो मान्दो रहेछ धेरै

मभित्र जमेको क्लेशको मयल,
मभित्र थुप्रिएको द्वैषको फोहोर,
मभित्र रहेको राग, इर्ष्या, रिसको पोको,
घमण्डले जमेको रछ्यान आदिलाई
मनको मूलबाट पलाएको
निर्मल जलले धोएर सफा पार्न
कति गाह्रो !

आफैभित्र फोहोर जमेसम्म
हेर्ने आँखाले अरूलाई फोहोरी नै देख्दो रहेछ
जीवन जिउने कलामा
पाप कर्मलाई फलिफाप ठानेर
घरैभरि फोहोर कर्मले कमाएको
आर्जन जम्मा गर्न
उद्यत हुँदोरहेछ मन

प्रेम, शान्ति, आनन्दले
मनको घडा भर्न
मनको तलाउमा जमेको
फोहोर निकालेर खालि गनुपर्ने
ओहो ! कति गाह्रो !
सदाचार र सतसँगको
साबुनले सधैंसधैं मन भिज्नेगरी
नुहाउँदानुहाउँदा पनि
कटकटी जमेको कुत्सित मयल
पखालिन वर्षौं लाग्ने रहेछ

मलाई थाहा छ,
जुन दिन चित्त सङ्लिन्छ
त्यसदिन
मनभरि सुन्दर लालीगुराँस फक्रनेछ,
छातीभरि बुद्धको
ओम् शान्तिको ध्वनी गुञ्जनेछ,
मुना र मदनकोजस्तै
चोखो प्रेम पलाउनेछ,
जीवन जिउने कलामा
आफूलाई चिनेर
चित्त शुद्ध हुँदा
सगरमाथाको शिखरमै पुग्नेछ
प्रेम, शान्ति र आनन्दमय जीवन
सृष्टिका सारा रचनाहरूमा
आफ्नै आँखामा
युधिष्ठिरकोजस्तै नजर जोडिएर
देखिने छ सकारात्मक नजराना ।

# दण्डका सिद्धान्त



✍ सहन्यायाधिवक्ता
सोमकान्ता भण्डारी [०]

## १. दण्डको परिभाषा

दण्ड न्यायिक निकायले दोषी ठहऱ्याएका व्यक्तिलाई कष्ट वा पीडा दिने कार्य हो । समाजलाई नियमन र नियन्त्रण गर्ने सन्दर्भमा सबै प्रकृतिका कानून, नैतिकता, स्थापित मूल्य, मान्यता र प्रथा आदि सान्दर्भिक भए पनि समाज नियन्त्रणको अन्तिम अस्त्र दण्ड नै हो ।[1] अपराध गर्नेलाई कुनै प्रकारले शारीरिक, मानसिक वा आर्थिक यातना वा दुःख भोग्न लगाउनु नै दण्ड हो ।[2] दण्ड अपराधसंग सम्बन्धित हुन्छ, विना अपराध दण्ड दिन सकिदैन । अपराधको सम्बन्ध समाजसँग रहे पनि दण्ड प्रदान गर्ने अधिकार भने राज्यसँग मात्र रहन्छ । आजको समयमा अपराध विनाको समाज र दण्ड विनाको राज्य कल्पना गर्न पनि सकिदैन । कुनै क्रियाकलापलाई समाज र राज्यले हेर्ने दृष्टिकोणमा दण्डको प्रकृति र मात्रा प्रतिबिम्बित भएको हुन्छ । यो समय अनुसार घटबढ पनि भईरहेको हुन्छ । विश्वव्यापीकरणको प्रभावसँगै अन्तर्राष्ट्रियस्तरमा स्वीकारेका अपराधलाई समेत राज्यले आन्तरिकीकरण गर्ने प्रचलन बढेको छ । आज संसारमा विभिन्न किसिमका दण्ड प्रणाली प्रयोग भईसकेको भएता पनि सबैतिर एकरूपताका साथ प्रयोगमा छैनन् ।

## २.दण्ड सजायको उद्देश्य

दण्डको मुख्य उद्धेश्य भनेको दण्डको माध्यमबाट अपराधको रोकथाम गर्नु, शान्तिपूर्ण र सुरक्षित समाज

---

[०]सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं ।

१. कानून, अंक ७२, कानून व्यवसायी क्लब, काठमाडौं, पृ. २८ ।

२. शान्ति वि.क. वि. नेपाल सरकार, नेकाप २०६१, अंक ६, नि.नं. ७३९९ ।

३. Andrew Ashworth. (2005).Sentencing and Criminal Justice. (4th ed.) . Cambridge University Press, Cambridge p.67.

निर्माण गर्नु, कानूनको सम्मान गर्नु र न्यायपूर्ण व्यवस्था गर्नु आदि हुन्छ । सर्वसाधारणको हित र सदाचार कायम गर्नको लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्नु पनि यसको उद्धेश्य रहेको हुन्छ । Andrew Ashworth दण्डका सम्बन्धमा लेख्छन्ः

'It is important to distinguish the aims of the criminal justice system from the aims of sentencing, which merely relate to one element. The system encompasses a whole series of stages and decisions, from the initial investigation of crime, through the various pre-trial processes, the provisions of the criminal law, the trial, the forms of punishment, and then post-sentence decisions concerned with, for example, supervision, release from custody and recall procedures. It would hardly be possible to formulate a single meaningful 'aim of the criminal justice system' which applied to every stage.[३]

जोन च्याम्पियनका अनुसार दण्डको उद्धेश्यहरू कठोर सजाय गर्नु, ( Retribution), हतोत्साह गर्नु र रोकथाम गर्नु (Deterrence and Prevention),उचित र न्यायोचित सजाय गर्नु (Just Deserts and Justice), असक्षमता कायम गर्नु र नियन्त्रण गर्नु (incapacitation and control), पुनर्स्थापना र सामाजिकीकरण गर्नु (rehabilitation and reintegration) रहेको उल्लेख गरेका छन् ।[४]

दण्ड सजाय भनेको अपराध र अपराधी प्रति समाजले व्यक्त गर्ने प्रतिक्रिया हो । यसैले यसका उद्धेश्यहरू समाज सापेक्ष हुन्छन् । अमुक समाजमा विद्यमान अमुक अपराध प्रतिको धारणा, अपराधी प्रतिको दृष्टिकोण, सामाजिक मूल्य र मान्यता आदिका आधारमा सजायका उद्धेश्यहरू पनि समय र स्थान विशेषमा फरक फरक

४. Dean John Champion. (2007). Sentencing: A Reference Handbook. Contemporary World Issues, Abc–Clio, Santa Barbara, California, p. 4

५. रा.न्या.प्र. (२०७०), फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०६७, दफाबार व्याख्यात्मक टिप्पणी, हरिहरभवन, ललितपुर : राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल, पृ. २५ ।

हुन सक्दछन् ।[५] विद्वान साल्मण्डले "सजायको उद्धेश्य भविष्यका सम्भाव्य अपराधीहरूलाई अपराध गर्नबाट दुरूत्साहन गरेर, वास्तविक अपराधीलाई पुनः थप अपराध गर्नबाट रोकथाम गरेर र निजलाई सुधारेर कानूनको पालन गर्ने नागरिकको रूपमा रूपान्तरण गरेर समाजको संरक्षण गर्नु हो" भनेका छन् ।[६] त्यसैले सजायका उद्धेश्यहरू राज्यको सजाय नीतिमा आधारित हुन्छन् र अदालतले कुनै कसूरदारलाई सजाय निर्धारण गर्दा राज्यले राखेका यी उद्धेश्यहरू हासिल हुने दृष्टिकोण अपनाउनु पर्ने अपेक्षा राखिन्छ । यही मान्यतामा आधारित भएर धेरैजसो देशमा सजायका उद्धेश्यहरू त्यहाँको फौजदारी कानूनमा स्पष्ट उल्लेख गरिएका हुन्छन् र सजाय निर्धारण गर्दा अदालतले यी उद्धेश्यहरूलाई ध्यानमा राख्नुपर्ने व्यवस्था गरिएको हुन्छ ।[७] नेपालमा पहिलो पल्ट "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वियन) ऐन, २०७४ को दफा १३ मा अदालतले सजाय निर्धारण गर्दा देहायका कुनै वा सबै उद्धेश्यलाई विचार गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरेको छ :

**(क)** कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई हतोत्साहित गर्ने,
**(ख)** समाज वा समुदायलाई सुरक्षा गर्ने,
**(ग)** पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने,
**(घ)** कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने,
**(ङ)** कसूरदारलाई समाजबाट अलग राख्ने,
**(च)** कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउने,
**(छ)** कानूनद्वारा निषेधित आचरणको निन्दा गर्ने ।

यसैगरी दफा १५ मा सजाय निर्धारणका आधारहरू उल्लेख गरिएको छ । ती आधारहरू निम्मानुसार रहेका छन्ः

**(क)** कसूरको गम्भीरता र कसूरदारको दोषको मात्रा,
**(ख)** कसूर गर्दाको परिस्थिति,
**(ग)** कसूरको गम्भीरता बढाउने वा

६. P. J. Fitzerald, Salmond on Jurisprudence, p 94, Sweet & Maxwell, London (1985)

७. हेर्नुहोस बेलायतको फौजदारी न्याय ऐन, २००३ (Criminal Justice Act, 2003) को दफा १४२, न्यूजिल्याण्डको सजाय ऐन, २००२ (Sentencing Act, 2002) को दफा ७, Australian Capital Territory sf] Crimes (Sentencing) Act, 2005 को दफा ७ ।

घटाउने अवस्थाहरू,

**(घ)** कसूरदारको आचरण र विगतको क्रियाकलाप,

**(ङ)** दफा १३ मा उल्लिखित सजायको उद्धेश्य ।

## ३. दण्डका सिद्धान्तहरू

संसारका सबै मुलुकमा एकै किसिमको दण्ड प्रणाली लागू भएका छैनन् । एकै किसिमको दण्ड प्रणाली नहुनुको कारण दण्ड प्रणाली पनि अपराध जस्तै समय र स्थान सापेक्ष हुनाले नै हो[८] । एकै देशमा पनि फरक फरक दण्ड प्रणाली संचालित भएको हुन्छ । फौजदारी न्याय प्रशासनको परिवर्तनसँगै दण्डको प्रयोगमा भिन्नता हुने गर्दछ । प्रचलित दण्डका मुख्य सिद्धान्तहरू देहाय बमोजिम छन् ।

### ३.१ प्रतिकारात्मक सिद्धान्त

"जस्तालाई त्यस्तै" भन्ने उखानसँग मिल्ने यस सिद्धान्तमा अपराधीले जुन प्रकृतिको गैरकानूनी कार्य गरेको छ सोही प्रकृतिको दण्ड दिने अवधारणा बोक्ने सिद्धान्त हो । यसको मूल उद्धेश्य आफूलाई परेको पीर, मर्का, चोट, हानिको बदला लिनु हो । यो सजायको मान्यता पिडकले पीडितलाई जति पीडा, चोट, हानि दिएको छ पीडकलाई पनि सोही अनुरूप नै वा त्यत्ति नै पीडा दिनु पर्दछ भन्ने नै हो । यस सिद्धान्त अनुसार पीडित पक्षले जस्तो दुःख कष्ट भोग्दछ, त्यस्तै दुःख कष्ट अपराधीलाई भोगाएपछि मात्र न्यायको तराजु सन्तुलित हुन्छ ।[९] यस सिद्धान्तले अपराधी सुध्रन सक्ने कुरामा विश्वास गर्दैन र दण्डलाई दण्डकै निमित्त मानेको छ ।[१०] यो सिद्धान्त मानव अधिकार प्रतिकूल भएको र अमानवीय प्रकृतिको भएको भन्दै फौजदारी न्याय प्रशासनमा अवलम्बन गर्न उपयुक्त मानिदैन । हाम्रो हालको फौजदारी कानूनमा यस सिद्धान्तलाई अंगीकार गरिएको छैन ।

### ३.२ हतोत्साहको सिद्धान्त

यो अपराध गर्नेलाई दण्डको व्यवस्थाले भय वा त्रास पैदा गर्ने तथा अपराधीलाई दिएको सजाय देखि अन्य व्यक्तिबाट अपराध गर्ने कार्य रोक्ने सिद्धान्त हो । यसले अपराध गर्न निरूत्साहित गर्ने वा भय, त्रास पैदा गराउने कार्य गर्दछ । अपराध

८. सम्पादक श्यामकुमार भट्टराई, न्याय प्रशासनका आयामहरू, सोपान मासिक, २०६१ पृ. ७५४ ।

९. महेश शर्मा पौडेल, सजायको सुधारात्मक पक्ष र नेपाल कानूनको व्यवस्था, पैरवी ल जर्नल, पैरवी बुक हाउस प्रा.लि., २०७५, पृ. ४८ ।

१० माधवप्रसाद आचार्य, अपराधशास्त्र, रत्न पुस्तक भण्डारः काठमाडौं, (२०६७), पृ. १०५ ।

नियन्त्रणको अचुक औषधि भनेको सजाय हो । सजायको माध्यमबाट नै समाजमा अपराध नियन्त्रण गर्न सकिन्छ । सजायको डर देखाई वा अपराध गर्नेलाई सजाय गरी सो सजाय देखि अपराधलाई नियन्त्रण गर्न सकिन्छ भन्ने सजायको हतोत्साहको सिद्धान्त हो । यस सिद्धान्तले अपराधमा संलग्न हुँदा हानि र फाइदाको लेखाजोखा गरी लाभभन्दा हानि हुने ठान्दछ भने अपराध गर्नबाट हतोत्साही हुन्छ भन्ने मान्यताका आधारमा दण्ड दिइन्छ भन्ने मान्दछ ।[११] सजायबाट अपराध गर्नेलाई अपराध गरेमा सजाय हुन्छ भन्ने भय वा त्रास पैदा भई अपराधीलाई दिएको सजाय देखि अन्य व्यक्तिलाई पनि अपराध गर्नबाट रोक्ने सिद्धान्त नै हतोत्साहको सिद्धान्त हो ।[१२] विद्वान साल्मण्डका अनुसार सजायको उद्धेश्य भविष्यका सम्भाव्य अपराधीहरूलाई अपराध गर्नबाट दुरूत्साहन गरेर, वास्तविक अपराधीलाई पुनः थप अपराध गर्नबाट रोकथाम गरेर र निजलाई सुधारेर कानूनको पालन गर्ने नागरिकको रूपमा रूपान्तरण गरेर समाजको संरक्षण गर्नु हो ।[१३] यो सजायको सिद्धान्तको उद्धेश्य भयको मनोविज्ञान र सुखवादी दर्शनमा आधारित छ । यस सिद्धान्तले सजायको कठोरता र त्यसको डर देखाई अपराध गरिसकेका र अपराध गर्ने मनोवृत्ति भएका व्यक्तिहरूमा भय सिर्जना गर्दछ। यसबाट अपराध गरिसकेकाहरूले पुनः अपराध गर्नबाट र आपराधिक प्रवृत्ति भएका व्यक्तिहरू अपराधीले भोगेको सजायको सास्ती, पीडा र दुर्दशा देखेर अपराध गर्न हिच्किचाउँछन् । यसैले एक जना न्यायाधीशले भेडा चोरलाई सजाय सुनाउँदै भनेका थिए– "तिमीलाई भेडा चोरेका कारणले दण्डित गरेको होइन, बरू भविष्यमा अरूले भेडा चोर्ने साहस नगरून् भनेर दण्डित गरिएको हो ।[१४] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ को खण्ड (क) मा अदालतले सजाय निर्धारण गर्दा अन्य कुराका अतिरिक्त "कसूर गर्न कसूरदार वा अन्य व्यक्तिलाई

११. https://marisluste.files.wordpress.com/2010/11/deterrence-theory.pdf,
१२. पूर्वपाद टिप्पणी नं. ९, पृ. ४९ ।
१३. P. J. Fitzerald, Salmond on Jurisprudence, p 94, Sweet & Maxwell, London (1985)
१४.डा. हरिवंश त्रिपाठी, सजाय निर्धारण सम्बन्धी नीतिः सिद्धान्त, अभ्यास र सुधारको आवश्यकता, राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०६७) पृष्ठ १७, राष्ट्रिय न्यायिक प्रतिष्ठान (२०६७) ।

हतोत्साहित गर्ने" उद्धेश्य लिनु पर्ने कानूनी व्यवस्था गरिएको छ ।

### ३.३ सुधारात्मक सिद्धान्त

अपराध गर्ने व्यक्ति मानिस नै हो । अपराध समाजको नै सिर्जना हो । अपराध विभिन्न कारणबाट हुन पुग्दछ । अन्जानवश, आवश्यकता, भूल, परिस्थिति आदिबाट पनि हुन सक्छ । अतः अपराधीलाई रोगीको रूपमा हेरी चिकित्सकले बिरामी निको पारे जस्तै अपराधीलाई उपचार मार्फत सबल, सक्षम र योग्य व्यक्तिमा रूपान्तरण गर्ने आधुनिक धारणा हो । यसले कडा सजाय भन्दा अपराधीलाई अनुशासित, नैतिकवान बनाई सामाजिकीकरण, पुनर्स्थापनाको अवधारणा बोकेको छ । कुनै व्यक्ति जन्मसिद्ध अपराधी हुँदैन र उसलाई अपराधी बनाउनको लागि सामाजिक तत्वहरू, परिवेश र परिस्थितिले भूमिका निर्वाह गरेको हुन्छ । अपराधीलाई हैन, अपराध हुनका कारण पहिचान गरी त्यस्ता कारक तत्वहरूलाई नियन्त्रण गर्न सकेमा अपराध आफैमा निर्मूल हुन्छ ।[१५] अपराधीलाई होइन अपराधलाई घृणा गर्नुपर्छ र अपराधीलाई होइन, अपराधलाई समाप्त पार्नु पर्दछ भन्ने पनि यसले मान्यता राख्दछ ।[१६] अपराधीलाई सामाजिक रोगीको रूपमा हेरी चिकित्सकले बिरामी निको पारे जस्तै अपराधीलाई उपचार मार्फत सबल, सक्षम, अनुशासित, नैतिकवान बनाई त्यस्तो अपराध गर्ने व्यक्तिलाई सामाजिकीकरण र पुनर्स्थापना गर्दै समाजमा पुनर्स्थापित हुन सक्ने योग्य व्यक्तिमा रूपान्तरण गर्नु पर्दछ भन्ने यस सिद्धान्तको मान्यता हो ।[१७]

यस सिद्धान्तका अनुसार अपराधीलाई कैदमा राख्ने भन्दा कैदका विकल्पहरूको अवलम्बन गरी अपराधीलाई सामाजिकीकरण गर्नु पर्ने पर्दछ । यस सिद्धान्तका कारण परम्परागत फौजदारी न्यायप्रणालीको मुख्य केन्द्र बिन्दुमा रहेको कैदका विकल्पहरूको प्रयोग भएको पाइन्छ । राज्यको उद्धेश्य अपराधीलाई कैदमा राख्नु मात्र नभई योग्य नागरिक बनाउनु पनि हो । उसलाई सुधार गरी समाजमा

१५. Subhash C. Gupta, 'Capital Punishment in India', 1980, Deep & Deep Publications, New Delhi.

१६. पूर्वपाद टिप्पणी नं. ९, पृ. ५० ।

१७ http://ijsard.org/wp-content/uploads/2017/011/THEORIES-OF-PUNISHMENT-WITH-SPECIAL-REFERENCE-TO-PREVENTIVE-REFORMATIVE-THEORIES-By-Mohd-Imrancompilation-volume-3-issue-2.pdf.

पुनर्स्थापना गर्नु पर्दछ भन्ने मान्यता यस सिद्धान्तले बोक्दछ । अपराधीलाई कैदमा राख्ने कार्य खर्चिलो रहेको छ । फौजदारी न्याय प्रणालीमा लामो समय अवलम्बन गरिएको काराबासको सजायबाट पनि यसको प्रभावकारिता राम्रो नदेखिएको हुँदा सुधारात्मक सिद्धान्त विकसित भएको हो ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३ को खण्ड (घ) मा सजायको उद्धेश्यहरू अन्तर्गत "कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने" व्यवस्था गरी यस सिद्धान्तलाई अंगीकार गरिएको छ । साथै सो ऐनमा सामुदायिक सेवा, कैद सजाय निलम्बन गर्ने, सुधार गृहमा पठाउन सकिने, खुला कारागारमा राख्ने, प्यारोल र प्रोवेशन सम्बन्धी कानूनी व्यवस्थाका साथै दफा ३० मा सामाजिकीकरण सम्बन्धी व्यवस्था गरी यस सिद्धान्तलाई अवलम्बन गरेको देखिन्छ ।

### ३.४ निवाराणात्मक सिद्धान्त

अपराधीबाट थप अपराध हुन नदिन सजायबाट टाढा राख्ने वा थप अपराध गर्न नसक्ने अवस्था सिर्जना गर्ने अवधारणा यस सिद्धान्तले अँगाल्दछ । अपराध गर्ने व्यक्तिलाई समाजबाट अलग गरिएमा अपराध नियन्त्रण हुन्छ भन्ने मान्यता यस सिद्धान्तले गर्दछ । अपराध गर्ने व्यक्तिलाई समाजबाट अलग गर्न सकेमा ऊबाट अरू थप अपराध हुँदैन । अपराध गरी कैद दण्डको सजाय तोकी त्यस्तो सजाय कार्यान्वयन गराउन त्यस्ता व्यक्तिलाई कारागारमा राखिन्छ । अपराधीलाई कैदका लागि काराबासमा राखिने प्रचलन सबैभन्दा पुरानो हो । यसलाई कुनै न कुनै रूपमा सबै मुलुकमा अभ्यास गर्दै आएको पाइन्छ । नेपालमा आधुनिक रूपमा भने पहिलो कारागारको रूपमा वि.सं १९७१ मा सदर जेल निर्माण गरी अपराधीलाई कैदमा राख्ने अभ्यास गरिएको पाइन्छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ मा गम्भीर र जघन्य प्रकृतिका कसूरमा संलग्न अभियुक्तलाई मुद्धाको सुनुवाइको क्रममा नै थुनामा राखी मुद्धाको पुर्पक्ष गर्ने कानूनी व्यवस्था गरेको पाइन्छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा ४१ मा आजन्म कैद हुने व्यवस्था गरिएको छ । यसैगरी सो संहिता लगायत प्रचलित फौजदारी कानूनमा विभिन्न कसूरमा कसूरको गम्भीरता अनुसार कैद सजायको व्यवस्था गरिएको पाइन्छ । फौजदारी कानूनको कठोरतापूर्वक कार्यान्वयन गर्ने सन्दर्भमा यस सिद्धान्त अनुसार सजायको प्रबन्ध गरिन्छ । ♦

# ज्ञान प्राप्तिको प्रचलित प्रक्रिया



✍ पूर्व प्र.ना.म.नि.ई महेशसिंह कठायत

शास्त्रहरूमा ज्ञान प्राप्तिको आठ अन्तरंग साधन भनिएका छन् ।

(१) विवेक
(२) वैराग्य
(३) शमादिष्ट सम्पत्ति
(४) मुमुक्षुता
(५) श्रवण
(६) मनन
(६) निदिध्यासन
(८) तत्व पदार्थ संशोधन

सत् र असत्लाई अलग अलग जानु 'विवेक' भनिन्छ । सत् असत्लाई अलग अलग जाने र असत्को त्याग गर्नु अथवा संसारबाट विमुख हुनु "वैराग्य" हो । यसपछि शमादिष्ट सम्पत्ति आउदछ । मनलाई इन्द्रियहरूको विषयबाट हटाउनु 'शम' हो । इन्द्रियहरूलाई विषयहरूबाट हटाउनु 'दम' हो । ईश्वर, शास्त्र आदि माथि पूज्य भावपूर्वक प्रत्यक्ष भन्दा पनि बढी विश्वास गर्नु 'श्रद्धा' हो । वृत्तिहरूको संसारीक मामलाबाट हट्नु 'उपरति' हो । सर्दी-गर्मी आदि द्वन्द्वहरूलाई सहन तिनीहरूको उपेक्षा गर्नु 'तितिक्षा' हो । अन्तः करणमा शंकाहरू नै रहनु 'समाधान' हो । चौथो साधन हो मुमुक्षुता, संसारबाट छुट्ने इच्छा 'मुमुक्षुता' हो ।

मुमुक्षुता जाग्रत भएपछि साधक पदार्थहरू र कर्महरूको स्वरूपबाट त्याग गरेर ओजिय र ब्रह्मनिष्ठ गुरू कहाँ जान्छ । गुरू कहाँ निवास गरेर शास्त्रहरूलाई सुनेर तात्पर्यको निर्णय गर्नु तथा उसलाई धारण गर्न 'श्रवण' हो । श्रवणबाट प्रमाणगत संशय हट्दछ । परमात्म तन्द्राको युक्ति प्रयुक्तिहरूबाट चिन्तन गर्नु 'मनन' हो । मननबाट प्रमेयगत संशय हट्दछ । संसारको सत्तालाई मान्न र परमात्म तत्वको सत्तालाई नमान्न 'विपरीत भावना' भनिन्छ । विपरीत भावनालाई हटाउनु' निदिध्यासन' हो । प्राकृत पदार्थ मात्रबाट सम्बन्ध-विच्छेद हुनु र केवल एउटा चिन्मय तत्व शेष रहनु, यो' तत्व पदार्थ संशोधन' हो । यसैलाई तत्व-

साक्षात्कार भनिन्छ । तर जो संसारिक भोग र संग्रहमा लागेका छन् । यस्तो मानिसहरू द्वारा 'श्रवण' हुन्छ, शास्त्रहरूको 'मनन' हुन्छ, विषयहरूको, 'निदिध्यासन' हुन्छ, रूपैयाँहरूको र 'साक्षात्कार' हुन्छ दुःखहरूको ।

विचारपूर्वक हेर्ने हो भने यी सब साधनहरूको तात्पर्य हो 'असाधन' अर्थात असत्‌सँगको सम्बन्ध त्याग गर्नु । त्याग्य वस्तु आफ्नो लागि हुँदैन । तर त्यागको परिमाण (तत्व साक्षात्कार) आफ्नो लागि हुन्छ । द्रव्यमय यज्ञमा क्रिया तथा पदार्थको मुख्यता हुन्छ । अतः त्यो कारण सापेक्ष छ । ज्ञान यज्ञमा विवेक-विचारको मुख्यता हुन्छ । अतः यो कारण निरपेक्ष छ । यसकारण द्रव्यमय यज्ञ भन्दा ज्ञान यज्ञ श्रेष्ठ छ । ज्ञान यज्ञमा सम्पूर्ण क्रियाहरू र पदार्थहरूबाट सम्बन्ध विच्छेद भई हाल्दछ । अर्थात तत्वज्ञान भएपछि केही पनि गर्नु, जानु र पाउनु शेष रहदैन । किन कि एक परमात्मा तत्वको सत्ता बाहेक अन्य सत्ता नै रहदैन । तत्वज्ञान अथवा अज्ञानको नाम एक पटक हुन्छ । साथै सदाको लागि हुन्छ । यसको तात्पर्य हो, कि तत्वज्ञानको आवृत्ति हुँदैन । त्यो एक चोटी अनुभवमा आयो भन्ने सदा (सधैं) को लागि आउँदछ । किनकी जब अज्ञानको स्वतन्त्र सत्ता नै छैन भन्ने, फेरि अज्ञान कसरी हुन्छ । अतः नित्यनिवृत अज्ञानको नै निवृत्ति हुन्छ र नित्य प्राप्त तत्वको नै प्राप्ति हुन्छ ।

स्वयं (आत्मा) सत्तामात्र तथा बोध स्वरूप हो । बोधलाई अनादर गर्नाले, हामीले असत्‌लाई स्वीकार गरेयौं र असत्‌लाई स्वीकार गर्नाले अविवेक भयो । यसको तात्पर्य यो हो कि बोधबाट विमुख भएर हामीले असत्‌लाई सत्ता दियौं र असत्‌लाई सत्ता दिनाले विवेकको अनादर भयो । वास्तवमा बोधको अनादर गरिएको होईन, बरू अनादित्व देखिनै अनादर' भएको छ । यदि यस्तो मानौं कि हामीले बोधको अनादर गऱ्यौं त यसबाट यो सिद्ध हुन्छ कि पहिले बोधको आदर थियो । अतः अब आदर गरियो भन्ने त पुनः अनादर भईहाल्दछ । तर, बोध एक चोटी हुन्छ र सदाको लागि हुन्छ ।


तत्वज्ञान भईसके पछि, फेरि यो हुँदैन, किनकी वास्तवमा मोह छदै छैन । मेटिन्छ त्यही जो छदै छैन र भेटिन्छ त्यही, जो हुन्छ । जगत जीवको अन्तर्गत हुन्छ र जीव परमात्माको अन्तर्गत हुन्छ । यसै कारण मानिस (साधक) पहिला जगतलाई आफूमा देख्दछ । 'दृश्यस्यात्मनि' फेरि आफूलाई परमात्मा देख्दछ । 'अधो मयि' 'दृश्यस्यात्मनि'मा आत्मज्ञान (ज्ञान) हुन्छ र 'अधो मयि' मा परमात्माज्ञान

(विज्ञान) हुन्छ । आत्माज्ञानमा निजानन्द हुनेछ र परमात्माज्ञानमा परमानन्द हुन्छ । लौकिक निष्ठा (कर्मयोग तथा ज्ञानयोग) बाट आत्मज्ञानको अनुभव हुन्छ र अलौकिक निष्ठा (भक्तियोग) बाट परमात्मज्ञानको अनुभव हुन्छ ।

सब कुरा (चिज) भगवान नै हुनु हुन्छ 'यस प्रकार समग्रको ज्ञान 'परमात्म ज्ञान' हो । आत्मज्ञानबाट मुक्ति त हुन्छ तर सुक्ष्म अहमको गन्ध रहिरहन्छ । जसले गर्दा दार्शनिकहरूमा र उनीहरूको दर्शनहरूमा मतभेद रहन्छ । यदि सुक्ष्म अहम्को गन्ध भएन भन्ने फेरि मतभेद कहाँबाट आउछ ? तर परमात्मज्ञानबाट सुक्ष्म अहम्को गन्ध पनि हट्दैन र त्यसबाट पैदा हुनेवाला सम्पूर्ण दार्शनिक मतभेद समाप्त भई हाल्दछ । तात्पर्य यो भयो कि जबतक 'आत्मनि' छ, तबतक दार्शनिक मतभेद हुन्छ । जब 'वासुदेव 'सर्वम' को अनुभव भएपछि सबै मतभेद मेटिन्छन् । तब 'अधो मयि' भईहाल्दछ । 'अधो मयि' मा एउटा परमात्मा बाहेक अर्कै कुनै सत्ता रहदैन । ◆◆

कविता

# तामाङ सेलो, खेलोमा



✍ **डा. बमबहादुर थापा 'जिताली'**

तामाङ सेलो, खेलोमा  
मौलिक लय, मेलोमा  
डम्फुको ताल रन्कियो  
गाउँ र बेसी घन्कियो ।।

आमा र बाबा छन् घर  
छोरा र छोरी झन् पर  
बिछोड कल्ले गरायो ?  
माया र दया हरायो ।।

कुनै पनि दिनलाई  
थारो त राख्न हुँदैन  
दिन त थारो बसेमा  
युवाले चुली छुँदैन ।।

मानिस आदि कवि हो  
प्रकाश दिने रवि हो  
ज्ञानी र ध्यानी मान्छे हो  
मान्छे त दानी भान्छे हो ।।

लेकमा चौंरी चरेको  
बेसीमा धान फलेको  
देखेर, सेलो खेलेर  
बसेका हामी मिलेर ।।

नियात्रा

# बाइस पाटन र बाउन्न झोतीको खप्तड

दुई रात र तीन दिनको बास भो ! खप्तडमा बसुन्जेल अनौठो भइरह्यो । दिनभरि बसुम्-बसुम् हुन्थ्यो, रात परेपछि कहिले यो ठाउँ छोडुम्-छोडुम् लाग्थ्यो ।

'उज्यालो नहुँदै टाप ठोकिन्छ !' मनमा कुरा खेल्थे रात गहिरिँदै जाँदा ।

'बिहान होस् मात्र भागिन्छ याँबाट !' बुरूक-बुरूक हुन्थ्यो छाती ।

बिहानदेखिको लम्काइले झमक्क साँझमा खप्तड पुगेथेँ म । डोटी, अछाम र बाजुराबाट पनि खप्तड जाने बाटा रहेछन् । तर म पुगेको थिएँ- बझाङको चैनपुरबाट ।

वैशाखको पुछार, दुई हजार पचहत्तर साल ।

धेरै चोटि पुग्ने इच्छा, अनेक खेप जाने हुटहुटी, प्रशस्तै पल्टको प्रयत्न र मनग्गे चेष्टापछि म पुगेको थिएँ- खप्तड ।

झमक्क साँझमा खप्तड पुग्दा आँखाका नानी पनि चलेनन् । परेली पनि झिम्किएनन् । आँखा भित्रको ज्योति पनि हल्लिएन । एकोहोरो ढप्प, शान्त, चुपचाप र मौन-मौन भइरहे... भइरहे... ।



✍ **युवराज नयाँघरे**

'यो घोडा दाउने !' रामबहादुर थापाले पाटनको नाम चिनाए ।

ठूलो र आँखाले नछिचोल्ने पाटन टुप्लुकियो । घोडाका बथान थिए पाटनभरि । कति त घोडामाथि डोरी न लगाम-त्यत्तिकै जगर समातेर रल्लिइरहेथे । कति चैं घोडा वरिपरि हल्लिइरहेथे ।

साँझमा खप्तडको लेक औधी मायालु लाग्यो ।

पर-पर बादलको लर्कोले घेरिरहेथ्यो । हरिया जङ्गलले जतिसुकै बारबेर पारेको लाग्थ्यो । फाँटिला टार र विचित्र-विचित्रका पाटनले आँखाहरू ट्वाल्ल परेका परेकै भए । खुट्टा गाडिएका गाडिएकै भए । मनमा खुसी, आनन्द र उत्फुल्ल छचल्किरह्यो... छचल्किरह्यो... ।

अचम्म-अचम्मका थुम्काहरू

आइरहे । चिल्ला-चिल्ला थुम्काहरू खड्कुलामा चामल, पीठो वा माटो भरेर घोप्ट्याएजस्तो- औधी कलात्मक, साह्रै मनमोहक, ज्यादै लोभलाग्दा ।

बाटो पूर्वतिर थियो ।

ढुङ्गा छापेर हिँड्न सजिलो पारिएको थियो । देब्रे र दाहिनेतिर गजबका पुन्टे थुम्काहरू अग्लिएका थिए । भुइँभरि गलैंचा ओच्छ्याइए जसरी फुलेका थिए बुकी र अरू सेताम्मे फूलहरू ।

चिमाल फुलेर थुम्काहरू सिँगारिएका लाग्थे । स-साना सङ्ला नदी कुलकुलाइरहेका देखिन्थे । ढुङ्गाहरू पनि कलात्मक लाग्थे । ढुङ्गामा अनौठा रेखा, बुट्टा, रङ र आकारले छक्क परिरहेको थिएँ म ।

एउटा थुम्का र गोरेटो हिँडिनसक्दै फेरि बेग्लै खोंच र टार टुप्लुकिन्थे । पानी बेस्सरी ओइरिन खोजिरहेथ्यो ।

सेनाको ब्यारेक पुगी हामी दक्षिण पश्चिमको भिरालो भएर एकोहोरो समथर हिँडिरहेका थियौं । ख्वाप्पै अन्धकारले चारैतिरबाट छोपिरहेको थियो ।

'खप्परेश्वर, त्रिवेणी, सहस्रलिङ्ग, खुँडुली भुदिली माईका मठ र मन्दिर वरिपरि छन् ।'

थापा भट्याइरहेका छन् ।

प्रकृति नै ब्रम्हा, प्रकृति नै विष्णु र प्रकृति नै महेश्वर देखिरहेको छु म । यी अनौठा गुफा, निर्मल नदी, सुकिला थुम्कामा देउता देखिरहेको छु । यी अविचल टारहरू, यी स्वच्छ पाटनहरू र यी अलौकिक खोंचहरूमा देवी देखिरहेको छु । देवीदेउताहरू त सुन्दरतामा, उज्यालोमा, पवित्रतामा र निश्चलतामा भेटिँदा हुन् । यी सबै कुरा म अहिले खप्तडको लेकमा भेटिरहेको छु ।

'सितापाइला, केदारढुङ्गा, केदारधारा, दुर्गास्वरूपिणी माताका मन्दिर नि वरपरै छन् ।' थापाको भक्तिभाव अजय रूपमा पोखिइरहेको छ ।

म त चिसो हावा र स्याँठले लछारिएको छु । मास्तिरको आकाश नघोप्टियोस् भनेर खुट्टा फट्कारेको फट्कारेकै छु ।

'म चैं खप्तड दह, नागढुङ्गा, छिन्टे ढुङ्गा, रोटा चिल्टे, हरिनाचरी जान्छु-जान्छु !' यी ठाउँबारे दिउँसो लोखडामा पानी पिउँदा थापाले बताएथे । मेरो रहर जानेर थापा मख्ख परे ।

सँगै थिए मोतीराज । अरू साथीहरू कोही अघि हुन्थे । कोही परै बसेर सुसेला हालिरहेका हुन्थे । कोही पैताला घिसारिरहेका हुन्थे । हारजीत भइरहेको थियो- बाटो काट्ने र

बिसाउनेको ।

मेरा पाइलामा पाइला थपिरहेथे उनीहरू । तर यी सबैका पाइलालाई एउटै सुर, सास र शक्ति दिएका थिए पद्मराज जोशीले । जसको सुकिलो भावना, चोखो निम्तो र हार्दिक व्यवहारले तानेर म खप्तडको लेकमा खुट्टा लम्काइरहेको छु । छातीमा खुसी भरिरहेको छु । ओठमा उल्लास फुलाइरहेको छु ।

'त्रिवेणीधाम बास होला !' बाटामा थापा बोलिरहेका छन् ।

हामी लम्की-लम्की हिँडिरहेका छौं । हावा र सिरेटोले हिर्काउन छोडेको छैन । स्याँठभन्दा चाँडचाँडो दगुरेका छन् रगतका सिर्का । आँखाका हेराइ हावाको वेगभन्दा तीव्र भएर हेरिरहेका छन् । मुटुको धुकधुकीले सेरोफेरो पढिरहेका छन् छिटोछिटो ।

निकै तेर्छो लम्केपछि फाँटमा पुगियो । लस्करै तीनवटा धर्मशाला टुप्लुकिए । सबैभन्दा पूर्व र थाप्लामा रहेका टहरोमा हामी पसिनसक्दै असिना पानी बर्सियो गरङ-गरङ । लगातार पानी परिरह्यो । असिना बर्सिएर घुँडा-घुँडासम्म सेताम्मे भुइँ छुन पुग्यो ।

जाडो बेपत्तैले भयो ।

एउटै टहरोमा जोगी, सन्न्यासी, चिकित्सक, प्रहरी, कवि थुप्रेका थियौं । हार लाएर सुते पनि जाडो बेपत्तै भयो । मुटु र भुँडी दुवैमा पीडा थियो जाडो र भोकको । अरू शरीरका थकाइ र हैरानीको बह पोख्ने पो कसलाई !

आँखाको विष मारेर बिहान चारै बजे उठें म । चराको गायन र स्वरले आँखा चिम्लिरहन पाइनँ मैले ।

बिहानको खप्तड अद्भुत थियो । वरिपरिका थुम्का झन्-झन् चिल्ला थिए, सुकिला थिए र भरिला थिए । हरिया डाँडा झन् राम्रा, झन् अनौठा र झन् उत्पातका देखिएथे ।

घाम बढ्दै गएपछि खप्तडका पाटनमा गाई, भैंसी, घोडा र बोका बाख्राका बथान आउन थाले ।

म आगो तापिरहेको थिएँ । अघिल्लै दिनदेखि असिनपसिन बर्क बहादुर रोकाया टुप्लुकिए ।

'चरनका नियम छन् । बोकाबाख्राको २ रूपियाँ, घोडा र भैंसीको १० रूपियाँ तिर्नुपर्छ गाउँलेले मासिक ।' रोकायाले औंल्याए ।

घामले लुकामारी खेल्दो रहेछ खप्तडमा । कुइरोले नृत्य देखाउँदो रहेछ परीपरीको खप्तडमा । हावाले किसिम-किसिमको धुन सुसेल्दो रहेछ खप्तडमा । नीलो अकासले यी सबै पाटन, थुम्का र खोंचको अद्भुत संसार हेरेर आफैं-आफैं हरक्षण पग्लिइरहँदोरहेछ... ...... मग्न भइरहँदो रहेछ... कोमल भइरहँदो रहेछ... ।

एक-एक गर्दै साथीहरू दक्षिणको चेपतिर लागे । मैले पनि तिनको पाइला निहाल्दै गएँ । बाटाभरि गंगा दशहराको मेलाका लागि सेउला र काठे झुप्रा ठडिइरहेथे । ढुङ्गेनी चम्काले चुला बनिरहेथे । बडे-बडेमानका मूढा जोतेर आगो दन्किइरहेथे । मानिसहरू मेलामा हुने कमाइ र मजाको हिसाबकिताबमा व्यस्त थिए ।

एकोहोरो पश्चिम-दक्षिण भएर म तल नदी किनारमा पुगें । नदीको दोभानलाई त्रिवेणीधाम भनिँदोरहेछ । त्यहाँ २-३ वटा मन्दिर थिए । वरिपरि विचित्र-विचित्रका ठूला चट्टान र गुफाले त्रिवेणी अनौठो पनि लाग्थ्यो ।

जताततै मान्छेका खप्पड घोप्टेका लाग्थे । जतासुकै खपटैखपटा घोप्टिएका हुनाले यो ठाउँको नाउँ खप्तड भा' थियो कि-कुरा खेले मनमा ।

दिउँसोतिर थापासँग खप्तड दह गएँ म । सेनाको ब्यारेकबाट यसो पूर्व उत्तर भएर गएको गोरेटोबाट निकै लम्केपछि म दह पुगेथें । लेकको दह उल्काको थियो । कञ्चन पानी, सफा लहर र तरङ्गमा उम्लिएको चित्रले आँखासँग प्रश्नहरू गर्नै सकेनन् ।

म हृदय खन्याएर उभिइरहें... उभिइरहें... ।

फर्किंदा हत्ताजडी, गनाल्नो, चिराइतोका बिरूवा चिनाए थापाले । त्यस्तै सतुवा, रत्ताजडी, कटुस, अबिस, नग्रेबिस र कालकुट विषका पोथ्रा पनि पटक-पटक देखाए उनले ।

हामी फर्किंदा एकै पटक त्रिवेणी भएर आएछौं । त्यता घना वन थियो । उनले मलाई भोजपत्र, लोठ सल्लो, धुपी सल्लो, लेक सल्लो, निगालो, बाघबुट्टेका रूखहरू चिनाएथे ।

लेकमा मनै अचम्ममा पर्ने थुप्रै थुम्काका तह छन् । पाटनै पाटनको खात भने नि हुन्छ खप्तडलाई । थुम्कैथुम्का श्रृङ्खला भने नि हुन्छ खप्तडलाई । नदी नै नदीको गुजुल्टो भने नि हुन्छ खप्तडलाई ।

२२ पाटन, ५२ झोती (थुम्का) रहेछन् खप्तडमा ।

हामी अनौठा थुम्काहरू ओर्लेर तल झरेका थियौं । त्यहीं भेट भए हर्कबहादुर विष्ट ।

विष्टले बताए- '३६ दह छन् । ७० वटा नदी यहीं बग्छन् । बाह्र वटा गुफा पनि पुग्न सकिन्छ यहीं नै ।'

विष्टले हाते लट्ठीले चारै कुना देखाएर भने ।

खप्तड पाँच क्षेत्रमा बाँडिएको रहेछ । रहस्य, अचम्म र छक्क पर्छन् आँखा । त्यस्तै अनौठा र उदेक मानेर छातीमा नौलो कुतकुतीले लखेट्न छोड्दैन ।

त्यो राति झन् ठूलो असिना पानी बर्सियो । हावा र हुन्डरीले अकासमा थुप्रिएको असिना भुइँमा खसाले । राति अबेरसम्म असिना खसिरहे बरर्र बरर्र ।

'तपाईंहरू के गर्नु हुन्छ ?'

'म चैं खप्तड बाबाको आश्रमतिर लागें है !'

तेस्रो दिनको बिहानै मैले ताउरमाउर देखाएँ ।

साथीहरू सकेसम्म गुजुल्टिएर टहराभित्रै बसिरहन्थे । बाहिर निस्किहाले आगो ताप्ने वा खोकिलामा हात घुसारेर लेकाली हावा खाइरहेका भेटिन्थे । त्यै भएर मैले आफूलाई लागेको कुरा भन्दिएँ ।

'दाइ भीमलडी र भीमघट्टतिर जाने कि ?'

मोतीराज बम पल्लो कुनाबाट बोले ।

म जुत्ता कस्दै बाहिरिएँ । फेरि ढोकातिर मुन्टो छिराएर भनें-

'म बाबाको आश्रम पुग्छु । जाने भए बेर नगर्नु ।'

तलतिरै अल्याङतल्याङ गरिरहें म । केही समयमा साथीहरू नि आए । अनि खोलाको तीरैतीर सेनाको छाउनीतिर लाग्यौं । बाटामा सेनाका जवानहरू पाल, लट्ठी, चकटी र तन्ना बोकेर आइरहेका भेटिए ।

अघिल्लो दिनको असिना पानीमा धेरै जना तीर्थालु बेस्सरी चुटिएको त्यही सुनें मैले । कति त रातभरि निथाचूर्ण भिजेर एकलास जङ्गलमै बस्न पुगेका रहेछन् ।

बाटामा धाप, सिम र पोखरी खुबै भेटिए । थलथले टार नाघ्दै हामी गइरहेथ्यौं । कति ठाउँमा घाँसे चौर मासिएथे । आँखा नछिचोलिने टारमा पानीका दह भेटिन्थे ।

'हामी बाटो कसरी देखौंला भाइ ?'

मैले मोतीलाई भनें ।

हराइएला भन्दा पनि बेलामा आइएन भने बित्यास पर्ला । फेरि वन-वन भट्किएर हिंड्नु परे के गति होला ?

सेनाका जवानले आश्रम पुग्ने बाटो बताए पनि हामी अल्मलिइहाल्यौं । फेरि पाटनमा घाँस, हिलो र दबदबे दहले सजिलै बाटो पहिल्याउन सकिन्थ्यो ।

उत्तर-पश्चिमको थुम्का ठाडै उक्लिन लाग्दा नाम्ला र डोका बोकेका दुई जना युवतीहरू भेटिए ।

मोतीले भाका मिलाए ।

'बाटो देखाउने भए हिंड !'

तिनले थोरै आनाकानी गरे ।

घर फर्किनु पर्ने, गहुँ काट्न जानु पर्ने, अलमल गरे असिनापानीमा पर्नु पर्ने कुरा बताए ।

'बाटो देखाइ देऊ । बेलुका त्यस्तै परे यतै बस्नु । संसार अट्ने ठाउँमा तिमी दुई अट्न के गाह्रो ।'

बमले आत्मीयता पोखे ।

अनि उनीहरू हामीलाई बाटो देखाउन थाले । जङ्गलको बाटो छ घरी उकालो, घरी तेर्छो । घरी ओरालो र घरी तेर्पे । रातभरिको पानीले गोरेटो चिप्लो न चिप्लो छ ।

बूढा, पुराना रूख ठाउँ-ठाउँमा लडेका छन् ।

पश्चिम र उत्तरको सेपिलो डाँडोलाई राम्रैसँग फन्को मारेपछि हामी माथि थुम्कामा पुग्यौं । वरिपरि घना वन भए पनि आश्रम भए ठाउँमा खुल्ला टारजस्तो थियो ।

एउटा ठूलो घर अघिल्तिर हामी पुग्यौं ।

'यही हो खप्तड बाबाले ४२ वर्ष बसेको घर !'

काठैकाठको एक तले घर अघिल्तिर हामी पुग्दा आश्रम कुरूवाले बताए । रातो काठे बार थियो । बाहिरको वरण्डामा खप्तड बाबाको सालिक थियो । त्यहाँ मैले श्रद्धापूर्वक भाव चढाएँ, मन अर्पें र आफूलाई एक पटक बालक तुल्याएँ ।

सेतो कमेराले लिपेको घरमा माथि ढुङ्गाको छानो थियो । घर अघिल्तिर अनेकौं फूलहरू सुवास छर्न आतुर देखिन्थे । अलिक दक्षिणतिर सम्म टार थियो । त्यहाँ हेलिकप्टर ओराल्न मिल्ने सङ्केत दिइएको थियो ।

'वीरेन्द्र राजा आइरहन्थे !'

'खप्तड भनेर चिनाएकै स्वामी र राजाले हो !'

'अरूले खप्तडको नाममा आफूलाई बनाए, चिनाए !'

एक जना दाह्री र लट्टेवाल जोगीले भँडास पोखे । शायद हाम्रो हुलमा नेता वा ठालुको अनुहार कसैको हुँदो हो ।

आश्रम पुगेर झर्दा बाटो अर्कै परेछ । ओरालो र चिप्लो । निकै डराएर पाइला सार्नु पर्‍यो । अलिक तल आएपछि अर्को कुटी पनि भेटियो ।

तीन-चार जना साधुहरू धुनी बालेर बसिरहेथे ।

'यो एकलासमा के खान्छन् यी । न अन्नपात, न किन्ने ठाउँ छ ।'

'यति पवित्र हावा । यस्तो चोखो पानी, यी शुद्ध वनस्पति । यति खाएर त दीर्घायु होइन्छ ।'

धुनी फुकिरहेका जोगीले मेरा कुरा सुनेर भर्र बोले ।

मैले सुनें मात्र । जवाफ किलकिलेतिरै फर्काएँ ।

बाटाभरि खप्तड बाबाका अनेक किस्साहरू सम्झिएँ । विचार विज्ञान, धर्म विज्ञान जस्ता अमूल्य ग्रन्थका लेखक परमहंश सच्चिदानन्द

स्वामीले यसै आश्रममा २००५ सालदेखि २०५३ सालसम्म अध्ययन, चिन्तन र मननमा समय लगाएथे ।

हामी ओरालो झरेर तल केदार धारानिर आइपुग्दा विष्ट टुप्लुकिए । तिनले सुकी दह, बुकी दह, खप्तड दह, फापर दह, खापर दह पुगे जाती हुने बताए ।

'चुन्नुमुन्नु दह नि पुग्नु भएन ?'

विष्टले सोधी त हाले ।

सबै जिल्ल पर्‍यौं । मैले पनि मुन्टो हल्लाएर अरूसँग मिसिनु पर्‍यो ।

खोला तरेर पाटन आइपुग्दा हर्क बहादुरले दक्षिणातिरको अग्लो डाँडो देखाएर भने- 'सहस्र लिंग यहाँको सबभन्दा अग्लो भूमि !'

'होचो नि ?'

मैले सोधिहालें ।

'चौखुट्टे !'

लट्ठी उचालेर उनले भने ।

यताउता गर्दै दिन बित्यो । मैले पश्चिमतिरका 'छाना' तिर गोठालासँग बझाडी बोली पनि टिप्न खोजें । तर एकदिने मेरो चेष्टा टिम्मुर खाएको जिब्रो जस्तो यताउता भइरह्यो ।

'पानीले गोद्ला । असिना थुप्रेलान् टुप्पीभरि ।'

गोठालाहरूले सतर्क्याएपछि म धर्मशाला आएको थिएँ ।

नभन्दै साँझ पर्दा नपर्दै असिनापानी चम्किहाल्यो । हुन्डरी र स्याँठले हामी गुजुल्टो परिहाल्यौं । चिसा ढुङ्गा र लेकाली फुइँकीले ज्यान तात्न घण्टौं लाग्यो ।

राति भारी कस्दै गर्दा मोतीले सोधे- 'दाइ, उज्यालोमा लाग्ने होइन र ? अहिले नै पो तयारी देख्छु त ?'

'हो जाने त भोलि बिहानै हो । झिसमिसेमै बिदा हुनु छ ।'

असिनापानी थामिएपछि एकचोटि खप्तडलाई टहरा बाहिरबाट हेरें मैले ।

राति अकासमा ताराले निहुरेर यी थुम्कामा मायालु स्पर्श गरिरहेथे । बादल तल-तल ओर्लिएर तिख्खर माया पोखिरहेथे । खप्तडको चिसोले मेरो मुटुमा भर्‍यो पिरतीको तातो-तातो ! ◆◆◆

**मुक्तक**

✍ **एच.के. धिताल**

यसै गरी बित्यो जीवन अब कुनै आहा छैन
तिम्रो घरको बाटो हिंड्न अब कुनै चाहा छैन
जति सक्छौ गर्दै जाउ, प्रगतिको शिखर चढ
मान्छे हुं म, मान्छे बन्छु, म मा कुनै डाहा छैन

# विभागीय सजायको सन्दर्भमा विभागीय सजाय र न्यायिक दृष्टिकोण



✍ प्र.उ. मोहन कुमार थापा

**विषय प्रवेशः**

कुनैपनि कर्मचारीले आफू कार्यरत संगठन वा संस्थाको सेवासँग सम्बन्धित कानून तथा आचरण र व्यवहार सम्बन्धी नियमको बर्खिलाप गरेमा कसूरको गम्भिरता अनुसार गरिने सजायलाई विभागीय सजाय भनिन्छ । विभागीय सजायको प्रमुख उद्धेश्य कर्मचारीलाई अनुशासनमा राखी संगठनले अधिकतम उपलब्धी हासिल गर्ने हो । कुनैपनि जिम्मेवार पदाधिकारीलाई सुधार गर्नु र संगठनलाई पुग्ने वा पुगेको हानी नोक्सानीको क्षतिपूर्ति गर्नु विभागीय सजायको अर्को उद्धेश्य हो । विभागीय सजाय संगठनको चाहना वा रूची होइन तर यो एक प्रकारको बाध्यता हो किनकी कुनै एउटा संगठनमा काम गर्ने संगठनको कुनै सदस्यलाई विभागीय सजाय गर्न सजिलो हुँदैन र त्यस्तो कार्य गर्न व्यवस्थापन पक्ष वा जिम्मेवार पदाधिकारीले चाहँदैन पनि । तर सजाय नगरी नहुने अवस्था आएमा भने संगठनको हितको लागि त्यस्तो कार्य गर्नुपर्ने हुन्छ । कर्मचारीलाई अनुशासन कायम गर्न, दण्ड र पुरस्कारको नीति अनुरूप उत्प्रेरित गर्न र खराब कर्मचारीलाई सुधार गर्न विभागीय सजाय गर्नुपर्ने हुन्छ । संगठनको काम कारबाहीमा स्वच्छता, समानता, निष्पक्षता, तथा एकरूपता कायम गर्न विभागीय सजाय आवश्यक हुन्छ । विभागीय सजाय गर्ने कार्य स्वेच्छाचारी रूपमा गर्न मिल्दैन । विभागीय सजाय गर्दा प्राकृतिक न्यायको सिद्धान्तलाई अवलम्बन गरिएको हुनु पर्दछ र सो को पालना नगरी गरिएको सजायले वैद्यता पाउन सक्दैन । प्रहरीमा समेत विभागीय सजाय गर्दा विभागीय सजाय गरिनुपर्ने कर्मचारीलाई सुनुवाईको मौका नदिएको, स्पष्टिकरणको मौका नदिएको, कानूनी प्रतिनिधित्वको मौका नदिएको

लगायतका प्राकृतिक न्यायका सिद्धान्तको अवलम्बन नगरिएको कारणले अदालतवाट बदर घोषित गरी पुनर्वहाली गरेका धेरै उदाहरणहरू छन् । यसरी सजाय गर्ने अधिकारीले प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप गरी विभागीय सजायको निर्णय गर्दा कानून विपरीतका कार्य गर्ने कर्मचारीहरूले समेत उन्मुक्ति पाएका छन् । प्राकृतिक न्यायको सिद्धान्तलाई पालना नगरी निर्णय गरेको, स्वविवेकीय अधिकार प्रयोग गर्दा विना आधार र कारण कठोर (rigid) भई निर्णय गरेको, खराब भावना राखी निर्णय गरेको, निर्णय गर्ने प्रक्रियालाई वेवास्ता गरी Unreasonable निर्णय गरेको कारण विभागीय सजाय सम्बन्धी त्यस्ता धेरै निर्णयहरू अदालतबाट बदरभागी भएका छन् ।

**विभागीय सजायको सन्दर्भमा प्राकृतिक न्यायका सिद्धान्तः**

प्राकृतिक न्यायको सिद्धान्त आफैमा कुनै लिखित वा संहिताबद्ध कानून होइन । यो न्याय गरेर मात्र हुदैन, गरेजस्तो पनि देखिनु पर्छ भन्ने मान्यताको आधारमा अदालतबाट विकसित नियम हो । न्यायिक निकायले निर्णय गर्दा यस सिद्धान्तलाई कानून सरह अवलम्बन गर्दै आएका छन् । प्राकृतिक न्याय कुनै संहिताबद्ध कानून नभएता पनि केही नियमहरूमा आधारित रहेको छ । प्राकृतिक न्यायको सिद्धान्तका केही नियमहरू विकसित भएका छन् ।

**पूर्वाग्रह विरूद्धको नियम (Rule against Bias)ः** यो नियम मुद्दाको निर्णय गर्ने अधिकारीको निष्पक्षतासँग सम्बन्धित छ । कोही पनि आफ्नो मुद्दामा आफै न्यायाधीश बन्नु हुदैन । कुनै मुद्दामा आफ्नो स्वार्थ छ वा मुद्दाको कुनै पक्षसँग आफ्नो कुनै प्रकारको सम्बन्ध छ भने स्वभाविक रूपमा मुद्दा हेर्ने अधिकारीको यसमा पूर्वाग्रह पैदा हुन्छ र उसले निष्पक्ष रूपमा मुद्दा हेर्न सक्दैन भन्ने सैद्धान्तिक आधारमा यो नियमको विकास भएको हो । आफ्नो कुनै पनि प्रकारको स्वार्थ वा सम्बन्ध भएको मुद्दा हेर्नु हुदैन भन्ने यस सिद्धान्तको मान्यता रहेको छ ।

**सुनुवाईको सिद्धान्तः** यो नियमले सुनुवाई नगरी कसैलाई पनि दोषी ठहऱ्याउन हुदैन भन्ने मान्यतालाई जोड दिन्छ । कसैको विरूद्धमा मुद्दा परेको छ भने निर्णय गर्नु भन्दा पहिले सुनुवाईको पर्याप्त मौका दिनु पर्छ र यदी सुनुवाईको मौका दिइदैन भने त्यो निर्णय बदरभागी हुन्छ । यस अन्तर्गत अभियोग लागेको व्यक्तिलाई स्पष्ट सूचना दिइनुपर्छ । यस नियम अन्तर्गत आरोपित व्यक्तिलाई सुनुवाईको मौका दिने, कानून व्यवसायीबाट प्रतिनिधित्वको अवसर दिने, सुनुवाईको

नियम थाहा पाउने र प्रतिवाद गर्न पाउने अधिकार समेत पर्दछन् ।

**कारणयुक्त निर्णयः** यसले कुन प्रमाण कुन कानून तथा के आधारमा निर्णयकर्ताले उक्त निर्णय गरेको हो, सो कुरा निर्णयमा स्पष्टसँग खुलेको हुनुपर्छ भन्ने मान्यतामा जोड दिन्छ । निर्णयकर्ताले मनोगत वा हचुवा भरमा निर्णय गर्न सक्दैन । उसको निर्णय कानून, प्रमाण र अन्य आधारहरूबाट समर्थित भएको हुनुपर्दछ। निर्णयकर्ताले आफ्नो फैसला सुनाउँदा आफूले निष्कर्षमा पुग्नको लागि लिएका आधारहरू उल्लेख गर्नुपर्छ । निर्णयकर्ताले आफ्नो निर्णयको आधार र कारण खुलाउनु नपर्ने हो भने स्वेच्छाचारीलाई प्रश्रय दिन्छ । निर्णयहरू निश्चित आधार र कारणबाट निर्देशित हुनैपर्छ । कारण सहितको निर्णयले मुद्दामा व्यक्तिगत पूर्वाग्रह र पक्षपातको स्थितिलाई कम गराउँछ र निर्णयलाई वस्तुगत र आधारयुक्त बनाउन सहयोग पुऱ्याउदछ ।

**प्रहरीमा विभागीय सजाय सम्बन्धी कानूनी व्यवस्थाः**

प्रहरी आचरण विपरीतको कार्य गर्ने प्रहरी कर्मचारीलाई निरूत्साहित गर्ने र अनुशासित र लगनशिल भई उत्कृष्ट कार्य गर्ने प्रहरी कर्मचारीलाई उत्प्रेरित गर्नका लागि कारबाही र पुरस्कारको अवधारणालाई कडाइका साथ लागु गर्ने नेपाल प्रहरी संगठनको नीति रहदै आएको छ । यस नीतिलाई तदारूकताका साथ लागू गर्ने क्रममा प्रशंसनीय कार्य गर्ने प्रहरी कर्मचारीलाई तत्कालै तथा विभिन्न अवसरहरूमा पुरस्कृत गरिदै आएको तथा प्रहरी आचरण विपरीत कार्य गर्ने प्रहरी कर्मचारीलाई कसूरको गम्भिरताको आधारमा अविलम्ब विभागीय सजायबाट दण्डित गरिदै आएको छ । जसका कारण प्रहरी कर्मचारीको व्यावसायिकता, नागरिकको प्रतिको जवाफदेहीता र कर्तव्य प्रतिको इमान्दारिता कायम गर्न सहज भएको छ । प्रहरी नियमावली, २०७१ मा विभागीय सजाय सम्बन्धी कानूनी व्यवस्था देहाय बमोजिम रहेको छ ।

प्रहरी नियमावली, २०७१ को नियम ९३ देखि नियम १०८ सम्म प्रहरी कर्मचारीले पालन गर्नुपर्ने आचरण सम्बन्धी नियमहरूको व्यवस्था गरेको छ । दान उपहार लिने नहुने, चन्दा लिने नहुने, सम्पत्तिको विवरण पेस गर्नुपर्ने, व्यापार व्यवसाय गर्न नहुने, सरकारी काममा थाहा पाएका कुराहरू प्रकाश गर्न प्रतिबन्ध, रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने, सरकारको आलोचना गर्न नहुने, निर्वाचनमा (राजनीतिमा) भाग लिने नहुने, स्थायी आवासीय अनुमति लिन नहुने, स्वयम् घोषणा गरी विवरण पेस गर्नुपर्ने, समय पालन

र नियमितता, अनुशासन र आज्ञापालन, बाहिरी प्रभाव पार्न नहुने, लैङ्गिक संवेदनशील हुनु पर्ने, कानून विपरीत विवाहमा प्रतिबन्ध र हातपात वा जोरजुलुम गर्न नहुने लगायतका प्रहरी आचरणको पालन गर्नुपर्ने नियमहरू व्यवस्था गरेको छ भने प्रहरी नियमावली, २०७१ को नियम १०९ मा उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई सामान्य र विशेष विभागीय सजाय गर्न सकिने व्यवस्था गरेको छ । सामान्य सजाय अन्तर्गत देहाय बमोजिमको सजाय समावेश गरिएका छन् ।

- शारीरिक परिश्रम हुने सजाय गर्ने वा नियन्त्रणमा राख्ने,
- नसिहत दिने,
- चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,
- बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,
- बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने,
- खाइपाई आएको बढीमा पाँच तलबवृद्धि घटुवा गर्ने,
- हालको पदको जेष्ठतासहित खाइपाई आएको शुरू स्केलमा घटुवा गर्ने वा तल्लो पदमा घटुवा गर्ने ।

त्यसैगरी विशेष सजाय अन्तर्गत देहाय बमोजिमको सजाय समावेश छन् ।

- भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,
- भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

प्रहरी नियमावली, २०७१ को नियम २९ मा निलम्बन अवधिभर, बढुवा रोक्का अवधिभर, तलब वृद्धि रोक्का अवधिभर, तल्लो पदमा घटुवा भएको मितिले दुई वर्षसम्म, खाइपाई आएको तलबवृद्धि घटुवा भएको वा जेष्ठता सहितको शुरू स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म, तीन पटकभन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म, पुनर्बहाली भएको मितिले एक वर्षसम्म बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने व्यवस्था छ । नियम २०१ क.अनुसार नियम ११३ को उपनियम (२) बमोजिम सेवाबाट बर्खास्त भएको प्रहरी कर्मचारीले बिमा र कर्मचारी सञ्चय कोषको रकम बाहेक यस नियमावली बमोजिमको कुनै पनि सुविधा नपाउने भन्ने व्यवस्था छ ।

प्रहरी नियमावली, २०७१ को नियम ११५ मा विभागीय सजाय सम्बन्धी कार्यविधिको व्यवस्था गरेको छ । जसअनुसार प्रहरी कर्मचारीलाई सजायको आदेश दिनुअघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निजलाई आफ्नो सफाइ

पेस गर्ने मौका दिनु पर्नेछ । त्यस्तो लिखित सूचनामा निजउपर लगाइएको आरोप स्पष्ट रूपले किटिएको हुनु पर्दछ । साथै प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । आरोप लागेको प्रहरी कर्मचारीले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेस गर्नु पर्नेछ । जाँचबुझको लागि कुनै कर्मचारीलाई निलम्बन गर्दा समेत निलम्बन गर्नुको आधार र कारण स्पष्ट रूपमा खुलाउनु पर्नेछ भन्ने कानूनी व्यवस्था रहेकोले नियमावलीले प्राकृतिक न्यायको सिद्धान्तका नियमहरूलाई अँगिकार गरेको देखिन्छ ।

**विभागीय सजायमा न्यायिक दृष्टिकोणः**

प्रहरीबाट भएका विभागीय सजायका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले गरेका देहायमा उल्लिखित फैसलाहरूमा सेवासँग सम्बन्धित कानूनी प्रक्रिया र प्राकृतिक न्यायको सिद्धान्तको अवलम्बन गरी विभागीय सजाय गर्नुपर्ने कुरामा जोड दिएको देखिन्छ ।

**सुशिल झा वि. जिल्ला प्रहरी कार्यालय (ने.का.प.२०५२, अंक ६, नि.नं. ६०३०):**

- नोकरीबाट हटाउने सजाय गर्ने जस्तो काम कारबाही प्रशासनिक प्रकृतिको नभई अर्धन्यायिक काम कारबाही भएकोले कानूनले अधिकार प्रदान गरेको अधिकारीले नै यस्तो अधिकार प्रयोग गर्नु पर्ने ।
- जुन अधिकारीले सजाय गर्ने अख्तियारी पाएको हुन्छ, सोही अधिकारीले कानून बमोजिम सम्पूर्ण प्रक्रिया पूरा गरी सजाय गर्नु पर्ने हुँदा प्रहरी वरिष्ठ उपरीक्षकले निवेदकलाई स्पष्टीकरण लिई सजाय गरेको अनधिकृत देखिएकोले कानूनसंगत मान्न नमिल्ने ।

**गोविन्द प्रसाद थपलिया वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (ने.का.प. २०६५, अंक ५, नि.नं. ७९६४):**

- कानूनले सफाइको मौका प्रदान गर्न मनासिव नभएमा सफाइको मौका नदिए पनि हुने भनी गरेको व्यवस्थाले सफाइको मौकाको महत्व प्रतिस्थापित गरेको नभई खास र उचित अवस्थाहरूमा त्यस्तो मौकाको अनिवार्यताको अपवादात्मक व्यवस्थासम्म गरेको देखिन्छ । अर्थात कसैले पनि आफ्नो विरूद्धको कारबाहीमा सफाइ पेस गर्ने मौका पाउनु पर्छ भन्ने आधारभूत न्यायको सिद्धान्त हो जुन प्राकृतिक न्यायको सिद्धान्तको रूपमा परिभाषित छ । कानूनले नै अपवादात्मक अवस्थाको व्यवस्था गरेकोमा बाहेक यो सिद्धान्तको सामान्य रूपमा पालना

गर्न जरूरी हुने ।

- सफाइको मौका दिन मनासिब नभएको भन्ने आधारमा सफाइको मौका नदिई कारबाही गर्दा त्यस्तो गर्नु परेको कारणहरू सहित निर्णय पर्चामा लेखिएको हुनुपर्ने ।
- कुनै निर्णय पर्चामा उल्लेखित आधारहरू यथार्थमा मनासिब छन् वा छैनन् भन्ने कुरा नितान्त प्रशासनिक विषय वा आत्मसन्तुष्टिको विषय नभई न्यायिक निरोपण गर्न सकिने गरी वस्तुपरक हुन जरूरी हुने हुँदा त्यस्तो निर्णयकर्ताले न्यायिक विवेकको साथमा आफ्नो आधारहरू निर्णय पर्चामा लेख्न सक्नुपर्ने ।
- निर्णयकर्ताले निर्णयको प्रयोजनको लागि दिने आधारहरू न्यायिकता, स्वच्छता, व्यवहारिकता र औचित्यलाई मापदण्ड बनाएर उल्लेख गर्नु पर्ने ।
- सजाय गर्ने अधिकारीले अधिकारको प्रयोग गर्दा कानूनको उचित कार्यविधि पूरा नगरी गर्न नमिल्ने ।

**वीरबहादुर राउत अहिर वि. गृह मन्त्रालय (ने.का.प. २०६८, अंक ८, नि.नं. ८६६३):**

- कुनै निर्णयबाट कसैको हक अधिकारमा आघात पर्दछ भने निर्णय गर्नु पूर्व सुनुवाइको मौका दिनुपर्ने कुरा अनिवार्य र स्वाभाविक हुन्छ । सुनुवाइको मौका नदिई गरिएको निर्णयले निर्णयको स्थान नै लिन नसक्ने हुँदा न्यायिक प्रक्रियामा वैधानिक मान्यता प्राप्त गर्न नसक्ने ।
- प्राकृतिक न्यायको सिद्धान्तले न्यायिक प्रक्रियालाई स्वच्छ र विश्वसनीय बनाउने हुँदा यसको उपेक्षा गरी भएको निर्णयलाई पूर्वाग्रही निर्णयको संज्ञा दिनु उपयुक्त हुने ।

**हेमराज जैसी वि. मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालय (ने.का.प. २०७०, अंक ४, नि.नं. ८९९८):**

- प्रहरी सेवा मात्र होइन जुनसुकै सार्वजनिक संगठनमा अनुशासनको अति नै महत्व रहन्छ । अझ प्रहरी संगठन त जनताको जीउ धनको रक्षार्थ अहोरात्र खट्नुपर्ने संगठनमा जुनसुकै बेला पनि कर्तव्यमा तयार रहनुपर्ने र संगठनको नियम अनुशासनलाई कडाइका साथ पालना गर्नुपर्दछ । यसमा उपल्लो अधिकारीको आज्ञा आदेशको कार्यान्वियनमा आदेश प्राप्त गर्ने निकाय वा पदाधिकारीले आफ्नो विवेकको प्रयोग गरी अन्यथा गर्न नसक्ने ।
- अनुशासन, मर्यादापालना एवं कर्तव्यनिष्ठताले अति नै महत्व राख्ने प्रहरी संगठनमा ऐन, कानून, तथा अनुशासनको तेजोबध गरी आफू कार्यरत निकायका आफूभन्दा

वरिष्ठ कार्यालय प्रमुख तथा अन्य प्रहरी अधिकृतहरूलाई बन्धक बनाउने तथा सशस्त्र विद्रोह कार्यमा संलग्न रहेको देखिन्छ । राष्ट्र र राष्ट्रबासीको सुरक्षार्थ अहोरात्र खटिनु पर्ने प्रहरी कर्मचारीबाट भएका यस प्रकृतिको कार्य अनुशासनहीन, गैरजिम्मेवारपूर्ण मात्र नभई ऐन नियम विपरीत भई कारबाही योग्य नै देखिन्छ । यस प्रकृतिका कार्यलाई नरम दृष्टिकोणले हेर्नै मिल्दैन र हेर्न नसकिने ।

- अनुशासनहीन, गैरकानूनी र उच्छृङ्खल कार्यलाई बढवा दिँदै जाने हो भने अनुशासनहीनता मौलाउन गई कालान्तरमा यस्ता सुरक्षा निकायहरू निकम्मा हुन पुगी अन्त्यमा जनताको जीउ धन नै खतरामा पर्दछन् र दण्डहीनता चरम उत्कर्षमा पुगी समाजमा मत्स्य न्यायको स्थिति सिर्जना हुन पुग्ने ।

**नरेश डगौरा वि. सशस्त्र प्रहरी बल प्रधान कार्यालय (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६४):**

- कुनै पनि कर्मचारी विरूद्ध उसको आचरण व्यवहार सम्बन्धमा कारबाही गर्दा बढो सतर्कताका साथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ । किनकी रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन ऊ सँग आश्रित परिवारमाथि पनि यस्ता कारबाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले स्पष्टरूपले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नु पर्ने ।
- राज्यको संयन्त्रबाट कुनै कर्मचारीलाई कानून विपरीत नोकरीबाट बर्खास्त गर्ने गरी निर्णय गरिन्छ भने यस्तो अवस्थामा राज्यबाट उक्त व्यक्तिको रोजगारीको अधिकारको उलङ्घन भएको मान्नु पर्ने ।

**राजेन्द्र विष्ट वि. गृह मन्त्रालय (ने.का.प. २०७४, अंक २, नि.नं. ९७६९):**

- कुनै पनि विवाद निरूपण गर्दा आरोपित व्यक्तिलाई दोषी करार गर्नुभन्दा पहिला निज विरूद्ध लागेको आरोप सम्बन्धमा खण्डन गर्न पाउने निजको नैसर्गिक अधिकार हो । त्यस्तो अधिकारको सुनिश्चितता प्रदान गर्ने न्यायको मान्य सिद्धान्तको रूपमा प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नुपर्ने विषयमा विवाद गर्न सकिदैन । निवेदकलाई नोकरीबाट हटाउने जस्तो गम्भिर विषयमा निर्णय लिनुभन्दा पहिला निजलाई सफाइ पेस गर्ने मौका प्रदान नगरेमा न्यायमा जनताको पहुँच कायम हुन नसक्ने

र तजबिजी अधिकारको दुरूपयोग बढ्न गई कानूनको शासन कमजोर हुन पुग्ने हुन्छ । कानूनले नै अपवादात्मक अवस्थाको व्यवस्था गरेकोमा बाहेक सामान्यरूपमा सफाइको मौका दिनु पर्ने ।

- सफाइको मौका प्रदान गर्न मनासिब नभएमा सफाइको मौका नदिए पनि हुने भनी गरेको व्यवस्थाले सफाइको मौकाको प्राकृतिक न्यायको सिद्धान्तलाई नै प्रतिस्थापित गरेको भन्न मिल्ने नदेखिने ।
- सेवा संवेदनशील हुने तर सेवा दिने व्यक्तिको गम्भीर अवस्था असंवेदनशील हुने कुरा मान्न मिल्ने देखिदैन । एकातिर सुनुवाइबाट वञ्चित गर्नु र अर्कोतिर कारबाहीउपर पुनरावेदन दिने व्यक्तिको अधिकार भएकोमा पुनरावेदनको दौरानमा निवेदकबाट पेस गरिएका प्रमाणको कुनै विवेचना नगर्नु उचित कानूनी कार्यविधि (Due process) को विपरीत देखिन्छ । निर्णय पर्चामा उल्लिखित आधारहरू मनासिव छन् वा छैन निर्णयकर्ताले न्यायिक विवेकको साथमा हेर्नुपर्ने ।

**शंकर पण्डित वि. प्रहरी प्रधान कार्यालय (ने.का.प. २०७४, अंक ९, नि.नं. ९५६६)**:

- कुनै पनि क्षेत्रमा कार्यरत व्यक्तिलाई आफ्नो पेसासँग सम्बन्धित अनुशासन र आचरणको जानकारी हुनु र तिनको पालना गर्नु सामान्य समझको कुरा हो । २४ घण्टा नागरिकको जिउ ज्यानको सुरक्षा र समाजको शान्ति सुरक्षामा खटिनु पर्ने प्रहरी सेवा जस्तो संवेदनशील क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीले त आफ्नो कर्तव्यप्रति अझ संवेदनशील रहनुपर्दछ । तर प्रस्तुत मुद्दाका यी रिट निवेदकले आफ्नो कर्तव्य र अनुशासन भुली लामो समयसम्म कार्यालयको सम्पर्कमा नआएको कारण निजलाई सेवाबाट हटाउने निर्णय गरेकोमा त्यस्तो निर्णय गर्ने अधिकारीले सफाइ पेस गर्ने मौका दिएन भनी जिकिर लिने व्यक्तिले आफ्नो लापरबाही र आफ्नो गल्ती पनि हेर्नुपर्ने हुन्छ । अधिकारको खोजी गर्नेले आफ्नो कर्तव्य बिर्सन नमिल्ने ।

**प्रमानन्द चौधरी वि. जिल्ला प्रहरी कार्यालय (ने.का.प. २०७५, अंक १, नि.नं. ९९३८)**:

- भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको कर्मचारीलाई सेवाबाट हटाउने गरी निर्णय गर्दाको अवस्थामा सफाई पेस गर्ने मौका दिनु नपर्ने भएमा सो कुराको **छुट्टै पर्चा खडा गरी निर्णय गर्नुपर्ने ।**

**रेखम बहादुर शाही वि. नेपाल प्रहरी प्रधान कार्यालय (ने.का.प. २०७५, अंक २, नि.नं. ९९६२):**

- आरोप लागेकै आधारमा मात्र नैतिक पतन देखिने फौजदारी अपराधमा कसूरदार ठहर नभएको अवस्थामा पनि आरोप लागे सरह कसूरदार कायम गरिनु न्यायको रोहबाट उचित मान्न सकिदैन । कसूरको सम्बन्धमा साधिकार निकाय अदालतबाट सफाइ पाइसकेको अवस्थामा पनि प्रशासनिक रूपले पूर्वाग्राही दृष्टिकोणबाट सोही कसूर लागेको आधारमा अवकाश दिनु सर्वमान्य न्यायको सिद्धान्त विपरीत हुन जाने ।

**तारा चन्द वि. प्रहरी प्रधान कार्यालय (ने.का.प. २०७५, अंक ७, नि.नं. १००६३):**

- कर्मचारीलाई गम्भीर कसूर कायम गरी सजाय गर्दा गम्भीर प्रकृतिको नै कसूर गरेको वा सामान्य प्रकृतिको कसूर पटकपटक गर्ने गरेको र त्यसअघि पनि त्यस्तो कसूर दोहोरिने गरेकोमा कारबाहीमा परी सचेत गराउँदा गराउँदै पनि अटेर गरी त्यस्तै कसूर हरू पटकपटक दोहोरिई रहे मात्र गम्भीर प्रकृतिको विशेष सजाय गर्नु कानून अनुकूल हुन जाने ।

**राजेश कुमार खतिवडा वि. प्रहरी प्रधान कार्यालय (ने.का.प. २०७५, अंक ८, नि.नं. १००६८):**

- कुनै पनि न्यायिक अधिकारको प्रयोग गर्ने अधिकारी वा निकायले सारवान कानूनका साथै कार्यविधि कानूनको पनि अक्षरशः पालना गर्नुपर्ने हुन्छ । कानूनी कारबाहीमा स्वच्छता, पारदर्शिता एवं निष्पक्षताको अपेक्षा गरी विधायिकाले कानून प्रयोग गर्ने तौरतरिकामा उचित प्रक्रिया (Due process) व्यवस्थित गरेको हुन्छ र त्यस्तो कानून कार्यविधि कानूनको रूपमा रहने ।
- सामाजिक मानवीय आवश्यकतालाई सम्बोधन गर्दा भएका कतिपय कमिकमजोरीहरूमा उच्चतम हदको सजाय तोक्नभन्दा उत्तरदायी बनाउने न्यूनतम हदको सजाय तोक्न सक्ने अधिकार पनि निर्णय गर्ने अधिकारीलाई नै रहेको अवस्थामा सजाय तोक्ने नीति, सिद्धान्तको आधारमा गल्तीको कारक तत्व (cause of misconduct) र सो को समानुपातिक मात्रा (proportionality of misconduct) लाई हेरेर पनि सजाय तोक्नु पर्छ । गल्तीको असरलाई मात्र अर्थात अड्डामा गैर हाजिरीको दिनलाई मात्र आधार मानी उच्चतम् हदको सजाय

गर्दा सेवाबाट नै वञ्चित हुन जाने हुँदा उचित र न्यायसङ्गत नदेखिने ।

**रन्जित कामैत वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय (ने.का.प. २०७५, अंक ८, नि.नं. १००८२)**:

- कानूनले निर्धारण गरेको म्यादभित्र पुनरावेदनउपर कुनै पनि निर्णय नगरी यथास्थितिमा राख्ने र निर्णय भएको भए पुनरावेदकलाई जानकारी नदिने कार्यलाई कानूनसम्मत मान्न मिल्ने देखिदैन । आफूसँग प्राप्त भएको पुनरावेदन पत्रलाई समयमा नै किनारा लगाउनु पर्ने दायित्व सम्बन्धित निकायमा कार्यरत पदाधिकारीमा रहेकै हुन्छ । पुनरावेदक कर्मचारीले जे जस्तोसुकै गल्ती गरेको भए पनि त्यसरी पुनरावेदन सुन्ने तहमा रहने जिम्मेवार पदाधिकारीले आफ्नो कर्तव्य सम्झेर आफूलाई प्राप्त अधिकार एवम् कर्तव्यको प्रयोग गरी आफ्नो दायित्व पूरा गर्नुपर्ने ।
- पुनरावेदन गर्न पाउने अधिकार ऐन, कानूनद्वारा व्यवस्थित हुन्छ । कानूनद्वारा प्रदत्त पुनरावेदकीय अधिकारको प्रभावकारी प्रयोग पूर्ण न्यायको लागि अपरिहार्य हुन्छ । यस अवस्थामा कसैलाई पुनरावेदन गर्न पाउने अधिकार कानूनले दिएको छ भने जस्तोसुकै प्रकृतिको अपराध भए पनि आरोपित व्यक्तिलाई कानूनप्रदत्त पुनरावेदकीय अधिकारबाट वञ्चित गर्न नहुने ।

**सुशील शाही वि. गृह मन्त्रालय (ने.का.प. २०७५, अंक ९, नि.नं. १००९६)**:

- सशस्त्र प्रहरी नियमावली, २०६० बमोजिम अख्तियार प्राप्त अधिकारीले सजाय पाउने व्यक्तिलाई हुन लागेको सजायको बारेमा जानकारी गराई उचित सुनुवाइको मौका प्रदान गर्नुपर्ने र त्यस्तो सफाइको मौका प्रदान गर्दा प्राप्त भएको सफाइलाई गम्भीरतापूर्वक मनन् गर्नुपर्ने भएकोले सो प्रक्रिया पूरा नगरी सजाय गर्नु कानूनको मान्य सिद्धान्त विपरीत हुन जाने ।
- अपवादात्मक अवस्थामा प्रयोग हुने सशस्त्र प्रहरी ऐन, २०५८ को दफा २१(ग) र सशस्त्र प्रहरी नियमावली, २०६० को नियम ९३ को खण्ड (ख) को विशेष व्यवस्थालाई सामान्यीकरण गर्दै कसैलाई पनि प्राकृतिक न्यायको सिद्धान्त विपरीत सुनुवाइको मौकाबाट वञ्चित गर्न नमिल्ने ।

यसरी सर्वोच्च अदालतबाट विभागीय सजायका सम्बन्धमा भएका फैसलाहरूलाई विश्लेषण गर्दा सेवासँग सम्बन्धित कानून बमोजिम कारबाही गर्नुपर्ने, तोकिएको सम्बन्धित अधिकारीबाट

मात्र स्पष्टिकरण सोध्नुपर्ने, सजायको लागि स्पष्टिकरण माग गर्दा लगाइएको अभियोग र कारबाहीको विषय एउटै हुनुपर्ने, विभागीय सजाय गर्दा सफाईको मौका दिई न्यायिक मनको प्रयोग गरी निर्णय गर्नुपर्ने, विभागीय सजाय न्यायिक कार्य भएकोले कानूनले तोकिएका अधिकृतले मात्र गर्ने, कानुनद्वारा स्पष्टीकरण सोध्नु नपर्ने पदाधिकारीले स्पष्टीकरण सोध्न नहुने, पर्याप्त आधार र कारण खोली निर्णय गर्नु पर्ने, अधिकारक्षेत्र बाहिर गई विभागीय सजाय गर्नु नहुने, विभागीय सजाय गर्दा निर्णयकर्ताले प्रचलित कानूनको विधि र प्रक्रियाको अवलम्बन गर्नु पर्ने, सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त र प्राकृतिक न्यायको सिद्धान्तका नियमहरूको पालना गर्नुपर्ने, अधिकारको प्रयोग गर्दा मानवतावादी सिद्धान्तको आधारमा उचित, निष्पक्ष र मनासिव माफिकको आधारमा गर्नुपर्ने, पूर्वाग्रह र बदनियत नचिताई असल नियतले कारबाही गर्नुपर्ने, पर्याप्त सुनुवाइको मौका दिनुपर्ने, कानूनी कार्यविधि (Due process of Law) को पालना गर्नुपर्ने, न्यायीक मन (Judicial mind) को प्रयोग गर्नुपर्ने, तत्काल प्रचलित कानूनले सजाय नहुने काम गरे वापत कसैलाई विभागीय कारबाही नगर्ने, अनिवार्य रूपमा सफाईको मौका दिनुपर्ने, सफाईको मौका माग गर्दा कसूर र स्पष्टिकरण माग गर्दा कसूर र सजाय किटान गर्नु पर्ने, निलम्बन गर्नुपर्ने अवस्थामा निलम्बन गर्नुको आधार र कारण स्पष्ट रूपमा खुलाउनुपर्ने, विभागीय सजाय गर्दा कसूरको मात्रा र उल्लंघन गरेको आचरण र अनुशासनका नियमका गम्भिरताको आधारमा गर्नुपर्ने, आफ्नो हित वा स्वार्थ भएको व्यक्तिले कारबाही प्रक्रियामा सहभागी नहुने लगायतका नजिर सिद्धान्तहरू प्रतिपादन भएका छन् ।

**निष्कर्षः**

कर्मचारी अनुशासित र मर्यादित हुनुपर्छ भन्ने कुरामा कुनै विवाद हुन सक्दैन । अनुशासित र जिम्मेवार कर्मचारी सुशासनको लागि आवश्यक पर्ने लोकतान्त्रिक राज्य व्यवस्थाको आधारभूत शर्त हो । अनुशासित र मर्यादित बनाउनको लागि नै सम्बन्धित ऐन कानूनले विभागीय सजाय सम्बन्धी व्यवस्था गरेको हुन्छ । विभागीय सजाय गर्दा निर्णयकर्ताले सम्बन्धित सेवा सम्बन्धी कानून प्राकृतिक न्यायको सिद्धान्त र सम्मानित सर्वोच्च अदालतले स्थापित गरेको नजिर सिद्धान्तको पूर्ण पालना गरेको हुनुपर्छ । प्राकृतिक न्यायको सिद्धान्तले निर्णयकर्ताको अधिकारको दुरूपयोग र स्वेच्छाचारीताको नियन्त्रण गर्दछ । सेवावाट हटाउने वा

बर्खास्त गर्ने गरी विशेष विभागीय सजाय गर्दा अन्तन्तै संवेदनशिल भई उच्च सतर्कता अपनाई कानूनी प्रक्रियाको पालना गरी गर्नु पर्दछ । किनकी रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन उससँग आश्रित परिवारमाथि पनि यस्ता कारबाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले स्पष्टरूपले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नुपर्ने देखिन्छ । ♦♦

**कविता**

## मन्त्र



✍ **बिन्दु अधिकारी ढकाल**

सबैभन्दा सजिलो
उडेको देखिन्छ
ताकेर आकाश गंगा
भुर्र भुईं छाडेर होला
माथिमाथि खुल्ला गगन
संसारै चुमेको देखिन्छ ।

त्यो साहस पंक्षिमा हुन्छ
त्यो आँट अनि हिम्मत चरा बचेरा
किश्राफट्याङग्रा सबै
सबैमा नै हुन्छ
उभयचर बाहेक स्तनधारी जीव
चमेरो उड्न सक्छ ।

बाँदर हाम फाल्छ
पिठ्यौमा बच्चा
जस्तोसुकै भिरपाखा
रुखरुखै कति सजिलै
ताकेको हासिल गर्छ ।
भुईं छाड्ने कला
पुर्पुरो कस्तो होला
सबैभन्दा पोख्त हावा
नपुगेको ठाउँ कहाँ, कस्तो होला ?

विज्ञानको चमत्कार !
थरिथरि विमान हवाईजहाजको आविष्कार भयो
प्रविधिमय समय हेलिकप्टर पनि बने
विज्ञानवेत्ता वैज्ञानिक बताओ
समय यस्तो किन हुन सकेन
मान्छे स्वयं भुईं छाडेर टाटाबाई
क्षितिज नाप्न आफ्नै अंग
पखेटा लाउन कुन मन्त्र पुगेन ।

बालकथा

# गजराजको इनाम



✍ **देवकी के.सी**

सुन्दरपुर गाउँमा घना हरियो जङ्गल थियो । सुन्दरपुरको जङ्गलमा बाघ, हात्ती, चितुवा मृग, स्याल, ब्वाँसो, फ्याउरो, बाँदर, सुगा, मैना, कोइली जस्ता निकै पशुपन्छीहरू बस्दथे । जङ्गलमा प्रशस्त जडिबुटीहरू पनि पाइन्थ्यो । जङ्गलको बीचमा एउटा ठुलो पोखरी पनि थियो । घना हरियो जङ्गलले गर्दा सुन्दरपुर गाउँ पनि सुन्दर देखिन्थ्यो । गाउँलेहरूले जङ्गलबाट घाँसपात सुकेका दाउरा ल्याउँथे ।

त्यस गाउँमा एउटा छटुलाल नाम गरेको नेताको कार्यकर्ता पनि बस्दथ्यो । नेताजी चाहिँ शहरमा ठुलो घर किनेर बसेका थिए । छटुलालले केही मानिसहरूलाई भाडामा लिएर जङ्गली जनावरको शिकार गरेर तिनीहरूको अङ्गहरू, काठ र जडीबुटी समेत तस्करी गरेर सहरमा नेतालाई पठाउँथ्यो । नेताजीले त्यसलाई विदेशमा बेचेर करौडौं रूपैयाँ कमाउँथ्यो । गाउँलेहरूलाई छटुलालको यस्तो नराम्रो कामबारे थाहा भए पनि नेताजीको डरले चुप लाग्थे ।

सुन्दरपुरको जङ्गलमा गजराज र मोती नाम गरेको एक जोडी हात्ती बस्थे । उनीहरू एक अर्कालाई अत्यन्त प्रेम गर्दथे । मोती गर्भवती भएकी थिइन् । त्यसैले गजराज मोतीको खुब हेरविचार गर्दथ्यो । चैत्र महिनामा मोतीले एक सुन्दर छावालाई जन्म दिइन् । गजराज र मोती त्यो सुन्दर छावा देखेर अत्यन्तै खुसी भए । उनीहरूले छावाको नाम गड्डु राखे । गड्डु साह्रै मायालु थियो । गजराज हरपल मोती र गड्डुको ख्याल राख्दथ्यो ।

एक दिन मोती र गड्डुलाई आराम गर्दै गर म अलि पर गएर मीठो घाँस लिएर आउँछु भनेर गजराज घाँस लिन गयो । त्यही मौकामा छटुलाल र उसका भाडाका मान्छेले मोतीलाई गोली हानी मारे । गोली चलेको आवाज सुनेर घाँस लिन गएको गजराज छिटो-छिटो फर्कियो । गोलीको आवाज सुनेर जङ्गलका अरू पशुपन्छीहरू पनि लुक्न थाले ।

गजराज आइपुग्दा मोतीको शरीरबाट रगत निकै बगेको थियो र मोती मरिसकेकी थिइन् । छटुलाल र उसका मान्छेहरू त्यहाँबाट भागिसकेका थिए । गड्डु आमाको नजिक बसेर बेजोडले रोइरहेको थियो । गजराज पनि मोतीलाई समातेर बेस्सरी रोयो । गड्डुले जन्मेको पन्ध्र दिनमै आफ्नो प्यारी आमालाई गुमायो । यो छटुलालले आज मोतीलाई माऱ्यो । यसले हरदिन जङ्गलका कुनै न कुनै पशुपन्छी मारेकै हुन्छ । यसले हामीलाई निकै दुःख दियो भनेर जङ्गलका सबै पशुपन्छीहरू एकै ठाउँमा भेला भएर कुरा गर्न थाले । मोती मरेपछि गजराजले गड्डुलाई आमा र बुबा दुवैको माया दिएर हुर्कायो । ऊ गड्डुलाई निकै माया गर्दथ्यो । गड्डु पनि गजराजलाई निकै माया गर्दथ्यो । तर आफ्नै आँखै अगाडि आफ्नी आमाको हत्या गरेको घटनाले गड्डुको कलिलो मस्तिष्कमा गहिरो चोट पुगेको थियो । त्यसैले गड्डु हर बखत डराउने गर्दथ्यो ।

छटुलालले जङ्गलका काठ र जडिबुटीहरू निकै तस्करी गरिसकेको थियो । तैपनि काठ काट्न सजिलो होला भन्ने सोचाइले उसले जङ्गलमा आगो लगाउने योजना बनाएको थियो । एकरात उसले जङ्गलमा आगो लगाएरै छाड्यो । जोडले आगो लाग्न थालेपछि जङ्गलका पशुपन्छीहरूको भागदौड मच्चिन थाल्यो । भाग्न नसकेका कलिला पशुपन्छीहरू कति जलेर मरे त कति घाइते भए । गड्डु सानो हुनाले छिटो भाग्न सकेन, ऊ जलेर निकै घाइते भयो । गाउँलेहरूको सहायताले बल्लतल्ल जङ्गलमा लागेको आगो त निभ्यो । तर घाइते जनावरको उपचार गरिदिने कोही भएन ।

आफूले अत्यन्त माया गरेर पालेको गड्डुलाई घाइते अवस्थामा देखेर गजराज निकै दुखित भयो । उसलाई छटुलालसित ज्यादै रिस उठ्यो । गजराज र जङ्गलका सबै मिलेर छटुलालसित बदला लिने निर्णय गरे । जङ्गलका सबै पशुपन्छी मिलेर पहिले आगलागीका घाइते पशुपन्छीहरूलाई एकै ठाउँमा ल्याएर राखे । बाघ र ब्वाँसोलाई घाइतेहरूका रेखदेख गर्न राखेर बाँकी सबै छटुलालको घरतिर लागे ।

गजराजले सबैको नेतृत्व गरेको थियो । गजराजको पछाडि चितुवा, मृग, स्याल, बाँदर, फ्याउरो, कोइली, सुँगा र मैनाहरू थिए । मोतीलाई मारेको र गड्डुलाई घाइते भएको पीडाले गर्दा रिसले आगो बनेको थियो, गजराज । गजराजले रिसले छटुलालको घर भत्काइदियो । छटुलाल आफ्नो श्रीमती र छोरा लिएर घरबाहिर निस्कियो । सबै पशुपन्छी मिलेर छटुलालको परिवारलाई घेरा हाले ।

चितुवाले उफ्रँदै भन्यो छटुलाल र यिनीहरूको परिवारलाई मार्नुपर्छ जसरी यसले तपाईंको सुखी परिवारलाई मारेको थियो, गजराज । छटुलालको छोरो त फुच्चे पो रैछ । म एक्लैले मार्न सकिहाल्छु नि, गजराज, फ्याउरोले भन्यो । चितुवाले फेरि रिसाउँदै भन्यो, "यसको श्रीमतीलाई त म पहिले आक्रमण गर्छु ।" गजराज पनि अत्यन्तै रिसाएको देखेर सबैले एकैसाथ भने हामीले यिनीहरूलाई मारेर बदला लिनुपर्छ, गजराज ।

छटुलालको छोरा र श्रीमती निकै डराएर रोइरहेका थिए । छटुलालले सबैसित हात जोडेर माफी माग्यो । उसले रूँदै भन्यो गजराज मैले तपाईंको श्रीमतीलाई मारेर तपाईंको सुखी परिवारलाई दुःख दिएको हो । मैले तपाईंहरू बस्ने सुन्दरपुरको सुन्दर जङ्गल मासेर उजाड पारेको पनि हो । मैले त्यहाँको सबै काठ र जडिबुटी चोरेर शहर पठाएको पनि हो तर यसमा मेरो श्रीमती र मेरो छोराको कुनै दोष छैन । यो सब काम त मैले शहरमा नेताजीको आदेशमा गरेको हो ।

गजराजले रिसले चुर हुँदै भन्यो, छटुलाल ! तँलाई आफ्नो परिवारको यति धेरै माया लाग्दो रैछ तर तेरो कारणले गर्दा मेरो मोतीले अकालमा ज्यान गुमाइन् । मेरो गड्डु टुहुरो भयो । हरियाली जङ्गल सुख्खा भयो । धेरै पशुपन्छीहरू आज घाइते भएर मरणासन्न अवस्थामा छन् । मैले त तेरो एक जनाको घर भत्काए । तैंले त हामी सारा पशुपन्छीहरूको घर सखाप पारिस् ।

गजराजको हेराइ र बोलीमा निकै रिस देखिन्थ्यो तर छटुलालको छोरा र श्रीमतीको आँखामा आँसु देखेर गजराजलाई निकै माया लाग्यो । छटुलालको त्यो फुच्चे छोरालाई गजराजले आफ्नो गड्डुजस्तै माया लाग्दो देख्यो । गजराजले आफ्नो रिसलाई काबुमा राख्दै आक्रमणको तयारीमा बसेका सबैलाई भन्यो, साथीहरूले छटुलालले आफ्नो गल्तीको महसुस गरी माफी मागिसक्यो । यो भन्दा पनि ठुलो दोषी त त्यो नेताजी रहेछ। यसको श्रीमती र छोरा निर्दोष छन् । तिनीहरूलाई बिना कसूर सजाय दिनु राम्रो होइन । चुनावको बेला त्यो फटाहा नेताजी अवश्य गाउँ आउनेछ । त्यतिबेला सबै मिलेर नेताजीलाई सजाय दिनुपर्छ । हिंसाको बदला हिंसा नै रोज्यौं भने शान्ति कहिल्यै पनि आउँदैन । छटुलाललाई सही बाटोमा लाग्ने एक मौका दिऔं । आज, हामी यसलाई प्राणको इनाम दिएर जाऔं ।

सबैलाई गजराजको कुरा ठिकै लाग्यो । छटुलालले फेरि पनि पहिलेको जस्तै गल्ती गर्न थाल्यो भने चाहिं छाड्ने

छैनौं भनेर उनीहरूले छटुलाललाई चेतावनी दिए । यसरी छटुलालको परिवारलाई प्राणको इनाम र चेतावनी दुवै दिएर गजराजको नेतृत्वमा सबै पशुपन्छीहरू जङ्गल फर्किए ।

छटुलालले मनमनै सोच्यो आज गजराजले मलाई र मेरो परिवारलाई प्राणको इनाम दिएर महान काम गरेको छ । आफूले इनाम पाएको जीवनलाई मैले सही काममा प्रयोग गर्नुपर्छ । त्यसपछि छटुलालले पहिलेको जस्तो पशुपन्छीहरू मार्ने र जङ्गलका काठ र जडिबुटी तस्करी गर्ने काम छाड्यो । आजभोलि ऊ जङ्गल र पशुपन्छीहरू संरक्षण गर्न गाउँलेहरू र विभिन्न संघ संस्थाहरूसँग मिलेर खुब लागी परेको छ । सजाय पाउने डरले नेताजी गाउँको भएभरको सम्पत्ति बेचेर शहरमानै बस्न थाले । चुनावमा पनि नेताजी गाउँ आएनन् । आजभोलि सुन्दरपुर जङ्गलका सबै पशुपन्छीहरू खुसी भएर निर्धक्क साथ बस्न थालेका छन् । ♦♦

## गीत



✍ **ज्ञानेन्द्र गदाल**

भाषा चाहिन्छ, आफ्नो भेष चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ ।

हामी बाँच्ने धर्ती एउटै, एउटै रनबन
जोगाएर राख्नु पर्छ, सबले आफ्नोपन
उड्नलाई खुल्ला-निलो, आकाश चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ ।

गाउँ बस्ती झुपडीमा, खुसी फुल्नु पर्छ
भेदभाव कुरीतिलाई, सबले भुल्नु पर्छ
न्याय निम्ति समानताको, परिवेश चाहिन्छ
शिर उठाई बाँच्न आफ्नो देश चाहिन्छ ।

# स्वच्छ सुनवाइ



✍ प्र.ना.उ. कृष्ण खड्का

**विषय प्रवेश**

स्वच्छ सुनुवाइ (Fair trial) व्यक्तिको मौलिक हक अधिकारसँग सरोकार राख्ने विषय हो । कानूनबमोजिम तोकिएको कुनै निकायले व्यक्तिलाई नियन्त्रण वा पक्राउ गरिसकेपछि निष्पक्ष ढङ्गले न्याय सम्पादन गरिनु पर्दछ भन्ने मान्यतामा आधारित छ । स्वच्छ सुनुवाइ सारभूत कानूनी प्रकृया वा कार्यविधिगत कानूनी प्रकृया दुवैमा पालना भएको हुनुपर्दछ । स्वच्छ सुनुवाइ नहुँदा व्यक्तिको अधिकारको हनन् हुन जाने र न्याय पाउनबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । स्वच्छ सुनुवाइले "Trial should be fair" भन्ने कुरालाई आत्मसाथ गरेको छ । तसर्थ, व्यक्तिलाई पक्राउ गर्दा, अनुसन्धान गर्दा, अभियोजन गर्दा वा अदालतबाट अन्तिम निर्णय र तत् पश्चात पनि स्वच्छ, निष्पक्ष र पूर्वाग्रह रहित सुनुवाई हुनुपर्दछ भन्ने विषय नै स्वच्छ सुनुवाई हो । स्वच्छ सुनुवाइले कानून अनुसार (According to law) भन्दा पनि तर्कसंगत र न्यायसंगत सुनुवाइलाई महत्व दिन्छ। स्वच्छ सुनुवाइ विश्वव्यापी मान्यता हो, जसले व्यक्तिका मूल्य मान्यता र सारभूत अधिकारहरूलाई राज्यद्वारा सिमित गरिनु हुँदैन, हनन् गर्नुहुदैन, पालना र संरक्षण गर्नुपर्नेमा जोडदिएको छ ।

फौजदारी न्याय प्रणालीका चार आधारस्तम्भ प्रहरी, सरकारी वकिल, कानून व्यवसायी र न्यायलयले आ-आफ्नो कार्य सम्पादनको सिलसिलामा शङ्कितको मानव अधिकारको संरक्षण तथा स्वच्छ सुनुवाइको अधिकारप्रति संवेदनशील र चनाखो हुनु पर्दछ । खासगरी विभिन्न समयमा प्रहरीप्रति मानवअधिकार उल्लङ्घन सम्बन्धी आक्षेपहरूको प्रतिवाद गर्न स्वच्छ सुनुवाइको विषयमा अनभिज्ञ रहन उचित हुन्नँ ।

Black's law Dictionary (7th ed.) अनुसार- "A trial by an impartial and disinterested tribunal in accordance with

regular procedural; esp., a criminal trial in which the defendant's constitutional and legal rights are respected also termed fair and impartial trial.

तसर्थ, स्वच्छ सुनुवाइ कुनै व्यक्तिउपर कुनै कसूरमा अनुसन्धान शुरू हुँदा देखिनै सकृय भई मुद्दाको अन्तिम किनारा नलाग्दासम्म कार्यान्वयनमा रहन्छ। स्वच्छ सुनुवाइको अधिकारलाई स्वेच्छाचारी ढंगले कुनै बहानामा हनन् गर्न पाइन्न । अनुसन्धान अधिकारी होस् वा न्याय निरूपण गर्ने अधिकारी वा निकाय सबै तहमा समान रूपमा सर्वस्वीकार्य हुन्छ।

**स्वच्छ सुनुवाइको सिद्धान्त (Principle** of Fair trial)

कुनै व्यक्तिलाई नियन्त्रण (Custody) लिइसकेपछि निजका केही अधिकारहरूमा बन्देज र नियन्त्रण (Curtail) त हुन्छ, नै। तर हिरासतमा रहेकै कारण मानवोचित व्यवहार, सुविधा र स्वच्छ सुनुवाइबाट कसैलाई पनि वञ्चित गर्न पाइन्न । स्वच्छ सुनुवाइ (Fair trial) हुनुपर्दछ भन्ने मान्यता पछाडि निम्न सैद्धान्तिक आधारहरू रहेका छन्ः

**(क) निर्दोषिताको अनुमानको सिद्धान्त (Principle of presumption of innocence)**

शङ्कित व्यक्तिलाई अदालत वा न्यायिक निकायले दोषी ठहर नगरेसम्म निर्दोष रहेको मान्नु पर्दछ । यस सिद्धान्तले व्यक्तिले जस्तोसुकै अवस्थामा जतिसुकै ठुलो अपराध गरेको भए तापनि अदालतले प्रमाणित नगरेसम्म उक्त कसूरमा दोषी वा अपराधी मान्न पाइन्न भन्ने यस सिद्धान्तले वकालत गर्दछ।

**(ख) वैधताको सिद्धान्त ( Principle of legality)**

कुनै व्यक्तिलाई कुनै कसूर गरेको आरोपमा पक्राउ गर्दा, हिरासतमा राख्दा, अनुसन्धान गर्दा वा अभियोजन गर्दा वा अन्तिम फैसला हुँदासम्मको अवस्थाका चरणमा कानूनी प्रकृया (Due process of law) पूरा गरी कानूनबमोजिम (In accordance with law) मात्र गर्नुपर्दछ । पक्राउ कानूनबमोजिम मात्र नभएर आवश्यक र कानूनसंगत पनि थियो भन्ने पुष्टि हुनुपर्दछ।

**(ग) समान हैसियत (Principle of equality of arms)**

पक्राउ परेको व्यक्तिले सामान्य व्यक्ति सरह समान ढंगले सबै अधिकारहरू उपभोग गर्न नसके पनि आफूउपर लागेको आरोप वा अभियोगको प्रतिवाद गर्न वा आफूलाई निर्दोष सावित गर्न भने राज्य संयन्त्र सरहनै सुविधा र मौका पाउनु पर्दछ । पक्राउ परेको व्यक्तिले आफूलाई पक्राउ हुनुको कारण जान्न पाउन,

हिरासतमा रहँदाबस्दा पाउने सुविधा प्राप्त गर्न, प्रतिरक्षा गर्न पाउने अधिकार र सुविधा, पुनरावेदन गर्न पाउने अधिकार आदि समान रूपले राज्यसरह पाउनु पर्दछ। एक पक्ष बलियो र अर्को पक्ष कमजोर रहेको अवस्थामा कमजोर पक्षले न्याय पाउने अवस्था न्यून रहन्छ भन्ने अनुमान गरिन्छ।

**(घ) स्वतन्त्र र निष्पक्ष न्यायलय (Independent and impartial judiciary)**

यस सिद्धान्तअनुसार स्वतन्त्र र निष्पक्ष न्यायिक निकायबाट न्याय सम्पादन हुनुपर्दछ । कानूनतः स्थापना भएको स्वतन्त्र र निष्पक्ष निकाय र त्यसमा तोकिएका न्यायमूर्तिहरूले नै व्यक्तिको अधिकारको संरक्षण र न्याय पाउने कुरा सुनिश्चित गर्न सक्दछन्।

**(ङ) भेदभाव गर्न नपाइने सिद्धान्त (Principle of non discrimination)**

पक्राउ भएको व्यक्तिलाई कुनै आधार र बहानामा भेदभाव तथा अन्याय गरिनु हुँदैन । हिरासतमा रहँदा भौतिक सुविधाका अतिरिक्त न्यायको पहुँच र आफूलाई निर्दोष सावित गर्ने अवसरबाट वञ्चित गरिनु हुन्नँ । यो सिद्धान्तले स्वच्छ सुनुवाइको सबै चरणमा आरोपीले न्याय पाउने सन्दर्भमा कुनै पक्षपात र भेदभाव गरिनुहुन्न भनी जोड दिएको छ ।

**स्वच्छ सुनुवाइको चरणहरू (Stages)**

फौजदारी प्रकृतिको कसूरमा व्यक्ति पक्राउ परिसकेपछि मुद्दाको अन्तिम किनारा नलागेसम्म विभिन्न चरणहरूमा स्वच्छ र निष्पक्ष सुनुवाइको अपेक्षा गरिएको हुन्छ। चाहे त्यो अनुसन्धानको क्रममा होस् वा अभियोजन वा न्यायिक निकायबाट मुद्दाको किनारा लगाउदा होस्, सबै चरणहरूमा स्वच्छ सुनुवाइको महत्व हुन्छ। मुलतः देहाय बमोजिमका चरर्णहरूमा स्वच्छ सुनुवाइ क्रियाशील हुने गर्दछ।

**(१) सुनुवाइ पूर्वको चरण (pre-trial stage)**

कुनै कसूरमा व्यक्ति पक्राउ भइसकेपछि निजको संविधान र कानून प्रदत्त अधिकारहरूको रक्षा गर्ने दायित्व राज्यको हुन्छ । तसर्थ, यस चरणमा देहायका मौलिक अधिकारहरूप्रति सधैं चनाखो र संवेदनशिल रहनु पर्दछ।

**(क)** कुनै व्यक्तिलाई नियन्त्रणमा लिनु पूर्व कारण सहितको सूचना दिनुपर्ने,

**(ख)** स्वेच्छाचारी ढंगले पक्राउ तथा थुनामा राख्न नपाइने,

**(ग)** उक्त व्यक्तिले चाहेको कानून व्यवसायी राख्न पाउने अधिकारबाट वञ्चित गर्न नपाइने,

**(घ)** मुद्दा हेर्ने अधिकारी समक्ष यथासम्भव चाँडो पेश गर्नुपर्ने र

त्यस्तो व्यक्तिको आदेश बिना थुनामा राख्न नपाइने,

**(ङ)** न्युनतम मानवीय भौतिक सुविधाको व्यवस्था (खाने, बस्ने, सुत्ने, सरसफाइ, मनोरञ्जन, औषधी उपचार आदि)। कुनै अमानवीय व्यवहार (Inhumane and degraded behavior), कुटपिट, यातना आदि गर्न नपाइने ।

**(च)** Prohibition on incommunicado detention. हिरासतमा भएको व्यक्तिलाई आफन्त, नातेदार वा अन्यसँग भेटघाट र सम्पर्क राख्न दिनबाट वञ्चित गर्न पाइन्न,

**(छ)** पक्राउ भएको व्यक्तिलाई कानून प्रदत्त अधिकारको बारेमा जानकारी दिनुपर्ने, प्रतिरक्षा गर्न पर्याप्त समय र वातावरण उपलब्ध गराउनुपर्ने तथा निज उपर लागेको अभियोग र परिणाम समेतको जानकारी दिनुपर्ने,

**(२) सुनुवाइको चरण (trial stage)**

**(क)** पक्राउ भएको व्यक्तिको स्वच्छ तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित हुनुपर्ने,

**(ख)** स्वच्छ तथा निष्पक्ष न्यायिक निकायबाट सुनुवाइ हुनुपर्ने,

**(ग)** कसूर प्रमाणित नभएसम्म निर्दोष मान्नुपर्ने । (Presumption of innocence)

**(घ)** छिटो-छरितो न्याय पाउने अधिकारबाट वञ्चित गरिन नहुने,

**(ङ)** आफूले चाहेको कानून व्यवसायीबाट आफ्नो प्रतिरक्षा गर्न पाउने अधिकार हुने।

**(छ)** दोहोरो खतरा (Double jeopardy) मा राख्न नपाइने,

**(ज)** साक्षी राख्न पाउने र परीक्षण गर्न पाउने अधिकार हुने,

**(झ)** स्वच्छ तथा निष्पक्ष न्यायिक निर्णयको अधिकार रहने,

**(ञ)** न्यायिक निकायमा सहज र समान पहुँचको अधिकार हुने,

**(ट)** प्रचलित कानूनले सजाय नहुने कुनै कार्य गरेमा सजाय नहुने र प्रचलित कानूनले तोकेभन्दा बढी सजाय नहुने। (The presumption on retroactive application)

**(३) सुनुवाइको चरणमा (post trial stage)**

सुनुवाइको क्रममा रहेको कुनै व्यक्ति अधिकार प्राप्त अधिकारीको अन्तिम निर्णय/फैसलापश्चात दोषी वा निर्दोष जे भए तापनि देहायबमोजिमको स्वच्छ तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित हुनुपर्दछ।

**(क)** न्यायिक निकायको निर्णयप्रति चित्त नबुझे पुनरावेदन गर्न पाउने,

**(ख)** गलत नियतवस वा त्रुटिपूर्ण ढंगले

भएका निर्णय वा फैसलाउपर उजुरी गर्न पाउने, क्षतिपूर्ति दावी गर्न पाउने अधिकार,

**(ग)** हिरासतमा रहँदाबस्दा आफू माथि भएका अमानवीय, क्रुर यातना, हिंसा तथा दुर्व्यवहार लगायतका कार्य उपर निवेदन, उजुरी दिन पाउने अधिकार,

**स्वच्छ सुनुवाइः शङ्कितको अधिकार**

अनुसन्धान कार्यको लागि नियन्त्रणमा लिएको व्यक्तिले स्वच्छ सुनुवाइको अपेक्षा राख्नु कानूनी र मानव अधिकारको कोणबाट नैसर्गिक अधिकार पनि हो। स्वच्छ सुनुवाइको प्रत्याभूति अन्तर्राष्ट्रिय कानून एवं नेपालको संविधान तथा कानून समेतले गरेको छ । स्वच्छ सुनुवाइ शङ्कितको वैध अपेक्षा एवं अधिकार हो । जुन अपराध अनुसन्धान गर्ने, अभियोजन गर्ने र फैसला गर्ने सबै निकायहरू जानकार र पूर्ण पालना समेत भएको हुनु पर्दछ। स्वच्छ सुनुवाइ शङ्कितको अधिकार हो भन्ने निम्न कुराहरूले पुष्टि गर्दछ ।

**(क) निर्दोषिताको अनुमान (Presumption of innocence)**: कुनै व्यक्ति पक्राउ पर्दैमा दोषी किटान गर्न मिल्दैन । जबसम्म अधिकार प्राप्त न्यायिक निकायले दोषी प्रमाणित गर्दैन । स्वच्छ सुनुवाइको कुनै पनि चरणमा पक्राउ परेको व्यक्तिलाई अपराधी जस्तो व्यवहार गर्न पाइन्न। अनुसन्धानको सिलसिलामा निजउपर लगाइएको आरोप स्विकार गर्दैमा वा मौन बसेमा पनि निर्दोशिताको अनुमान गर्नुपर्दछ । मुद्दा हेर्ने आखिरी निकायले मुद्दाको अन्तिम किनारा नलगाउँदासम्म शङ्कितलाई निर्दोष नै मान्नु पर्दछ ।

**(ख) आरोप वा अभियोगबारे जानकारी लिन पाउने अधिकार (Rights to information about charge)**: व्यक्तिलाई के कसूरमा पक्राउ गरिएको हो ? अब के कस्तो कानूनी प्रक्रिया अपनाइन्छ ? प्रतिरक्षा गर्न के कस्तो कानूनी सुविधा र समय उपलब्ध हुन्छ ? पक्राउ व्यक्तिको आधारभूत कानूनी अधिकार तथा कर्तव्यको बारेमा सुसूचित गर्नुपर्दछ र यो निजको अधिकार समेत हो ।

**(ग) चुप लाग्न पाउने अधिकार (Rights to remain silent)**: शङ्कितले सोधपुछ वा बयानको क्रममा सोधिएका कुराहरूको जवाफ दिन, आंशिक जवाफ दिन वा जवाफ नदिई मौन बस्न पनि सक्दछ। अनुसन्धानको क्रममा शङ्कितले गरेको साबिती वा स्वीकारोक्तिलाई अदालतले मान्यता नदिने हुँदा यसको महत्व लगभग शुन्य प्रायः हुन्छ। शङ्कितलाई

आफूविरूद्ध साक्षी हुन कर नहुने तथा चुप रहनसक्ने कानूनी अधिकार रहन्छ।

(घ) **साक्षी परीक्षणको अधिकारः** शङ्कितले आफूमाथि लागेको आरोप वा अभियोग देखिजान्ने वा सुनिजान्ने साक्षीद्वारा खण्डन वा समर्थन गर्न पाउने अधिकार आफूमा निहित राख्दछ । तसर्थ, पक्राउ परेको व्यक्तिले भन्न नसकेका, पुष्टि गर्न नसकेका कुराहरू साक्षीमार्फत थप पुष्टि वा खण्डन गर्न सक्दछ र त्यसैको आधारमा न्यायलयलाई पनि निष्कर्षमा पुग्न सहज हुन्छ ।

(ङ) **कानून व्यवसायी राख्न पाउनेः** शङ्कितले आफूमाथि लागेको आरोप वा अभियोगको बारेमा कानून व्यवसायीसँग भेटघाट गर्न पाउने, सरसल्लाह र कानूनी परामर्श गर्न पाउने तथा कानून व्यवसायी राख्न सक्ने हैसियत नभएमा निःशुल्क कानून व्यवसायी राख्न पाउने अधिकार राख्दछ ।

(च) **सुनुवाइमा ढिलासुस्ती विरूद्धको अधिकारः** "ढिलो न्याय पाउनु न्याय नपाउनु सरह हो" भन्ने मान्यतामा आधारित भएर निश्चित समयमा अनुसन्धान, अभियोजन र फैसला हुनुपर्दछ । बिनाकारण न्यायमा ढिलासुस्तीबाट प्रताडित गर्नुहुन्नँ। स्वच्छ, छिटो र छरितो न्याय सम्पादनबाट नै निष्पक्ष न्यायको प्रत्याभूति हुन्छ ।

(छ) **स्वच्छ र निष्पक्ष न्यायको अधिकारः** स्वच्छ र निष्पक्ष सुनुवाइ शङ्कित व्यक्तिको नैसर्गिक अधिकार हो । निर्दोषिताको अनुमान, न्यायमा ढिलाइ विरूद्धको अधिकार, प्रतिरक्षा गर्न पाउने, साक्षी राख्न पाउने, कानून व्यवसायी राख्न पाउने, चुप लाग्न पाउने अधिकार स्वच्छ सुनुवाइअन्तर्गत पर्दछन्।

**Miranda V. Arizona Case (1966)**

सन् १९६६ मा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले Miranda V. Arizona Case मा प्रहरी नियन्त्रणमा प्रतिवादीलाई लिइएको बयानलाई लिएर प्रहरीलाई निर्देशनात्मक आदेश जारी गरेको थियो, जसलाई Miranda warning पनि भनिन्छ । सो मुद्दामा अदालतले अन्तिम निर्णय गर्दै प्रहरी हिरासतमा प्रतिवादसँग सोधपुछको क्रममा लिएको साविती बयानलाई प्रमाणको रूपमा लिन अस्विकार गर्दै सफाइ दिएको थियो।

**Facts of case:**

वर्ष २३ को Ernesto Miranda लाई जबरजस्ती करणी र अपहरण गरेको कसूरमा पक्राउ गरी प्रहरीद्वारा सोधपुछ गरिएको थियो।

सोधपुछको क्रममा निजले उक्त आरोपहरू लिखित रूपमा स्वीकार गरेको थियो जसको आधारमा प्रहरीले निज Miranda दुवै कसूरमा दोषी भएको भनी अदालतमा प्रस्तुत गरेको थियो । प्रहरीले हिरासतमा हुँदा लिएको सावितो बयान र सोही आधारमा दोषी किटान गरेको विषयमा अदालतले प्रतिवादीको अधिकारहरू बारेमा यथेष्ट जानकारी नदिई प्रहरी हिरासतमा रहेको बेला गरेको सावितीलाई अस्वीकार गऱ्यो । साथै बयान लिइनु पूर्व अभियुक्तलाई निम्न कुराको पूर्व जानकारी दिनुपर्ने भनी आदेश जारी समेत भएको थियो ।

- ♦ बयानको क्रममा तपाईंलाई चुप रहन पाउने अधिकार छ ।
- ♦ तपाईंले दिएको बयान तपाईं विरूद्ध प्रमाणमा लाग्न सक्दछ ।
- ♦ तपाईंलाई कानून व्यवसायी राख्न पाउने अधिकार छ, कानून व्यवसायी राख्न सक्नु हुन्न भने निःशुल्क कानून व्यवसायी राख्न पाउनु हुन्छ ।
- ♦ तपाईं जुनसुकै बेला पनि आफ्नो जवाफ दिनबाट रोकिन सक्नु हुन्छ ।
- ♦ तपाईंले बुझ्दै हुनुहुन्छ म के कुरा भन्दैछु ।
- ♦ तपाईंलाई उल्लेखित अधिकारहरूको बारेमा थाहा भयो भने के तपाईंले हामीले सोधेको प्रश्नको जवाफ दिन सक्नु हुन्छ ?

तसर्थ, स्वच्छ र निष्पक्ष सुनुवाइ शङ्कित व्यक्तिको अधिकार हो । निष्पक्ष सुनुवाइको अभावमा व्यक्तिले न्याय पाउनबाट वञ्चित रहन्छ भने अनुसन्धान अधिकारी र स्वयं संस्थाउपर प्रश्न चिन्ह खडा हुन जान्छ । ♦♦♦

बालकविता

## कम्मर भाँच्दै आइज

✍ **रमेशचन्द्र घिमिरे**



कति राम्री पुतली, कति राम्रो जिउ
समातेर तँलाई मैले, लाग्छ लिऊँ-लिऊँ
कता लुकी बसेको छ, तेरो हात-खुट्टा
त्योभन्दा त ठुलो देख्छु, पखेँटाका बुट्टा

जिउभरि इन्द्रेनीको रङ्ग पसे जस्तो
प्वाँखमाथि चन्द्रमाको टीको खसेजस्तो
समातेर लिन खोज्दा भाग्न खोज्छेस् फन्किई
यस्तो लाग्छ तेरा आँखा पछाडि पो छन् कि ?

फूलमाथि बसी फूलकै रूप चोर्ने धेरै छुच्ची
फूलको रस आफू मात्रै चुस्ने कति लुच्ची ?
हाम्रो घरको फूलबारीमा नाच्दै-नाच्दै आइज
फूलमाथि बस्न दिउँला कम्मर भाँच्दै आइज ।

लघुकथा

# लगानी



✍ गंगा खड्का

सुनैनाको १०+ परीक्षा सकिनासाथ जोरीपारीबाट बिहेको कुरा चल्न थाल्यो तर उसको पढ्ने चाहना अगाडि परिवारको केही जोर चलेन । उसको नर्सिङ्ग पढ्ने रहर भए तापनि घरको आर्थिक अवस्थालाई तगारो बनाएर उसलाई सस्तो कलेजमा पढाइयो । उसले स्नातकमा कलेजबाट सर्वोत्कृष्ट अङ्क ल्याई ।

सुनैनाले अब त रिजल्ट देखेर परिवार खुसी होलान् भन्ने सोचेकी थिई तर मेरो गोरुको बाह्रै टक्का भनेझैं परिवारले उसको बिहे गरिदिने कुरालाई बदलेनन् । "तेरा उमेरमा त मैले ४ वटा सन्तान जन्माइसकेकी थिएँ । अब नि बिहे नगरेर बुढी कन्या बस्ने विचार छ कि, क्या हो ?" हजुरआमाले च्याट्टिंदै भनिन् ।

"छोरीको जातले जति पढे नि एकदिन पराइ घर नगए धरै छैन । तेरा उमेरका साथीभाइ छोराछोरी च्यापेर माइती आउन थालिसके । "आमाले पनि आफ्नो विचारले लाद्न खोजिन् ।

"नानी राम्रो घर बारम्बार आउँदैन । जेठीबाठी छोरी तैं होस्, तेरो व्यवहार सकियो भने भाइबहिनीको व्यवहार गर्न सजिलो हुन्छ । त्यसैले अब चाहिं बिहे गर्ने कुरामा नाइँ नभनेस् है ।" बुबाले पनि बिन्तीभाउ गरे ।

अन्त्यमा सबैका अगाडि उसले हार खाई । बिहेको कुरा छिनोफानो भयो । बिहे एकदमै तडकभडकका साथ सम्पन्न भयो । पञ्चरात आउँदा उसले बुबासँग बिहेको खर्चको बारेमा जिज्ञासा राखी । बुबाले खर्चका बिल सबै देखाइदिए । सालाखाला ३० लाख सकिएछ ।

"बुबा ! मलाई नर्सिङ्ग पढाउन यो पैसा खर्च गरिदिनुभएको भए कमसेकम मेरो भविष्य त बन्थ्यो । यतिका फजुल खर्च गरेर के पाउनुभयो ? न पाउनेले पाएँ भन्छन्, न खानेले खाएँ भन्छन् । हजुरले शिक्षामा गरेको लगानी खेर जाँदैन भन्ने कुरा किन बुझ्नुभएन बुबा ?" ♦♦♦

# पिपासु



✍ **प्र.ना.उ. भोजराज पाण्डेय**

अनेक थरिका विविधताले मिलेर बनेको हाम्रो नेपाली समाज अत्यन्त भावनात्मक, समन्वयात्मक र भाइचारायुक्त परिवेशले घुलमिल भएर रहेको छ । सामाजिक परिवेश र रहनसहन तथा मानिसको व्यवहारले नै समाजलाई अगुवाइ गरेको हुन्छ । मानिसको सामाजिक अवस्था र उसको आर्थिक पाटो आदिको कारणबाट पनि समाजको अवस्था कस्तो छ भन्ने यथार्थतालाई प्रतिबिम्बित गर्दछ । कसैले चाहेर वा नचाहेर एकल प्रयासमा बलात् सामाजिक परिवेशलाई परिवर्तन गर्न सक्दैन । समाजको प्रतिकूल हुने कार्य यदि कसैबाट हुन्छ भने त्यो सामाजिक मूल्य मान्यता भन्दा बाहिरको कार्य ठानिन्छ । कानूनमा निर्दैशित गर्न नहुने कुराहरू थाहा हुँदाहुँदै पनि यदाकदा मानिस त्यो कार्य गर्न परिस्थितिले उसलाई बाध्य तुल्याउँदछ । किनभने कतिपय अवस्थामा सबै कुरा मानिसको आफ्नो काबुमा हुँदैन । मानिसको सँग्लो शरीर आफैद्वारा नियन्त्रित हुन सकेन र इन्द्रीयहरूलाई नियन्त्रणमा राख्न सकेन भने त्यसले समाजमा अपराधको रूप धारण गर्दछ ।

अपराध हुनलाई आपराधिक कार्य मात्र भएर पुग्दैन, त्यसको लागि घटित अपराधको मनसाय स्पष्ट हुनु पर्दछ । मनसाय बिनाको अपराध अपुरो नै हुन्छ तर हाम्रो नेपाली समाजमा हुने प्राय सबै जसो अपराधमा जोडिएको एउटा पाटो हो "मादक पदार्थ" । नेपालमा घटित अपराध प्रकृतिको आधारमा विश्लेषण गर्ने हो भने अपराध चाहे त्यो जघन्य प्रकृतिको होस् वा सामान्य एवं गम्भीर प्रकृतिको नै किन नहोस् अपराधको विभिन्न कारणहरूमध्य मादक पदार्थ सेवन नै प्रमुख कारणको रूपमा रहेको छ ।

घटित अपराधहरूको अनुसन्धानको क्रममा घटनामा संलग्न प्रतिवादीहरूलाई सरकारी वकिलसमक्ष बयान गराउने क्रममा प्राय जसो प्रतिवादीहरूको एउटै जवाफ हुन्छ, 'खै हजुर ! मादक पदार्थ सेवन गरेको थिएँ,

नशाको सुरमा थिएँ, मलाई केही पनि थाहा छैन । के कसरी मबाट यो अपराध हुन गयो थाहै भएन।'

समाजमा झै-झगडा, कुटपिट, घरेलु हिंसा, महिला हिंसा र गालीगलौज लगायतका घटनाहरू त दैनिक जसो हुने गरेको पाइन्छ र यसको प्रमुख कारण मादक पदार्थ सेवन नै हो । त्यसै गरी जघन्य प्रकृतिका घटनाहरू पनि यसको सेवन पश्चात नै हुने गरेका छन् । यहाँ यस्तै मादक पदार्थको नशामा एउटा पिपासुले गरेको अति घृणित कार्य (अपराध) लाई कथाको रूपमा लिपिबद्ध गरिएको छ ।

तनहुँ जिल्लामा रहेका ४ वटा नगरपालिका र ६ वटा गाउँपालिकाहरू मध्ये म्याग्दे गाउँपालिका पृथ्वी राजमार्गको करिब मध्ये विन्दुमा पर्ने गाउँपालिका हो । यसको पूर्वमा ब्यास नगरपालिका, पश्चिममा भिमाद नगरपालिका, उत्तरमा शुक्लागण्डकी नगरपालिका र दक्षिणमा केही भाग शुक्लागण्डकी र केही भाग ब्यास नगरपालिकाको बीचमा यो गाउँपालिका रहेको छ । पृथ्वी राजमार्गको छेउमा रहेको प्रसिद्ध अकलदेवी मन्दिर यसै गाउँपालिकामा पर्दछ । यसै पवित्र मन्दिर रहेको गाउँपालिकामा घटित एउटा जघन्य प्रकृतिको अपराध जसको अनुसन्धान गर्दै गर्दा मेरो मनले त्यस घटनाका प्रतिवादीको कति खराब मनसाय होला भन्ने कुराले मानसपटलमा झल्झल्ती र बेलाबेलामा दह्रो नङग्रा बनेर कोतर्ने काम गर्थ्यो । एक मन त मलाई के लागेको थियो भने "होइन यस्तो घटनालाई कथाको रूपमा बाहिर ल्याइनु नि किमार्थ उचित हुँदैन ।" तर आफ्नै मनले मलाई उत्तर दियो "कहाँ हुन्छ? यस्ता घटनाहरूलाई कुनै न कुनै रूपमा समाजमा जुन रूपमा भए पनि उजागर गर्न सकेको खण्डमा त्यस्ता प्रवृत्तिका मानिसहरूले अपराध गर्ने मनसाय र प्रयास गर्दैनन् ।" मलाई मेरो मनले दिएको उत्तर नै ठिक हो जस्तो लाग्यो । मैले विभिन्न प्रहरी एकाइहरूमा अनुसन्धान अधिकृतको रूपमा कार्यरत रहँदाको अवस्थामा यस प्रकृतिको घटनाको बिरलै अनुसन्धान गरेको हुँला ।

इलाका प्रहरी कार्यालय, बेलचौतारा तनहुँमा प्राप्त भएको उक्त जघन्य प्रकृतिको जबरजस्ती करणीको घटनाको सम्बन्धमा जाहेरी प्राप्त भएपश्चात तत्कालैबाट शुरू गरिएको अनुसन्धानबाट खुल्न आएको तथ्यलाई कथाको रूपमा पाठक समक्ष यसरी परिदृश्य सहित एउटा वियोगान्त आकृति बनेर प्रस्तुत गरेको छु ।

जिल्ला गोरखा साविक सिर्दिवास गा.वि.स. वडा नं. ७ हाल कायम चुमनुवी गाउँपालिका वडा नं. ३ सिलिङ्रूमा घर भई हाल स-परिवार तनहुँ जिल्लाको

म्याग्दे गाउँपालिका वडा नं. ५ थाङ्दी स्थितमा बसी, एक महिनाअगाडि जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं. ६ खैरेनीटार स्थितमा डेरा गरी बस्दै आएको केरपति गुरूङ्को नाति, मान बहादुर गुरूङ् र कुमारी गुरूङ्को छोरा चन्द्र गुरूङ् एउटा गरिब परिवारमा जन्मिएको एक्लो छोरा थियो । गाउँ घरमा निजलाई सबैले बोलाउन सजिलो हुने भएर नै होला घले भनेर बोलाउने गर्दथे । जिल्ला गोरखा चुमरूङ गाउँपालिका वडा नं. ३ स्थितमा रहेको नमस्ते प्रा.वि.बाट निजले ३ कक्षा सम्मको अध्ययन गरेको थियो । घरमा एक श्रीमती र दुई छोरा समेत गरी चार जनाको परिवार रहेको भए तापनि निजले ज्याला मजदुरी नगरी पेट पाल्न सक्ने अन्य अवस्था नरहेको हुँदा निजको आर्थिक अवस्था अत्यन्त नाजुक थियो । निज विगत २०/२५ वर्ष अगाडि देखि गोरखाबाट तनहुँ जिल्लाको म्याग्दे गाउँपालिका वडा नं. ५ थाङ्दीमा कोठा भाडा गरी बस्दै आएको थियो ।

निज गोरखा छाडेर तनहुँमा आए पश्चात नै निजको बाल बच्चाहरूको जायजन्म भएको थियो । दिनभर ज्याला मजदुरी गरी बेलुका ज्याला मजदुरीबाट प्राप्त भएको पैसाले मदिरा सेवन गरेपछि मात्र ऊ घरमा आउने गर्दथ्यो । कहिले हल्ला गर्दै आउँथ्यो त कहिले खुसुक्क आएर घरमा सुत्थ्यो । नशाको सुरमा बोल्ने शब्दहरू प्रायःबुझिने खालका हुँदैनथे । संसारमा कहिले नसुनिएको अंग्रेजी शब्दहरूको प्रयोग मिश्रित शब्दहरू निजले बोल्ने गर्दथ्यो । यो उसको दिनचर्या नै थियो भन्दा पनि हुन्छ ।

निज बसेको स्थान नजिकै पीडित परिवर्तित बेलचौतारा ९ कुमारीको स-परिवार पनि बस्दै आएका थिए । निज पीडित ऊ बसेको डेरा कोठा नजिक बेला बेलामा कहिले एक्लै त कहिले साना भुराभुरी साथीभाईहरू सँग खेल्न आउने गर्थिन् । २०७९ सालको वैशाख १६ गते बेलुकी साँझ पर्न लागेको अवस्था थियो । निजको दुई जना छोराहरू आ-आफ्नो काममा (सवारी चालक) बाहिर गएको र श्रीमती समेत घरमा नभएकोले निज आफ्नो मजदुरी काममा गई काम सकेर मादक पदार्थ समेत सेवन गरी घरतर्फ फर्कने क्रममा पीडित परिवर्तित नाम बेलचौतारा ९ कुमारीलाई बाटोमा भेट भएको हुँदा निजको मनमा "मेरो घरमा आज कोही पनि छैन । यिनलाई मेरो घरमा लगी करणी गर्छु भन्ने इच्छा जागी निजलाई फकाई फुल्याई गरी तिमी मेरो छोरी जस्तै हो, ठ्याकै मेरो छोरी जस्तै लाग्छ" भनी निजले सँगै आफ्नो डेरा कोठामा लिएर गयो । सानै उमेरको नानी आफ्नो बुबा समानको मानिससँग गएको देख्दा कोही कसैले

पनि निजसँग किन गयो होला भन्ने कुनै शङ्का गर्ने कुरा पनि भएन ।

निजले पीडितलाई कोठामा पुऱ्याएपश्चात निज सुत्ने स्थानमा राखी खाना बनाई, खाना खान दिई दुवैले खाएको थाल कचौरा र अन्य भाँडाकुँडा निज आफैले माझी पीडितलाई ऊ सुत्ने बिस्तारामा लगी निजलाई सुताई आफू पनि सोही खाटमा पीडितलाई काखमा च्यापेर सुत्यो । पीडितलाई सँगै सुताएपछि, अब तिमी मेरो घरमा बेला बेलामा आउ, म तिमीलाई मेरो छोरीलाई जस्तै धेरै माया गर्छु भनी अंगालो हालेर कुरा गर्दै सुतेकोमा अचानक सोही रातको करिब २३:०० बजेको समयमा निजलाई करणी गर्ने तीव्र इच्छा भएकोले निजको मनमा अब यही उपयुक्त मौका हो भन्ने विचार उत्पन्न भई । निजले विस्तारै पीडितले लगाएको एकसरो जामा बायाँ हातले फर्काई पीडितलाई सुमसुमाउन थाल्यो। निजले सो कार्य गर्दा पीडितलाई सो बारेमा कुनै मानसिक अनुभूति हुने कुरा पनि भएन, त्यसकारण निज नकराई बसेकी र कुनै प्रतिक्रृया समेत पीडितले नदिएकोले निजको हौसला बढ्न गई पीडितको कपडा खोली जबर जस्ती करणी गऱ्यो । निजले जबर जस्ती गर्दा पीडित पीडाले चिच्याउँदा "नकराउ केही हुँदैन । एक छिन दुख्छ" भनी मुख थुनी पुनः जबरजस्ती करणी गऱ्यो ।

उसले पीडितले असाध्य वेदनाले पीडाका स्वरहरू र कराएको आवाज निकाल्दा निज पीडित पट्टी फर्किएर "केही हुँदैन, भोलि ठिक हुन्छ" भनि थुमथुमाउने गरेको थियो । सो रात निज पीडित उसँगै एउटै विस्तारामा सुत्दा निजले "यो कुरा कसैलाई पनि नभन है, नानी ! भन्यो भने नराम्रो हुन्छ । यस्ता कुराहरू कसैलाई पनि भन्नु हुन्न" भनी धम्काएको थियो ।

भोलिपल्ट बिहान उठिसकेपछि निज पीडितलाई "तिम्रो पिसाब फेर्ने दुखेको छ, छैन ?" भनी सोध्दा "दुखेको छ" भनी बताएकी हुँदा "चिन्ता नगर केही हुन्न नानी विस्तारै निको हुन्छ, यो कुरा कसैलाई भुलेर पनि नभन है" भनी निजले चिया पकाई चिया र बिस्कुट खान दिए पश्चात चिया बिस्कुट खाई पीडित पीडाको बावजूद केही नभएको जस्तो गरी आफ्नो घरतर्फ गएकी थिइन् ।

अपराध गरेपछि मानिसको मनमा कहिले पनि शान्ति हुँदैन । उसको मनमा पनि भित्रभित्रै छटपटी भइरहेको थियो । सायद सो घटनाले पीडाबोध, हिनताबोध र अपराधबोध भएर नै होला घटना भएको एक महिनापछि सो स्थानबाट डेरा कोठा छाडी जिल्ला तनहुँ शुक्लागण्डकी नगरपालिका वडा नं. ६

खैरेनीटार स्थितमा आई डेरा कोठा गरी बसी सोही स्थानमा नै मजदुरी काम गर्दै आएको थियो ।

२०७९ असार ६ गते पीडितको आमा परिवर्तित जिल्ला ४० अन्तर्गत घर भई हाल परिवर्तित जिल्ला ३९ अन्तर्गत बस्ने वर्ष २६ की परिवर्तित नाम बेलचौतारा G2 मायाले इलाका प्रहरी कार्यालय, बेलचौतारा तनहुँमा किटानी जाहेरी दिनु भएको हुँदा सोही कार्यालयबाट खटि गएको प्रहरी टोलीले तत्काल निज बसेको स्थानबाटै जरूरी पक्राउ पुर्जी दिई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान पश्चात निजलाई मिसिल सहित जिल्ला सरकारी वकिल कार्यालयमा पेस भएकोमा जिल्ला सरकारी वकिल कार्यालयबाट पनि अनुसन्धान अधिकृतले पेस गरेको अनुसन्धान प्रतिवेदनसँग नै मेल खाने गरी अभियोगपत्र तयार गरी सम्मानित तनहुँ जिल्ला अदालतमा पेस भएकोमा अदातलमा भएको थुनछेक बहस पश्चात निजलाई मिति २०७९।३।२८ गतेको आदेशले जिल्ला कारागार कार्यालय दमौलीमा थुनामा पठाउने निर्णय भएको हुँदा निज सोही दिनदेखि कारागारको छिँडीमा आफूले गरेको घृणित अपराधको बारेमा सोचमग्न भएर बसेको छ । ♦♦

गीत

## आधा जिन्दगानी



✍ **घनबहादुर थापा**

सारा विगत बिर्सिएर गयौ मेरी रानी
कसो गरी काटूँ मैले आधा जिन्दगानी ।

एउटा पाङ्ग्रो तिमी गुड्यौ अर्को मैले थामें
आज मेची काली भयौं थरथरी कामें
पूर्णिमाको रात पनि औंसीको झैं ठानी
कसो गरी काटूँ मैले आधा जिन्दगानी ।

तिमी आयौ सम्झें मैले स्वर्गै पुगे जस्तो
माया तोडी गयौ फेरि जीवन भयो सस्तो
न अमृत छ बचाउँने न छ पिउने पानी
कसो गरी काटूँ मैले आधा जिन्दगानी ।

सारा विगत विर्सिएर गयौ मेरी रानी
कसो गरी काटूँ मैले आधा जिन्दगानी ।

## मुक्तक

✍ **रूद्र थापा**

चौबीसै घण्टा स्वदेशकै सेवामा लक्षित प्रहरी
भए पनि जतिसुकै डिउटीमा थकित प्रहरी
मुलुकबासीको जिउधनको रक्षाकै खातिर
छन् रातदिन जनताकै सेवामा समर्पित प्रहरी

परिवार र घर व्यवहार एकातिर पन्छाएर
अनेक समस्या अनि व्यथापीर पन्छाएर
राष्ट्र र जनताका दुःख सुखमा साथ दिने
अघि बढ्छन् प्रहरी नै जन्जिर पन्छाएर

हुलदङ्गा भए पनि नारा जुलुस भए पनि
चामलभन्दा बढी हावी भुस भए पनि
प्रहरी नै सकृय हुनुपर्छ सजग अनवरत
न्याय मर्न दिनु हुन्न अंकुश भए पनि

अनेक थरि बेथिति र तस्करी घटाउनुपर्छ
अराजकता र कसैको मनपरी हटाउनुपर्छ
हरेक नागरिक बिना बर्दीका प्रहरी हुन् र त
अपराधीहरू पापले घरीघरी छटपटाउनुपर्छ

पीडितको पहिलो ढोका प्रहरी प्रशासन हुन्छ
सहयोग नपाएमा उनीहरूको हृदय भन रून्छ
जनचेतना फैलाउनु पर्छ प्रहरी जनताकै त हुन्
सत्कर्म गरे सबैप्रति प्रहरीको सेवाले मन छुन्छ

# ऋतु रहस्य र तुलसीको उपादेयता



✍ **अच्युतप्रसाद पौडेल 'चिन्तन'**

वर्षभरि रहेका मुख्य छ ऋतुमध्ये वर्षा ऋतु आरम्भ भएको छ । पूर्वीय दर्शनअनुसार श्रावण र भाद्र महिनालाई वर्षा ऋतु भनिन्छ । विश्वका विभिन्न मुलुकपिच्छे ऋतुहरू फरक हुन सक्छन् । संसार वा शरीरका पञ्च तत्वमध्ये पानी एक प्रमुख विषय हो । पृथ्वीमा जमिनभन्दा पानीको मात्रा दुई तिहाइले बढी छ । सूक्ष्म ब्रह्माण्ड हाम्रो स्थूल शरीर पनि पञ्चतत्वको समिश्रण हो र बाह्य संसार भन्नु माटो र पानीको खेल हो भने भित्री संसार हाम्रो शरीर र मन मस्तिष्कलाई शीतल जल हर पल आवश्यक हुन्छ । हाम्रो खानामा पनि पानीको मात्रा बढी र हामी बसेको जमिनमुनि  पानीको अथाह जल भण्डार छ ।

चिकित्सकहरू भन्छन्, शरीरको तौललाई २० ले भाग गर्दा हुन आउने अंक बराबर लिटर दैनिक पानी पिउने गर्नुपर्छ अर्थात ६० किलो वजनको मानिसले दिनमा ३ लिटर पानी पिउनु पर्छ। पूर्वीय शास्त्रले पानीको व्यवस्थापन, पानीको स्रोत र यसको निकास, पानीको उपचार पद्धति, प्रदूषणमुक्त पानीको आपूर्ति, त्यसको भण्डारण, घरभित्र र घरबाहिर पानीको आपूर्ति स्थितिदेखि निष्कासन पद्धतिसम्ममा चर्चा गरेको छ । घरभित्र भूमिगत पानीको व्यवस्था इनार वा धाराको स्थिति, स्नानघरको दिशा निर्धारण, पानीको बहाव अध्ययनदेखि खेती किसानी कार्यमा प्रदूषणमुक्त पानीको आपूर्तिबारे समेत चनाखो रहन भनेको छ ।

स्वच्छ र पवित्र जलमा रहने जलचरहरूको स्थिति, तालतलैया, नदी संरक्षण, भूक्षय निवारणदेखि वृक्षरोपणसम्म, कलकारखानाबाट निस्कने विषादी तत्वबाट जलचर, स्थलचर, वायुचरहरूलाई पर्ने प्रभावदेखि विषादी पानीबाट उब्जनी भएका खाद्य बाली नालीहरूबाट मानवका लागि असाध्य र कडा रोगबाट पीडित हुनुपर्ने र घर वरिपरि, छिमेकमा अस्पताल,

प्रयोगशालाको वृद्धिले मानव मनस्थिति थप आक्रान्त छ अहिले । पानीको बहाव स्थिति, यसको वैज्ञानिक अध्ययन र विश्लेषण एवं समुचित प्रबन्ध हुन नसक्दा ठुला नदीहरूबाट पर्ने दुष्प्रभावका कारण कतिपय मानव घरबार विहीन भएका छन् र वर्षेनी मलिलो माटो र नवीन ऊर्जालाई खेर फालिएको छ । काठमाडौं उपत्यकास्थित पवित्र वागमती, विष्णुमती, ईक्षुमती, रूद्रमतीमा अब पानीको बहाव होइन ढलको बहाव मात्र छ । विषादीका कारण वागमतीमा वर्षमा आठ महिना ढल बग्ने गर्छ भने बाँकी चार महिना वर्षे मैलो भेल बग्ने गर्छ ।

जलचरहरू नरहने विषयुक्त नदीमा स्नान गर्न हुन्नँ । शास्त्रीय दृष्टिले घरभित्रको पानी निष्कासन गर्दा पूर्व, उत्तर वा ईशानकोणतर्फबाट निष्कासन गर्नुपर्छ । घरको पश्चिमतर्फबाट पानी निष्कासन गर्नाले घरमा सह हुन्न, दक्षिणतर्फबाट निष्कासन गरेमा परिवारमा अनावश्यक स्वास्थ्य सम्बन्धी समस्या देखा पर्ने गर्छ । छतको पानी र सेफ्टी टयांकीको पानी एकैसाथ निष्कासन गर्नु पनि हुँदैन । छानामाथिको पानी वा खाली जमिनको पानी वा आँगन, चोक, बारी आदिको पानीको निष्कासन पनि सकेसम्म उत्तरी भागतर्फ निकास दिनुपर्छ ।

घरको ठिक ईशान दिशामा इनार, बोरिङ्ग वा हल्का गहिरो क्षेत्र शास्त्रीय दृष्टिले शुभ मानिन्छ । ठिक ईशान दिशामा सम्भव नभए पूर्व या उत्तर पनि इनारको लागि शुभ मानिन्छ तर दक्षिण, नैऋत्य दिशामा रहेको इनारले रोग, अशान्ति, धनको हानि शरीर पीडा आदिको संकेत दिन्छ । वायव्य वा पश्चिम दिशाको पनि इनार शुभ हुदैन । अग्निभय, शत्रु पीडा, सन्तति क्षय र आर्थिक संकट आदि घरको इनार नमिलेकै कारण हुने गर्छ । त्यसैगरी भूमिगत ट्याङ्की पनि सर्वोत्तम क्षेत्र घरको ईशान दिशा नै हो । ईशानकोण सम्भव नभए उत्तर या पूर्वतर्फ पनि उत्तम हुन्छ ।

जमिन सतहभन्दा अग्लो हुने गरी भने ट्याङ्की बनाउनु हुँदैन । हिजोआज घरभित्र र त्यसमा पनि कोण पर्खालमा पर्नेगरी भूमिगत ट्याङ्की निर्माण गर्ने गरेको देखिन्छ, त्यो शुभ होइन । छानामाथिको ट्याङ्की भने नैऋत्य दिशा सर्वोत्तम हो । नैऋत्य दिशामा सम्भावना नरहे वायव्य दिशामा छतको ट्याङ्की राख्न सकिन्छ । घरभित्र स्नानगृह भने घरको पूर्व दिशा सर्वोत्तम हुन्छ । अन्य दिशातर्फ पनि स्नानगृह बनाउन सकिन्छ तर स्नान गर्दा, हात-मुख, धुँदा जहिले पनि सकेसम्म पूर्व या उत्तर वा पूर्वोत्तर फर्कनुपर्ने हुन्छ । गीजरको प्रबन्ध भने स्नानगृहको

पूर्व दक्षिण कुनामा गर्नुपर्ने हुन्छ भने वासबेसिन, ऐना आदिको प्रबन्ध उत्तर-पूर्वमा नै गर्नुपर्ने हुन्छ । घरबाहिरको स्नानगृह अन्य दिशामा पनि राख्न सकिन्छ तर घर/भवनको भित्तामा टाँस्नु भने हुँदैन । ठूला महलहरूमा पानीको प्रबन्ध हरेक तला पिच्छे छुट्टाछुट्टै गर्नुपर्छ र यसो गर्दा उत्तर/पूर्वतर्फ नै पिउने पानीको प्रबन्ध गर्नुपर्छ ।

वर्षा ऋतुमा वृक्षारोपण गरी सदैव हरियाली निर्माण गर्न सके समस्त दिवंगत पितृहरू खुसी हुन्छन् । वृक्षरोपण गर्नु भनेको पितृयज्ञ नै हो । वृक्ष वरिपर नै पानी बढी हुन्छ । अरूको लागि पानीको प्रबन्ध गर्नु भनेको महा-पुण्य प्राप्ति गर्नु हो । जहाँ सीमसार क्षेत्र वा जलाशय हुन्छ त्यहाँको प्रकृति रमणीय हुन्छ र जलचरहरू संरक्षित महसुस गर्न सक्छन् । जलचर हाम्रा अभिन्न मित्र नै हुन् । जीव मात्रको कल्याण मानिसको ठूलो धर्म हो । मानिसले केवल आफ्ना लागि मात्र पानीको प्रबन्ध गरेर हुँदैन, अरूको लागि पनि गर्नुपर्छ । कुवा, तलाउ, धारा निर्माण गर्ने मानिसले जीवनमा अन्य वस्तु दान गर्नु पर्दैन भनिएको छ । आफूले निर्माण गरेको कुवा, तलाउ क्षेत्रमा सधैंभरि पानी रह्यो भने उसलाई विषम् संकटको घडी कहिल्यै देखा पर्दैन । वर्षा ऋतुमा निर्माण भएका कुवा आदिमा शरद ऋतुसम्म पानी रह्यो भने त्यस्तो व्यक्तिले एक हजार गौदानको पुण्य प्राप्ति गर्न सक्छ । वर्षा ऋतुमा निर्माण गराएको ईनार, कुवामा हेमन्त वा शिशिर ऋतुसम्म पानी रहेमा धेरै स्वर्णमुद्रा दान गरेको पुण्य मिल्छ । हिजोआज असारे विकासले घर वरिपरि, बाटोघाटो सबै पिच गर्ने परिपाटीले वर्षाको पानी जमिनभित्र जान सकेको छैन । इनार, जलाशय, नदी, कुवा निर्माण गर्ने क्षेत्र प्राय शहरी क्षेत्रमा देखा पर्दैन तर पनि सत्यरूपी तीर्थ नै विशाल, सिद्ध र पवित्र जलाशय हो यसमा योगाभ्यास गरी मनद्वारा सात्विक र प्रदूषणमुक्त स्नान गर्नसके माथिको पुण्य प्राप्त गर्न कठिन छैन ।

पिपल र तुलसीले धेरै पानी बोक्छ । तुलसीको विशेष पर्व आषाढ शुक्ल एकादशी अर्थात चतुर्मासको आरम्भ भइसकेको छ । प्रत्येक तिथि र बारका स्वामीहरू अलग अलग रहेका छन् । द्वादशीका स्वामी विष्णु हुन्, विष्णु भन्नु तुलसी नै हो । तुलसीको शाब्दिक अर्थ 'तु' भन्नाले तुरीय अवस्था मानवको मस्तिष्क ज्ञानको अभिव्यक्ति बुझिन्छ । 'ल' को अर्थ वैराग्यको प्रतीक हाम्रो स्थूल शरीर भाग शेष अर्थात 'लक्ष्मण' बुझिन्छ र 'सी' को अर्थ हुन्छ हाम्रो हृदयको प्रतीक भक्ति 'सीता' हो ! हाम्रो मस्तिष्कमा

ज्ञान र विज्ञान, हृदयमा भक्ति र बाह्य शरीरमा वैराग्यको त्रिवेणी भन्नु नै तुलसी उपासनाको मूल ध्येय हो । घर, महल, मठ, मन्दिरहरूमा र चतुर्मास अवधि आषाढदेखि कार्तिकसम्ममा तुलसीको विशेष चिन्तन हुने गर्छ । तुलसी वृक्ष, उपासना वा मोठ भएका घरमा वास्तुदोष पनि रहदैन । आवासगृहहरूमा अन्य वृक्ष, रूखहरूले छायाँ परेका भए वास्तु दोष मानिन्छ भने तुलसी वृक्षको छायाँ परेमा वास्तु दोष मेटिन्छ । शास्त्रानुसार तुलसीको मोठ गमला आदि सजाउने कार्य उत्तर, पूर्व या पूर्वोत्तर गर्नुपर्छ । तुलसी वृक्षबाट बिघ्नबाधाहरू हट्छन् । मनको भय, अशान्तिहरू दूर हुन्छन् । रोगनाशक शक्ति हुन्छ तुलसीमा ! आपत् उद्दारक बीज शक्ति तुलसीको उपासना गरेरै अपहरित सीतालाई रावणरूपी क्रोध, भय, हिंसाको अनि तनावको स्थितिबाट मुक्त गर्नु भएको थियो श्रीरामले !

पञ्चवटी क्षेत्रमा आफ्नै हातले जलसेचन गर्दै तुलसी प्रार्थना गरेको र उनै राम द्वापरयुगमा कृष्ण भई धर्ती अवतरित भएर वृन्दावन सुरम्य भएको हो । वृन्दा भन्नु तुलसी नै हो, यसको विशालताले त्यो क्षेत्र वृन्दावन भएको हो । तुलसी वृक्षक्षेत्र आफैमा पवित्र हुन्छ, नयाँ ऊर्जा पनि दिन्छ । मृत्यु शैय्यामा पुग्न लागेकाहरूलाई यसले 'मृतसञ्जीवनी'को काम गर्छ । तुलसी दर्शनले शरीरको सबै प्रकारको अभिष्ट फल प्राप्त हुन्छ । घरघरमा तुलसीको स्थापना गर्नाले परमेश्वर सदा शिव सदैव प्रसन्न हुनुहुन्छ । तुलसीदललाई वैधृतियोग, व्यतीपातयोग, भृगुबार, मङ्गलबार, औँसी, पूर्णिमा तिथि, द्वादशी, आशौच समय र सूतकमा टिप्नु हुँदैन । तुलसीका सुप्रसिद्ध आठ नामहरू मध्य-'वृन्दा', 'वृन्दावनी', 'पुष्पसारा' 'नन्दिनी' हो जसको अर्थ हुन्छ-सारा विश्वलाई पवित्रतम बनाउने ! विश्व ब्रह्माण्डको उदय धर्तीको मूल तत्व पाँच भौतिक पदार्थ हो । अग्निपुराण, अथर्ववेद, उपनिषद्हरूदेखि मत्स्य पुराणसम्म र अनेकौं पूर्वीय धरोहर, साहित्य नै हुन् । यसै अन्तर्गतको छुट्टै पुराण ब्रह्मवैवर्त पुराणले तुलसीको व्यापक चर्चा गरेको छ ।

तुलसीसँग वायु प्रदूषण मुक्त गर्ने क्षमताको साथै जल प्रदूषणको मुक्तिको क्षमतासमेत रहेको हुन्छ । यमुनातटमा द्वापरयुगमा तुलसी वृक्ष भए पनि हाल कलियुगका नदी किनारमा तुलसी वृक्ष निषेध छ । जीवनका सञ्चालक जलशायी विष्णु र विष्णुको प्रतीक तुलसी अनि वर्षा ऋतुसँग घनिष्ट सम्बन्ध छ । वर्षाको पूर्वाभ्यास सँगसँगै अन्नको मूलस्रोत जल भण्डार वितरण यसै आषाढदेखि नै हुने गर्छ । विस्तारै जलको वर्षा कम हुँदै जीवनको मूलस्रोत

अन्न भण्डारको थालनी कार्तिक मार्गसँगै तुलसीको पूजा समापन हुने गर्छ । जीवनको उदय भनौं सृष्टि जलबाटै हुने हो र रक्षा अन्नबाटै हुने हो । जल र अन्न दुवैका लागि वायु र माटो आवश्यक छ । जीवन पनि वस्तुकै पर्याय हो । यसर्थ जीवन र हाम्रो समस्त जगत व्यवस्थित सञ्चालनका लागि प्राप्त पूर्वीय चिन्तन मुताविक आफूलाई सहज ग्रहण गर्ने क्षमता राख्दा आफू, आफ्नो परिवार, समूह, समाज, राष्ट्र र पूरै विश्व एउटा परिवारमय हुन पुग्छ । जलवायु परिवर्तनको संकट समाधान गर्ने वैज्ञानिक उपाय दिन सक्छौं हामी संसारलाई । ♦♦

**कविता**

**रविना भुजेल**

खण्डहर जस्तो घरको मझेरीमा
दुःखी बुढी आमालाई छाडेर
पहिरो छेउको आगन डिलमा
दमको बुढो बालाई छाडेर
मैलो टोपीले आँसु पुछ्दै
एक जुग अघि विदेशिएको म

उज्यालोले शहरमा पाइला नटेक्दै
जुनेली रातको वैश नढल्दै
म नापिरहेछु यी बिराना सडकहरूमा
पोखिरहेछु पसिना यी बिराना माटोहरूमा
हराई रहेछु यो बिरानो देशमा
एक जुग भयो विदेशिएको म

प्रेमीले प्रेमीकालाई जिस्काए जस्तै
मलाई जिस्काइरहेछ मेरै भाग्यले
कहिले रूवाउँछ कहिले हसाउँछ बेस्सरी
घरको एक तला थप्ने आशामा
सुख र खुशी खोज्ने लालसामा
एक जुग भयो विदेशिएको म

बिर्सेको छैन मैले दसैं, तिहार र ल्होसार
टीका, जमरा र सयपत्री फूलहरू
अनि घाँटु सोरठी र त्यो रोधी घर
छाती भित्र सुटुक्क मेरो गाउँ राखेर
पैताला भरि मेरो देशको माटो बोकेर
एक जुगअघि विदेशिएको म

संस्मरण

# मेरो गाउँ मेरै परिवेश



✍ गङ्गा कर्माचार्य पौडेल

संस्मरण लेख्नु भनेको विगतलाई आगतसित जोड्नु हो । पुराना र बिर्सन लागेका घटनालाई स्मृतिपटलबाट निकालेर लिपिबद्ध गर्नु हो । ओभ्रेलमा परेका सम्भ्रनालाई पुनर्ताजगी गर्नु हो भन्ने लाग्छ मलाई । संस्मण लेखन विशेषगरी स्थान विशेष, घटना विशेष र व्यक्ति विशेषमा लेखिएका पाइन्छन् । म अहिले मेरो गाउँ मेरै परिवेश शीर्षकमा (स्थान विशेष) संस्मरण लेख्ने जमर्को गरिरहेकी छु । यसका लागि सबैभन्दा पहिले आफ्नै जन्मस्थलको परिचय गराउन उपयुक्त लाग्यो मलाई ।

**परिचयः**

मेरो गाउँको नाम दार्सिङ् हो । म त्यहाँ २०११ साल भदौ २० गते जन्मिएकी थिएँ । गण्डकी अञ्चलको स्याङ्जा जिल्ला दहथुम गा.वि.स.मा पर्ने दार्सिङ् अहिलेको नयाँ व्यवस्था अनुसार गण्डकी प्रदेश नं ४ भिर्कोट नगरपालिका वडा नं १ मा पर्दछ । खास गरी नेवार जातिको बाहुल्य रहेको सो बस्तीको पूर्वमा जगतपुरको हरियो डाँडा, पश्चिममा सलल बगिरहेको सङलो आँधीखोला, उत्तरमा देखिने भ्रललल भ्रल्किरहेका अन्नपूर्ण, माछापुच्छ्रे हिमालका केही भागहरू, दक्षिणमा लहलह धानका बाला भ्रुल्ने उर्वर जमिन सहितको ठूलो फराकिलो फाँट, त्यही छेउमा तीसमुरी नामको एउटा सिमसार (पानीको रह) थियो । त्यो सिमसारमा बकुल्ला, चखेवा लगायत साइबेरियादेखि आएका थरिथरिका पाहुना चराहरू रमाइरहेका हुन्थे। हिउँदमा आकाशदेखि भ्ररेको भुईंकुहिरो, साउन भदौतिर बगरमा सेताम्मे फुलेका काँसहरूले शोभायमान अनुपम प्राकृतिक सौन्दर्यले भरिपूर्ण थियो, दार्सिङ् गाउँ । त्यस्तो रमणीय आफ्नो जन्मभूमिसित जोडिएका उबेलाका थुप्रै रमाइला घटनाहरू छन् तीमध्ये तीनवटा घटनाक्रमलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

**बटौलीको चामल-**हाम्रो गाउँका ९९ प्रतिशत मानिसहरू कृषक थिए । खाद्यान्न उत्पादनमा पूरै गाउँ आत्म

निर्भरथियो । लत्ताकपडा, जिरामसला खाद्यान्न आयात गर्नु पर्दैनथ्यो । सकेसम्म आफ्नै घरको उब्जनीले वर्ष दिनलाई खान पुऱ्याउँथे, गाउँलेहरू । केही गरी अपुग भयो भने छरछिमेकमा सरसापट चल्दथ्यो तर किनेर खाने चलन पटक्कै थिएन । मंसिरमा धान काटेर खेतमा कुनिउँ लगाएपछि कसको धानको कुनिउँ ठूलो छ भनेर हेर्ने गरिन्थ्यो । धान भित्र्याउने बेलामा कसले कति धान भित्र्यायो भनेर चर्चा हुन्थ्यो । त्यसकारण घरको अन्न उत्पादनसँग परिवारको इज्जत पनि जोडिएको हुन्थ्यो । एउटालाई दुःख परे अर्काले मद्दत गर्थे । समाजमा आइपरेका जतिसुकै ठूला समस्या पनि आपसमा मिलेरै समाधान गर्थे ।

त्यस्तो सामाजिक परिवेश भएको ठाउँमा २०१८ साल कार्तिकको दोस्रो हप्तातिर ठूलै दैवी विपत्ति आइपऱ्यो । असिनाले खेतबारीमा पाक्न लागेका अन्नबाली झारेर सखाप पारिदियो । वर्षभरि खाने अन्न त्यसरी असिनाले एकैदिनमा खाइदिएपछि बाहिरबाट चामल किनेर खानु पर्ने अवस्था आइलाग्यो । मोटर चल्ने बाटो बनिसकेको थिएन । मान्छे र खच्चडले ढाडमा बोकेर बटौली (बुटवल) देखि आवश्यक सामान ओसार्थे ।

हाम्रो बुबाले पनि खच्चड धनीसँग बटौलीबाट चामल मगाउनु भएको थियो । खच्चडले चामल ल्याएपछि कसैले देख्लानकि भनेर त्यो चामलको बोरालाई बुबाले कुनै अवैध बस्तुझैं झटपट माथि सिरान तलामा लगेर लुकाउनु भयो । अनि तल आएर हामीलाई भन्नु भयो "हाम्रो घरमा बटौलीको चामल ल्याएको छ भनेर कसैलाई नभन्नु है, लाज हुन्छ, इज्जत जान्छ" ।

आफ्नो घरको धान कुटेर ताजा मिठो भात खाएको बानी परेका हामीलाई बटौलीको चामलको भात ह्वास्स गन्हाएर पहिलो छाक त खानै सकेनौं । छोरीहरूले भात खान सकेनन् अब के गर्ने होला भनेर बुबाआमालाई पीर पऱ्यो । दोस्रो छाकमा आमाले चामल बेस्सरी पखालेर घिउ र दुध हालेर पकाएपछि बल्ल दुइचार गाँस निल्यौं । त्यसपछि विस्तारै बानी परेको थियो ।

हुन त गाउँभरि सबैको हालत हाम्रो जस्तै थियो । तापनि चामल किनेको कुरा कसैले कसैलाई भन्दैनथे । अरू वर्ष मंसिरमा धान भित्र्याउने बेला कसको खेतमा कति धान फल्यो भनेर चर्चा गर्नेहरू असिनाले धान झारेर भकारी रित्तै भएको बेला बटौलीको चामल कसले कति किन्यो भन्ने शब्द कसैको मुखबाट निस्कदैनथ्यो । त्यस कारण बटौलीको चामलको भात खाँदा नि

अरूले देख्लान् कि भनी लुकेरै खान्थ्यौं ।

**आलुको चप्पल**-अहिलेका बच्चालाई जन्मिएको केही दिनमै खुट्टामा जुत्तामोजा लगाइदिन्छन् तर हाम्रो पालामा जुत्ता किन्नै पाइन्नथ्यो । हुनेखाने घरका पुरूषहरू स्थानीय सार्कीले हातैले सिलाएर बनाएका छालाका जुत्ता लगाउँथे । त्यसलाई काने जुत्ता भनिन्थ्यो । हाम्रो बुबाको पनि थियो काने जुत्ता । त्यस्तो जुत्ताको रङ् खैरो हुन्थ्यो अनि साह्रो र अरठ्ठ परेको हुन्थ्यो । कहिलेकाहीं बुबाको जुत्ता पानीले भिजिहाल्यो भने ढाडिएर छाला गन्हाउँथ्यो र कुकुरले बोकेर कता पुऱ्याउँथ्यो कता खोज्दैको फसाद । अरू महिला पुरूष केटाकेटीहरू सबै नाङ्गै खुट्टाले हिंड्थ्यौं । त्यसरी हिंड्दा ढुङ्गाका गिर्खाले बिझाउने, काँडाले घोच्ने त कति हो कति । यसै पनि म जन्मिएको तीन वर्षमा पोलियो भएर बायाँ गोडा कमजोर भएकी फुच्ची हिंड्दा बाटैमा बुङ्लुङ् बुङ्लुङ् लड्थें त्यसैमा नि नाङ्गो खुट्टा के चाहियो र, दुईचारओटा काँडा नबिझेको दिनै हुन्नथ्यो अनि आमाको अगाडि ऐया भन्दै खुट्टा तेर्स्याएर दिनदिनै रून्थें । आमाले सियोको टुप्पोले काँडा झिकिदिनुहुन्थ्यो । एकदिन ठूले सार्कीले बुबाको लागि जुत्ता ल्याउँदा आमाले भन्नुभयो "मेरी कान्छी छोरीको खुट्टामा दिनदिनै काँडा बिझ्छ । विचरा राम्ररी हिंड्न नि सक्दिन । यस्तै एकजोर जुत्ता सिलाइदेउ न, ठूले !" ।

ठूलेले "हजुर, त्यस्तो सानो साँचो (खुट्टाको नापमा बनाइएको काठको बस्तु) छैन मसित फेरि आजसम्म छोरी मैयाँहरू कसैले जुत्ता लगाएको देखेको नि छैन" भनेर जवाफ दियो । उसको जवाफ आमालाई मन परेन । उहाँ जुरूक्क उठेर भित्र जानुभयो । मलाई जुत्ता नसिलाई दिने त्यो ठूले सार्की दाइलाई आँखा तर्दै आमाको पछिपछि भित्र गएँ म पनि ।

२०२२ सालको फागुन महिनाको कुरा हो, छाङ्छाङ्दी बजारमा (वर्षको एकपटक शिवरात्रीमा मेला लाग्ने ठाउँ) पहिलो पटक रबरको चप्पल आएछ । त्यसलाई आलु चप्पल भन्थे । दिदीहरूले किनेर लगाएको देखें । उहाँहरूले अब यो आलु चप्पल लगाएपछि काँडाबाट बचिने भयो भनेर कुरा गरेको पनि सुनें । त्यसपछि मलाई पनि चप्पल लाउन मन लाग्यो र दिदीलाई ल्याइदिनुस् न भने । "चप्पल त आफैले खुट्टामा लगाएर ल्याउनुपर्छ । अरूले ल्याउँदा नमिल्न पनि सक्छ भन्नु भयो" ।

भोलिपल्ट म एक्लै बजार गएँ । आमाले तिमी हिंड्न सक्दिनौ एक्लै नजाउ भन्दाभन्दै पनि नमानेर घरबाट निस्कें । बाटोमा दुईचार चोटी

लड्दै उठ्दै गरेर बल्लबल्ल छाड्छाड्दी बजार पुगें। आँधीखोलाको बगरमा बाँसको मान्द्राले बारेर अस्थायी छाप्रो बनाई बिचमा बाटो छोडी दायाँबायाँ लाइनै पसल थापेका रहेछन् । मेरो पहिलो उद्देश्य आलु चप्पल किन्नु थियो । त्यसैले पसलैपिच्छे चप्पल छ भनेर सोधें । १५ वटा जति पसलमा सोधेपछि नौतनवादेखि पसल थाप्न आएका एकजना मुसलमानको  पसलमा रैछ चप्पल । कति पर्छ भनेर सोधेको दुई रूपियाँ भन्यो । ल भनेर दुइवटा डबल दिएर एकजोर चप्पल किनें तर लाउन जानिन । उसैले त्यो चप्पलको लोता खुट्टाका दुई औंलाको कापमा  छिराउन सिकाइदियो । त्यसपछि चप्पल लाएर फुर्किदै दुई पाईला सारेकी मात्र थिएँ पसलै अगाडि बुङ्लुङ्ग लडिहालें । पसलेले ए ए भनेर मलाई उठाउन आउँदै थियो । आफै जुरूक्क उठी हालें। किनभने लड्ने र उठ्नेमा अभ्यस्त भइसकेकी थिएँ । त्यसपछि सधैं स्वतन्त्र चालले हिंड्ने गरेको मेरा खुट्टाहरूमा आलु चप्पल लाइदिएपछि घाँडो झुण्ड्याइदिए जत्तिकै असजिलो भयो । अनि मेरो पालो दुइवटै खुट्टाबाट चप्पल थुतेर काखीमा च्यापें। मसँग अझ तीन ओटा डबल बाँकी नै थियो । घरदेखि तीन घन्टा लगाएर हिंडेर आएको भोक पनि लागिराथ्यो । पसल हेर्दै जाँदा एक ठाउँमा जुल्पी (जेरी) पकाइरहेको देखें। एकसुकाको जुल्पी (जेरी) मागेको पसलेले आधा टपरी दियो । भोक लागेको बेला मन तातो रसिलो जुल्पी के चाहियो र अरू ? मुखमा हाल्दै च्वामच्वाम चपाएर अघाउन्जेल खाएँ ।

पेट भरिएपछि अब मेरा आँखाहरूले कपालमा लाउने झिलिमिली काँटा, हातमा लाउने झल्कने टल्कने चुराहरू खोज्न थालें । काखीमा चप्पल बोकेर नाङ्गो खुट्टा पसल–पसल चहारेको एउटी महिलाले हेरिराकी रहिछिन् । तिनले भनिन् “ए नानी ! चप्पल किन बोकेको? खुट्टामा लाउ न”। उनलाई हेरेर म ङिच्च हाँसे अनि मनमनै भने लाउन जाने त लाइहाल्थें नि तिमीले भन्नु पर्छ र ? त्यसपछि छाड्छाड्दी बजारबाट आफूलाई चाहिने सामान किनेर चप्पल सहितको पोको काखी च्यापेर म घर फर्कदै थिएँ । घर पुग्नु अलि वर बाटोमा एउटा ढुङ्गामा ठेस लागेर नराम्ररी पछारिएँ । काखीमा च्यापेको सामानको पोको चारहात पर उछिट्टिएर छरपष्ट छरियो । ऐया नि, आमा ! भन्दै उठेर हत्तनपत्त आलुको चप्पलतिर हेरें । त्यो आलुको चप्पलले पनि मलाई नै हेरेर हाहाहा गरी हाँस्दै गिज्याइरहे जस्तो देखें मैले ।

**रानी रहको फिस डान्स**–मेरो

गाउँ अन्न उब्जाउमा मात्र होइन जलस्रोतको पनि उत्तिकै धनी थियो । गाउँ नजिकैबाट आँधी खोला सललल बगिरहने भएकाले पानीको त दुःखै थिएन । चिलाउनेबास, ९ स्थित डहरे लेकको बाक्लो बन बिचको श्रवणको तपोभूमि अन्धा-अन्धी दह उद्‌गमस्थल रहेको आँधीखोला सेती दोभान, स्याङ्जा पुतलीखेत हुँदै दार्सिङ्मा आइ पुग्थ्यो । त्यसपछि वालिङ्, गल्याङ् हुँदै काली गण्डकीमा मिसिन्थ्यो । यसरी आफू बग्ने बाटोको ठाउँठाउँमा ठूला र गहिरा रह पनि बनाएको हुन्थ्यो आँधी खोलाले । मेरो गाउँको रानी रह र बेगमती रह नामी थिए । फराकिलो र गहिरो पनि उत्तिकै थियो । पानीको रंग हुन्थेन तर ती रहको रंग निलो थियो । बेगमती र रानी रह आधा किलोमिटर जतिको दुरीमा थियो । रानी रह बेगमती भन्दा अझ गहिरो छ भनिन्थ्यो । रानी रहमा विभिन्न प्रजातिका माछाहरू थिए तापनि विशेषगरी सहर माछाका सात पुस्तालाई एकै ठाउँमा हेर्न सकिन्थ्यो । ठूला मझौला साना माछाहरू समूह-समूहमा पानीभित्र तैरिरहेका सर्लक्कै देखिन्थ्यो । ती माछाहरूलाई जाल हानेर मार्न सक्दैनथे । त्यतिबेला माछा मार्ने बम आएको थिएन । त्यस कारण ती माछाहरू बाँच्न पाएका थिए र रानी रहको सौन्दर्य बढाइरहेका पनि थिए । त्यही सौन्दर्य हेरेरै आनन्दित हुन्थ्यौ हामीहरू ।

एकदिन हामी केटाकेटीहरू ढुङ्गामाथि बसेर माछाहरू हेरिरहेका थियौं। तीलबहादुर काकाले "ओहो ! तिमीहरू पनि फिस डान्स हेर्न आएका ?" भन्नुभयो । बृटिस आर्मीका जागिरे काका बोल्दा अंग्रेजी मिसाएर बोल्नु हुन्थ्यो । हामी मुखामुख गरेर हाँस्यौ । किनभने फिस डान्स हाम्रो लागि नौलो शब्द थियो । चार कक्षादेखि मात्रै एविसिडि पढाइ हुने ऊ बेला भर्खर दुई कक्षामा पढ्थ्यौं । हामी त्यहाँबाट उठेर हटिया याँचुको घर छेउको खोलामा पौडी खेल्न गयौं । याँचु, अप्सरा, धन, सहित अरू केटाकेटीहरू पनि छ्याप्लाङ्छुप्लुङ गर्दै पौडिरहेका थिएँ । म भन्दा उनीहरू पौडिन सिपालु थिए । म पनि उनीहरूको सिको गर्दै जाँदा छिहिरामा परेछु अनि पानीले सुलुलु बगाएर तलै पुऱ्याएको कसैले चालै पाएनन्। त्यही बेला कताबाट साइँलाबुबा टुप्लुक्क त्यही आइपुग्नु भएछ र झवाम्मै खोलामा हाम फालेर मलाई पानीबाट बाहिर निकालेर पेट थिच्दै पानी छदाउनु भएको थियो । यदि साइँला बुबाले नदेख्नु भएको भए आज म पानीभित्रबाटै फिस डान्स हेरिरेहेकी हुन्थें होला । ♦♦♦

# झण्डाको आविष्कार र नेपालको झण्डा



✍ त्रिचन्द्र प्रतिक्षा

झण्डा शब्दको अर्थ नेपाली वृहत शब्दकोशमा 'डन्डाको टुप्पामा जडिने र खास गरी भवन, मन्दिर आदिमा फहराइने, कुनै देश, संस्था, दल आदिको विशेष प्रतीक वा चिन्ह अङ्कित कपडाको विभिन्न आकार र रङको टुक्रा, त्यस्तै आकारमा बनेको कागत, धातु आदिको टुक्रो परिचायक चिन्ह, ध्वजा, पताका' भनेर उल्लेख गरिएको पाइन्छ ।

संसारमा पहिलो झण्डा कुनै देश, प्रदेश वा सेनाको थिएन । त्यो समयमा केवल झण्डाको प्रयोग दुष्टआत्मा र भूतप्रेतबाट बच्नका लागि प्रयोग गरिएको थियो । मानिसहरूले आफ्नो घरको छतमा बाँसको माथिल्लो भागमा रंगीन कपडाहरूको विशेष आकार प्रकार र रूपरङ्ग अर्थात् जसमा डर लाग्दो जनावरको मुखाकृत वा गाउँका पण्डित पुरोहितले भनेको कुनै निशान छाप लेखेर फहराइन्थ्यो ।

गाउँमा हुने तिहार मेला लाग्दा पनि यस्तै झण्डामुनि मानिसहरू भेला हुने गर्दथे । झण्डामा रहेको आकृति देखेर दुष्टात्माहरू र भूतप्रेत डराएर भाग्दछ भन्ने जनविश्वास थियो ।

ईशाभन्दा पाँच शताब्दीअघि चीनमा झण्डा आकारमा ड्रागनको चित्र राखेको थियो उक्त झण्डा फहराउँदा ड्रागनले आफ्नो लामो जिब्रो फ्याँक्दै अगाडि बढेको जस्तो देखिन्थ्यो । चिनियाँहरूलाई के विश्वास थियो भने यसलाई देखेर शत्रु डराएर भाग्नेछन् ।

विभिन्न स्थानका मानिसहरूले कपडामा फरक फरक आकृतिहरू प्रयोग गर्दथे, सोही आकृति क्रमशः त्यो गाउँ ठाउँ वा प्रदेशको प्रतीक बन्न पुगे । यसरी विभिन्न राष्ट्रका झण्डाहरू लोकप्रिय हुँदै गए । १०औं शताब्दीसम्म विभिन्न राष्ट्र र उक्त देशका सेनाहरूको विभिन्न आकार प्रकारको झण्डा बनाइएको थियो । यस्तो झण्डा विशेष गरी युद्ध मैदानमा सेनापति र राजा दुवैको झण्डा (विशेष आकार प्रकार र रंगमा) प्रयोग गर्ने गरिन्थ्यो । कुनै पनि लडाइँमा सहभागी हुनका लागि सेनापतिको झण्डा

सेनाको अघिअघि हुने गर्दथ्यो भने राजाको झण्डा सेनाको बीचमा । राजाको झण्डालाई एकदम सुरक्षित तवरले प्रयोग गरेको हुन्थ्यो र कुनै पनि मूल्यमा उक्त झण्डा भुइँमा खस्न दिइँदैन थियो । राजाको झण्डा झर्नु खस्नु भनेको सेनाको पराजय भएको मानिन्थ्यो ।

सबैभन्दा पहिले चीन, भारत वा रोमवासीहरूले कपडाको झण्डा प्रयोग गरेको भनिन्छ तर यो पनि पुष्टि भएको छैन । ब्रिटानिका विश्वकोशका अनुसार, ईशापूर्व ११२६ मा चीनमा रहेको झाओ राजवंशका बेला सेतो रंगको झण्डा प्रयोग भएका प्रमाण फेला परेका छन् ।

हरेक राष्ट्रको झण्डाको पछाडि कुनै न कुनै कथा जोडिएको पाइन्छ वा त्यो राष्ट्रको विशेष सन्दर्भका कुनै न कुनै अर्थ बोकेको हुन्छ ।

सेतो पट्टी भएको अष्ट्रियाको रातो झण्डा पछाडिको एउटा रोचक कथा छ । भनिन्छ, एक जमानामा अष्ट्रियाली सेना एउटा ठूलो युद्धमा नराम्ररी पराजित भएको थियो । युद्धमा बाँकी रहेका सिपाहीहरूले आफ्नो प्राणको आहुति दिएर झण्डाको रक्षा गरिरहे । अन्ततः झण्डा पनि ढले । त्यसै बेला रगतले लतपतिएका सिपाहीले आफ्नो लुगा फुकालेर हल्लाए । रगतले लतपतिएको कारण लुगा पुरै रातो थियो, तर जहाँ उसले झोला बाँधेको थियो, त्यहाँ मात्र सेतो पट्टी जस्तो आकृत थियो । त्यस समयदेखि अष्ट्रियाले सोही आकृतिलाई झण्डाको रूपमा प्रयोग गर्न थाले ।

संसारको सबैभन्दा पुरानो राष्ट्रिय झण्डा डेनमार्कको झण्डालाई मानिन्छ, जुन सन् १२१९ मा प्रयोग शुरू गरिएको थियो । त्यसपछि सन् १३३९ मा स्वीट्जरल्याण्डले पनि आफ्नो राष्ट्रिय झण्डा प्रयोगमा ल्याएको हो । १९औं शताब्दीसम्म आइपुग्दा प्रत्येक देशले आ-आफ्नो राष्ट्रिय झण्डा छनोट गरेका हुन् ।

अमेरिकाको झण्डालाई 'द स्टार्स एन्ड स्ट्राइप्स' वा 'वर्ल्ड ग्लोरी' पनि भनिन्छ भने झण्डामा हुने ५० वटा ताराले त्यहाँका ५० वटा राज्यको संकेत गर्छ । यसैगरी भारतको तिरङ्गा अर्थात तीन रंगले वीरता, शान्ति र समृद्धिको अर्थ राख्ने गर्दछ । भने रूसको झण्डामा हँसिया र हथौडा क्रमशः किसान र औद्योगिक मजदुरको चिन्ह हो ।

रातो झण्डाले चेतावनीलाई संकेत गर्दछ । राजनीतिमा भने रातो झण्डाले समाजवाद वा साम्यवादलाई जनाउँछ । कहिलेकाहीं यसले वामपन्थी राजनीतिलाई पनि जनाउँछ । यस्तै, सेतो झण्डाको अन्तर्राष्ट्रिय रूपमा युद्धविरामलाई संकेत गर्दछ भने कालो

झण्डाले विरोधलाई संकेत गर्दछ ।

विश्वमा रहेका सबै राष्ट्रका झण्डाले आ-आफ्नो इतिहास बोकेका छन् झण्डालाई राष्ट्रले ठूलो सम्मान दिएका हुन्छन् । यसको संरक्षण तथा सम्मान गर्नु राष्ट्रको दायित्व पनि हो ।

हाम्रो झण्डामा भएका रंग र आकारहरूका आ-आफ्नै अर्थहरू छन् । बलिदान, शान्ति र समृद्धिको अर्थ राख्ने दुईवटा त्रिभुजाकारबाट बनेको नेपालको झण्डा संसारमा विशेष आकर्षक मानिन्छ । नेपालको झण्डामा रहेको तीन रंगलाई सत, रज र तम गुणको प्रतिकको रूपमा मानिन्छ भने झण्डाको निलो किनाराले शान्ति र एकता, सिम्रिक रंगले हाम्रा पुर्खाहरूको बहादुरी, सूर्य र चन्द्रमाले हाम्रो देश सूर्य र चन्द्र जस्तै सधैं रहिरहन्छ भन्ने जनाउँछ । नेपालको राष्ट्रिय झण्डा विश्वमै पृथक मौलिकताको एक जीवन्त नमूना हो यसका डिजाइनर हुन् वरिष्ठ कलाकार तथा इन्जिनियर शङ्करनाथ रिमाल ।

अहिले धेरै देशहरूमा झण्डासँग सम्बन्धित धेरै कानून बनेका छन् । झण्डाकै अवहेलना वा अनादर गर्नेलाई सजायको व्यवस्था छ । ♦♦♦

## गीत



✍ **बद्रीप्रसाद ढकाल**

हिँड्दा हिँड्दै पाइला कहाँ पुग्छ जिन्दगीको
छोप्दा छोप्दै भित्र कहाँ दुख्छ जिन्दगीको
हिँड्दा ....................

कहाँ जन्मे कहाँ हुर्के कहाँ रैं छ कर्म
हेर्दा हेर्दै दृश्य कहाँ लुक्छ जिन्दगीको
उठाउन प्रयत्नशील रहे सबै कर्म
गर्दा गर्दै शीर कहाँ झुक्छ जिन्दगीको
हिँड्दा..................

कर्म के हो भाग्य के हो पुग्ने कहाँ लक्ष्य
चल्दाचल्दै बाटो कहाँ चुक्छ जिन्दगीको
लगाउँदा मलहम पनि केही क्षणको खुसी
चहन्याउँछ आफ्नो घाउ दुख्छ जिन्दगीको

भाव के हो अभाव के हो के हो सुख दुःख
कतै बाँधु आफै धागो फुक्छ जिन्दगीको
हिँड्दा .......

संस्मरण

# शङ्कर दाइ र शङ्कर कोइराला स्मृति पुरस्कार



✍ **इन्द्रकुमार श्रेष्ठ 'सरित'**

शङ्कर कोइराला दाइसँगको मेरो चिनजान उहाँ साझा प्रकाशनमा हुँदैदेखिको अर्थात २०४४ भन्दा अघिकै हो । मैले उपन्याँस पनि लेख्छु भन्ने उहाँलाई थाहा थियो । त्यसैले एकदिन मलाई खोज्दै उहाँ बीमा संस्थानमै आइपुग्नु भएछ । उहाँको आग्रहअनुसार नै मैले मेरो उपन्यास "एक टुक्रा बादल" को पाण्डुलिपि नवीन प्रेस, बनारसबाट प्रकाशन हुनेगरी दिएँ । उहाँले उक्त पाण्डुलिपि प्रकाशनार्थ बनारसमा छाडेर आउनु भएछ । चालीस बयालीस पृष्ठ छापिसकेको उक्त उपन्यासँको पाण्डुलिपि हरायो भन्ने खबर पाएँ । शंकर दाइसँग सल्लाह गरेर म रमेश महर्जन भाइसँग बनारस पुगें। पाण्डुलिपि हराएकै रहेछ भेटिएन । मेरो पनि केटाकेटी बुद्धि फोटोकपी गरेर आफूसँग एकप्रति राख्नुपर्थ्यो, राखिएन । फेरि बनारस पुगेको बेलामा त्यही चालीस बयालीस पृष्ठ भए पनि एकप्रति ल्याउनुपर्थ्यो त्यसो गर्ने पनि बुद्धि पलाएन । नवीन प्रेसमै भेट भएका सिंहजी (नेपाल टेलिभिजनकी रमा सिंहका पिता)ले बनारस घुम्न हामीलाई निकै सघाउनु भयो । उहाँ त्यसबेला दीपक प्रेस बनारसमै कार्यरत हुनुहुँदो रहेछ । सारनाथ लगायतका स्थानहरूमा अटो रिजर्भ गरेर हामी उहाँसँगै घुम्न गयौं । पाको उमेरको भएर पनि उहाँ निकै सहयोगी हुनुहुँदो रहेछ ।

म बत्तीसपुतलीमा डेरा गरेर बस्न थालेपछि शङ्कर दाइसँग अलि बाक्लै भेट हुन्थ्यो । कहिलेकाहीं म उहाँको आग्रहमा उहाँको घरमा पनि जान्थें । म कार्यालयबाट फर्किंदा प्रायः म उहाँलाई सानो नातिसँग धोबी खोला पारीपट्टी भेट्थें र बाटोमै उभिएर हामी निकै कुराकानी गर्थ्यौं भने कहिले मैतिदेवी चोकमा पनि हाम्रो भेट हुन्थ्यो । हामी दुवैजना तरकारी किनेर गफिंदै फर्किन्थ्यौं । मेरो बुझाइमा शङ्कर दाइ मृदुभाषी र अल्पभाषी पनि हुनुहुन्थ्यो । उहाँको सरल स्वभाव अनुसारकै उहाँको लवाइ पनि देखिन्थ्यो । उहाँको जीवनकालमै मेलै

उहाँका केही कृतिहरूको जानी नजानी पुस्तक परिचय लेखेको थिएँ त्यसले पनि हामी दुईलाई नजिक ल्याएको थियो ।

रामप्रसाद पन्तको सम्पादनमा प्रकाशन हुने "दायित्व" पत्रिका दर्ता नभएकै अवस्थामा २०४४/४५ तिरैदेखि मेरा रचनाहरू प्रकाशन हुन थालेको हो । दर्ता भएपछि पनि यो पत्रिकामा मेरा रचनाहरू निरन्तर रूपमा छापिंदै आएका छन् । पहिला यस पत्रिकामा तारा कार्की पनि आबद्ध हुनुहुन्थ्यो, पछि उहाँको संलग्नता देखिएन । शङ्कर कोइरालादाइसँगको घनिष्ठता र उहाँप्रतिको मेरो आदरभावका बारेमा पन्तजीलाई राम्रैसँग थाहा थियो । त्यसैले दायित्व वाङ्मय प्रतिष्ठानको एउटा योजना मलाई सुनाउनुभयो । ५० थान कृतिका लेखक शङ्कर दाइको व्यक्तित्व र कृतित्वको बारेमा एउटा कृति छोटो समयमा लेख्नु सम्भव थिएन तैपनि मैले जसो त होला भनेर आँट गरें। एक त उनका सबै कृति उपलब्ध हुन सकेनन् भने अर्को कुरा दुई तीन महिना भित्रमा ५० थान कृति अध्ययन गरेर त्यसको बारेमा लेख्नु कुनै हालतमा सम्भव नै थिएन । जे जत्ति कृति वा रचना प्राप्त भए त्यसकै आधारमा मैले मोटामोटी रूपमा लेख्ने प्रयास गरें। उपन्याँसकार, बाल साहित्यकार, कवि, नाटककारका रूपमा उनको परिचयको पाटो उधिन्ने हैन झलक देखाउने प्रयासमात्र मैले गर्नसकें। त्यसमा उनकी धर्मपत्नीसँगको अन्तरंग कुराकानी पनि राखियो । कतिपयलाई शङ्कर कोइराला भन्ने बित्तिकै उनको उपन्याँस "खैरिनी घाट" त थाहा छ तर त्यो बाहेक आधा सय कृतिका स्रष्टाका अरू कृति र उनको योगदानको बारेमा पटक्कै थाहा छैन । यस अर्थमा शङ्कर दाइमाथि नेपाली साहित्यमा अन्याय भएकै हो । उनको लेखनीले जति चर्चा पाउनु पर्ने हो त्यति पाउन सकेन । किनभने खैरेनीघाट बाहेक पनि उनका उल्लेखनीय उपन्यास अरू पनि छन् । बाल साहित्यकार, एकांकीकार र कविको रूपमा त नेपाली साहित्यमा उनको चर्चै भएको छैन । कम्तीमा आगामी दिनमा दाइका यी विविध पाटाका योगदानमाथि पनि चर्चा होउन् र उनको योगदानको कदर होस् भन्ने चाहना छ ।

छोटो समयमा गरिएको मेरो मिहिनेतले पुरस्कार पाउँछ भन्ने मैले सोचेकै थिइन तर प्राप्त भएका पाण्डुलिपिहरूमध्ये "शङ्कर कोइराला स्मृति पुरस्कार" का लागि मेरै पाण्डुलिपि छानियो । यो अवसर मेरा लागि शङ्कर कोइराला दाइप्रतिको श्रद्धाञ्जली पनि थियो । शङ्कर दाइको जन्मजयन्तिको अवसर पारेर दायित्व वाङ्मय प्रतिष्ठानले

आयोजना गरेको कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीजीको हातबाट मैले सो पुरस्कार ग्रहण गरें। यसै दिन कवि शङ्कर कोइरालाका बारेमा उनका केही कविताहरूलाई अगाडि राखेर लेखेको एउटा लामो लेख गोरखापत्रमा प्रकाशित भयो । सम्भवतः शङ्कर कोइरालाका कविताहरूमाथि गरिएको यो नै एकमात्र टिप्पणी हुनुपर्छ । फेरि एकपटक दायित्वका सम्पादक रामप्रसाद पन्त, दायित्व वाङ्मय प्रतिष्ठान र परिवारप्रति धन्यवाद दिन चाहन्छु । शङ्कर दाइमाथि लेखिएको उक्त पाण्डुलिपिलाई दायित्वले एउटा अङ्कमा पुरै छापेको छ तर शङ्कर दाइलाई यति विधि माया र आदर गर्ने रामप्रसाद पन्तजीकै पहलमा उक्त पाण्डुलिपि ढिलै भए पनि छापिन सके शङ्कर दाइप्रति सच्चा श्रद्धाञ्जली हुने थियो।

२०६५ सालमा मेरो पहिलो बालकथा सङ्ग्रह “खरायोको खोर” मा विवेक सिर्जनशील प्रकाशनबाट प्रकाशित भयो । यसपछि म अलि बाक्लै रूपमा बालसाहित्यतर्फ पनि डोरिएँ । सुरूमा मैले बालकथा मात्र लेखिरहेकोमा पछिपछि बालकविता पनि लेख्न थालें। फुटकर रूपमा मेरा बाल रचना यथेष्ठ छापिएका छन् तर बालसाहित्यको चर्चा हुँदा मेरो नाम कहीं कतै उल्लेख हुँदैन । यसमा पनि मेरो कुनै गुनासो छैन । गुनासो पनि कसलाई गर्ने र ? यहाँ गुनासो गरेर हुन्छ नै के ? जिन्दगीभरि कथा लेखनमा मरिमेट्दा त कथाकारको भिडमा समेत मेरो नाम उल्लेख हुँदैन भने अन्य तपसिलको कुरामा टाउको दुखाइ किन ? कथा मात्रै किन कविता, गीत, गजलको क्षेत्रमा पनि त्यही हो । किनकी यहाँ राम्राको हैन हाम्राको बढी चर्चा हुन्छ ।

कार्यालयको काम र जिम्मेवारी आफ्नो ठाउँमा भइरहेकै थियो भने मेरो लेखन पनि चलिरहेकै थियो । विशेषतः ममा आएको वैचारिक परिवर्तनपछि हिजोका अधिकांश विषयवस्तुभन्दा भिन्न रहेर देश, देशप्रेम, अन्याय र शोषणको विरोध, आमुल परिवर्तनका लागि विद्रोहको गर्जनायुक्त हुँकार अबका मेरा रचनाहरूमा हुने नै भए । प्रगतिशील त परिवर्तनको चाहना गर्ने सबै हुन्छन् तर प्रगतिवादी त मार्क्सवादी सिद्धान्त र चिन्तनलाई अँगिकार गर्नेहरू मात्र हुन्छन् । त्यसैले मैले मेरो खुसीले अँगालेको विचार मेरा रचनाहरूमा आउन् भनेर म सचेत थिएँ । हिजोका दिनहरूमा पनि कविता एवम् गीतहरूमा मैले राजनीतिक परिवर्तनका कुराहरू, सामाजिक परिवर्तन र सांस्कृतिक रूपान्तरणका कुराहरू नगरेको होइन तर अब मलाई कथा मै यी कुराहरू प्रस्तुत गर्नु थियो । सोहीअनुसार मैले कथाहरू र लघुकथाहरू लेखिरहेको पनि थिएँ । फुटकर रूपमा छापिने क्रमको निरन्तरता छँदै थियो । ♦♦♦

# अभिशाप होइनन् हाम्रा पहाड र पर्वतहरू



✍ राजेशमान के.सी.

विश्वको पाँच खण्डको एक खण्ड भू-भाग पर्वतीय क्षेत्रले ढाकिएको छ भने विश्वको कूल जनसंख्याको झण्डै दश प्रतिशत मानिस आफ्नो जीवन निर्वाहका लागि पर्वतीय क्षेत्रमा नै निर्भर रहने गरेका छन् । त्यस्तै विश्वका आधा भन्दा बढी जनसंख्याले पहाड र पर्वतीय क्षेत्रबाटै उपलब्ध हुने वस्तु र सेवाको उपभोग गरिरहेका छन् । यसरी वन, खनिज, कृषि उत्पादन, जलशक्ति एवं ऊर्जाको नियमित आपूर्तिका दृष्टिले समेत हाम्रा पहाड र पर्वतीय क्षेत्र प्रकृतिको अत्यन्त महत्वपूर्ण स्रोत सावित हुन पुगेका छन् ।

नेपाल पनि एक पहाडी मुलुक हो । यहाँको दुई तिहाइ भन्दा बढी अर्थात झण्डै ८६ प्रतिशत भू-भाग चुरे, महाभारत, उच्च पहाडी भू-भाग र हिम शृङ्खलाहरूले ओगटेका छन् । विश्वका १४ वटा ठूलठूला हिम शृङ्खलाहरूमध्ये आठवटा नेपालमा पर्दछन् । विश्वको सर्वोच्च शिखर सगरमाथा र विश्वकै तेस्रो ठूलो कञ्चनजङ्घा हिमाल पनि नेपालमै पर्दछन् । त्यति मात्र नभई सातहजार मिटरभन्दा अग्ला शिखरहरू १२२ वटा र छ हजार मिटर भन्दा अग्ला झण्डै १४० वटा हिमशिखरहरू पनि नेपालमै पर्दछन् । ८,८४८ मिटर अग्लो सर्वोच्च शिखर सगरमाथाले त नेपालको गौरव र कीर्तिलाई विश्वभरि नै फैलाइदिएको छ । यिनै पर्वतहरूले हामीलाई पर्वतारोहण, पदयात्राका लागि मनोरम भू-दृष्य एवं पर्यटकीय दृष्टिले आकर्षक स्थलहरू समेत उपलब्ध गराएका छन् । यी पर्वतमालाहरू ठूला नदीहरूका स्रोत मात्र नभई समथर भूमिका लागि हिमनदी र उच्च शिखरहरूमा जल सञ्चयका लागि प्रमुख आधारस्थल पनि बन्न पुगेका छन् । त्यति मात्र नभई हाम्रा यी पर्वतीय शृङ्खलाहरू औषधीजन्य जडीबुटी लगायत विविध प्रकारका वनस्पति तथा जीवजन्तुहरूको ठूलो भण्डारका रूपमा समेत रहन पुगेका छन् ।

तथापि, पहाड र पर्वतीय क्षेत्रको यति व्यापक महत्व हुँदाहुँदै पनि हाम्रो मुलुकमा विगत केही दशक यता आएर

प्राकृतिक र मानवीय कारणले गर्दा यस्ता पर्वतीय क्षेत्रहरूको विनाश हुने क्रम दिन प्रतिदिन बढ्दै गइरहेको छ । भूकम्प, ज्वालामुखी विस्फोट जस्ता प्राकृतिक प्रकोपहरूले गर्दा पहाडहरू क्षय हुन पुग्छन् भने बाढी-पहिरो आदि प्रकोपबाट पनि भू-स्खलन भएर हाम्रा यी पहाड र पर्वतीय शृङ्खलाहरू नाश हुने गरेका छन् । यसका साथै हिमालय र पर्वतीय भू-भागमा जलवायु परिवर्तनको प्रभाव तुलनात्मक रूपमा बढी हुने पनि वैज्ञानिक अध्ययनले पुष्टि गरिसकेको छ । त्यसमाथि पहाड र पर्वतीय क्षेत्रहरूको विनाश हुनुमा प्राकृतिक कारणभन्दा पनि मानवीय कारण नै बढी जिम्मेवार रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । मानिसले आफ्नो निहित स्वार्थ परिपूर्ति गर्नका लागि पहाडी क्षेत्रमा रहेका बोट-विरूवाहरू काटेर वन विनाश गर्ने काम गर्दछन् । यसले गर्दा पहाडहरू नाङ्गा र उजाड बन्न पुग्दछन् । वन विनाशका कारण पानी कम पर्ने भएको हुँदा यसबाट जीवनको लागि नभई नहुने पानीको सङ्कट सामना गर्नुपर्ने अवस्था आउन सक्छ । नेपालमा विगत केही वर्ष यता वन विनाश तीव्र रूपमा भइरहेको छ । वन विनाशको यो क्रमलाई समयमै नरोक्ने हो भने नेपालमा मरूभूमीकरण बढ्दै जान कुनै लामो समय पर्खिरहन नपर्ने चिन्ता पनि विशेषज्ञहरूले प्रकट गर्न थालेका छन् ।

मानिस पूर्णतः प्रकृतिमा निर्भर प्राणी हो । प्रकृतिले हामीलाई धेरै कुरा दिएको छ । तीमध्ये पहाड वा पर्वत पनि एक हो । पहाड पर्वतहरू हराभरा भए भने हामीले स्वच्छ हावा पाउँछौं अनि वातावरण पनि स्वच्छ, सफा र हराभरा हुन्छ । मानिसलाई जीवित रहनका लागि नभई नहुने एउटा तरल पदार्थ हो-जल अथवा पानी । पहाड नै पानीको मूल स्रोत हो । हाम्रो देशका ठूलठूला नदीनाला र झरनाहरू पहाडबाट नै निस्केका छन् । त्यसरी निस्केर बनेका खोला, नदीनाला र तालमा सदैव पानी भइरहन्छ र त्यसैबाट जलविद्युत शक्ति पनि निकाल्न सकिन्छ । त्यसैले पहाड हराभरा भयो भने वर्षा येथेष्ठ मात्रामा हुन्छ र मूलहरू सुक्न पाउँदैनन् । यसबाट पानीको आवश्यकता पनि परिपूर्ति गर्न सकिन्छ । यसका साथै पहाड र पर्वतीय शृङखलाहरूको गर्भमा प्रचुर मात्रामा खनिज तत्व रहने भएको हुँदा तिनको समुचित विकास गरी हामी प्रशस्त विदेशी मुद्रा आर्जन गर्न सक्छौं। यसबाट देशको आर्थिक विकास र जनताको जीवनस्तर उकास्न पनि महत्वपूर्ण टेवा पुग्न जान्छ । यसको अलावा पहाडी क्षेत्रमा विभिन्न फलफूलहरू उत्पादन गरेर फलफूलको निर्यात बढाउन सके त्यसबाट पनि राष्ट्रको आम्दानी बढाउन सकिन्छ ।

यसरी मानव जीवनमा पहाड

र पर्वतीय क्षेत्रको निकै ठूलो महत्व रहेको हामी पाउँछौं । त्यस कारण हामीले यस्ता पहाड र पर्वतीय क्षेत्रहरूलाई जोगाउन र तिनको संरक्षण सम्बर्धन गर्न आ-आफ्नो तर्फबाट सक्दो योगदान पुऱ्याउनु अति नै आवश्यक देखिन्छ । यसको लागि हामीले पहाड र पर्वतीय क्षेत्रमा वृक्षारोपण अभियान चलाउनुका साथै त्यसलाई हुर्काउने बढाउनेतर्फ पनि यथोचित ध्यान पुऱ्याउनु जरूरी हुन्छ । हुन त नेपालका पहाड र पर्वतीय क्षेत्रको संरक्षण सम्बर्धनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्तर्राष्ट्रिय एकिकृत पर्वतीय विकास केन्द्र (ICCMOD), विश्व वन्यजन्तु कोष (WWF) र अन्तर्राष्ट्रिय संरक्षण संघ IUCN जस्ता राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका निकायहरूले पनि आ-आफ्नोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् । तर पर्वतीय विकासका लागि यी सङ्गठनका प्रयासहरू मात्र पर्याप्त हुँदैनन् । पहाड र पर्वतीय क्षेत्रको उचित संरक्षण र सम्बर्धनका लागि व्यक्ति, परिवार र समुदायले पनि आ-आफ्नो ठाउँबाट सक्दो योगदान पुऱ्याउनुपर्छ भने नेपाल सरकार र अन्य सम्बद्ध निकायहरूले पनि एक आपसमा समन्वय राखी पहाड र पर्वतीय क्षेत्रहरूको दिगो विकासका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गर्नुपर्ने आवश्यकता देखिएको छ । निश्चित रूपमा यस्ता जीवन्त पहाड र पर्वतीय शृङ्खलाहरूको उचित प्रचार-प्रसार एवं संरक्षण सम्बर्धन गर्न सकिएको खण्डमा पर्यटकीय दृष्टिले समेत यी पर्वतीय शृङ्खलाहरू नेपालको लागि वरदान सावित हुन सक्दछन् । ♦

## कविता

✍ **मनिष अर्याल**



हामी हिमालको सन्तान, हामी पहाडको सन्तान
एक देश अनेक भेष, हाम्रो आफ्नै स्वाभिमान ।

हाम्रो लवजहरूमा बुद्ध बाणी बसेको छ
हाम्रो मन मस्तिस्कमा राष्ट्रियता पसेको छ ।

पुर्खाहरूले आर्जेको बिरताको गाथा यो
सन्सारको अग्लो शिखर हाम्रो सगरमाथा हो ।

बयान गरि साध्य छैन यहाँको प्रकृति
पहिचानको अर्को नाम रितिथिती संस्कृती ।

शान्तिको दुत गौतम बुद्ध उनकै नाम जप्न पाउ
देशलाई दुख्नु भन्दा अघि देशको ब्यथा खप्न पाउ ।

भार थामी देशको बिरतालाई गन्न पाउ
अन्तिम सास रहदा नि नेपाल नेपाल भन्न पाउ ।

बालकथा

# प्रतिफल



✍ **यशु श्रेष्ठ**

'मम्मी...!' स्कुलको बसबाट ओर्लिने बितिक्कै कल्याण चिच्याए । घरको गेट बन्द थियो । सधैंभैं न त्यहाँ उनलाई ममीले कुरिरहनु भएको थियो । न घरमा काम गर्ने केटाले नै । कोही थिएनन् गेटमा अनि घरको आँगनमा । घर त सुनसान जस्तो थियो ।

कल्याण दौडंदै गेटमा पुगे । गेट त आफैं पो खुल्यो ।

'हँ ! कसले खोलेको गेट ?' उनले यताउता हेरे । कसैलाई देखेनन् । यसप्रति उनले धेरै ध्यान पनि दिएनन् । दौडँदै घरभित्र छिरे । ममी भान्सामा के-के गरिरहनु भएको रहेछ । "मम्मी..." फेरि उनले ममीलाई बोलाए ।

"ए बाबु आइसक्यौ ? मैले त तिमी आउने समय नि भुसुक्कै भुलेछु ।" ममीको अनुहार अँध्यारो, नरमाइलो खालको थियो । कल्याणलाई अचम्म लाग्यो "के भयो ममी ?" उनले सोधिहाले ।

"केही पनि होइन । ल, विस्तारै कोठामा जाउ । अनि ड्रेस चेन्ज गर ।" ममीले त्यति बोल्न पनि मन गर्नु भएन ।

'के भएको रहेछ ?' कल्याणलाई अचम्म लाग्यो । कल्याण कोठामा जानै लाग्दा ममीले भन्नुभयो "कल्याण, कोही आएर तिमीलाई तिम्रो ड्याडीममी खोई ? घरमा को-को, के-के छ ? भनेर सोधे भने केही थाहा छैन भन्नु है ।"

"किन ममी ?" कल्याणले भन्दाभन्दै ममी अलि भर्किनुभयो "ममीले भनेको खुरुखुरु मान न । भइहाल्यो नि ।" कल्याणले कुरै बुझेनन् । उनी खुरुखुरु कोठातिर गए । लौ ! कोठाको ढोका पनि पो आफैं खुल्यो । भित्र पस्ने बित्तिकै दराज पनि हल्लिरहेको देखे । उनको आँखा भ्यालका पल्लातिर पर्न गए । भ्यालका पल्ला पनि खुस्किएर भर्रौला भैं गरी हल्लिरहेका थिए । उनलाई साह्रै अचम्म र डर लाग्यो । उनको जिउबाट ब्याग पनि आफैं पो जमिनमा भर्‍यो ।

"मम्मी..." कल्याण डरले चिच्याए र भान्छातिरै दगुर्न लागे ।

"नडराऊ कल्याण । तिमीलाई केही पनि हुँदैन ।" टेबलमा भएका पुस्तकहरू बोल्न लागे ।

"कल्याण, हामी यो घर छाडेर जाँदै छौं, बाई बाई है ? हामी तिमीलाई धेरै सम्झने छौं । तर तिम्रो बुबालाई चाहिं सधैं घृणा गर्छौं ।" कोठामा भएका कल्याणका बुबाका कोट, पाइन्ट, टाई, जुत्ताहरू झ्यालैबाट निस्केर गए । दराजमाथि भएको खुत्रुके पनि भुइँमा खस्यो । त्यसमा भएका पैसाहरू छरिबरी भए । कल्याणका ममीका गहनाहरू कल्याणका गोडातिर आएर बोल्न लागे ।

"कल्याण, तिमी डराउन चाहिं नडराउ है ? एकछिन हाम्रो कुरा सुन ।" बाकसमा भएका पैसाहरू पनि पो कल्याणको अगाडि आए । बिस्कुट, चकलेट जस्तै आकारका सुनका डल्लाहरू पनि कल्याणको अगाडि आए । जुन कुरा कल्याणले कहिले पनि देखेका थिएनन् ।

"मलाई ममी भएकोमा जान पनि दिँदैनौ । कुरा सुन भन्छौं । तिमीहरू बोलेको मलाई कहिले नि थाहा छैन । यस्तो अचम्म कहिले नि देखेको थिइनँ । के हुँदैछ यो ? मैले केही बुझिनँ ।" कल्याण रून लागे ।

"नरोउ, कल्याण । तिमी सानै छौ । तिमीले यी मात्र होइनन्, धेरै कुरा देखेका छैनौं । जानेका, थाहा पाएका छैनौ ।" सुनका डल्लाहरू पनि रून लागे ।

उनीहरू केही भन्दै थिए । घर भित्रै घरप् घरप् धेरै जना हिँडेको आवाज आयो ।

"घरमा खै कोही छैन त ।" सरकारी पोसाक लगाएका मान्छेहरू आएर सोधखोज गर्न लागे । कल्याणले उनीहरूलाई पुलुक्क हेरे । अघि ममीले भनेको कुरा झलक्क सम्झे अनि चुप बसे ।

"बाबु, तिम्रो ममी, बुबा खै त ?" ती मान्छेले कल्याणलाई सोधे । कल्याणको वरिपरिका अनेक सामानहरू देखेर ती मान्छेहरू झनै छक्क परे । कल्याण चुपचाप ती मान्छेलाई हेरेको हेरै भए ।

"यी बाबु सानै छन् । केही बुझेका छैनन् । तपाईंले खोजेको मान्छे भाग्न पाएको छैन । आउनुस् म देखाइदिन्छु ।" सुनको डल्लो गुड्दै गएर दराजमा ठोक्कियो र भन्यो, "यी यहाँ भित्र छ ।" ती मान्छेहरूले दराज खोलेर हेरे । कल्याणले पनि दराजतिर हेरे । कस्तो अचम्म ! कल्याणका बुबा त दराजभित्र पो रहेछन् । ती मान्छेहरूले कल्याणका बुबालाई पक्रेर लैजान लागे ।

"के गरेको यस्तो ? मेरो ड्याडीलाई

किन यस्तो गरेको ? छोडिदिनुस् छोडिदिनुस्!" कल्याण चिच्याई चिच्याई रून लागे । हत्तपत्त कल्याणको ममी आएर कल्याणलाई समात्नु भयो । कल्याणको ममी पनि रोइरहनु भएको थियो ।

कल्याणको ड्याडीलाई बिचमा राखेर ती मान्छेहरू घरबाट निस्किए । "अब तिमीसँग हाम्रो ठुलो आशा छ । आजबाट हामी पनि यस घरबाट बिदा लिदैछौं है बाबु, राम्ररी बस्नू ।" ती सुनका डल्ला, सामानहरू पनि ती मान्छेहरूकै पछि लागे ।

"ममी, के भएको यस्तो ? ती मान्छेले ड्याडीलाई किन लगेको ? कहाँ लगेको ?" कल्याण डाँको छोडेर रून लागे । उनी ड्याडीकै पछिपछि दौडिए ।

"बाबु, तिमी नरोऊ । कालो खानेकुरा खाँदा कालो दिसा आएको त तिमीलाई थाहा होला नि हैन ? हो, तिम्रा बुबाले नि कालो काम, कालोधन्दा गर्नु भएको थियो । भ्रष्टाचार गर्नु भएको थियो । भ्रष्टाचार गरेरै हामीलाई थुपार्नु भएको थियो । यसकै सजाय पाउँदै हुनुहुन्छ उहाँले । हामीलाई पनि यस्ता कालोधन्दा गर्ने भ्रष्टाचारीको घरमा बस्नु छैन । त्यसैले जान लागेका हौं ।" ती सामानहरू रूँदै कल्याणसँग अनुरोध गर्न लागे, "बाबु, तिमीचाहिँ कहिले नि कालोधन्दा, भ्रष्टाचार नगर है ? बिन्ती छ, कहिले नगर ।"

"तिमीहरू नचाहिने कुरा नगर ।" कल्याणको बुबा एक्कासी रिसाउनुभयो । उहाँले छोरालाई सुम्सुम्याउँदै भन्नुभयो "बेटा, मलाई केही भएको छैन । म छिटै आउने छु । चिन्ता नमानी, बस है ?" कल्याणको बुबाको कुरा सिद्धिन नपाउँदै एउटा सुनको बिस्कुटले अगाडि आएर भन्यो "बाबु, तिम्रा बाबुले झुट बोल्दैछन् । यिनले धेरै नराम्रो काम गरे । पूरा सजाय नभोगेसम्म यिनी फर्कंदैनन् ।"

"ड्याडी, हजुरले किन त्यस्तो काम गर्नु भएको त ? मलाई बदमासी नगर्नू, पुलिसले लान्छ भन्नुहुन्थ्यो । तपाईंले चाहिं किन बदमासी गर्नु भो त ? ड्याडी, सरी भन्नुस् न उहाँहरूलाई ।" कल्याणले ड्याडीलाई भने ।

"बाबु, अहिले तिमी ममीसँग बस । मैले केही गरेको छुइनँ । म आइहाल्ने छु है ?" कल्याणको बाबु बोल्ने बितिक्कै सुनको बिस्कुट कराइहाल्यो, "होइन ब्यारे, तिम्रा बुबाले सामाजिक काममा लगाउनुपर्ने सम्पत्ति पनि आफैंले मात्र प्रयोग गरे । उहाँ सार्वजनिक संस्थाका हाकिम हुनुहुन्छ तर काम चाहिं व्यक्तिगत स्वार्थका लागि गर्नुहुन्छ । उहाँले देशको कानून र नियम विपरीत सम्पत्ति कमाउनु भएको छ । उहाँ भ्रष्टाचारी हो । उहाँ पापी हो । तिमीले नि कहिले माफ नगर्नू उहाँलाई ।'

सुनको बिस्कुट देखेर कल्याणको बुबालाई धेरै रिस उठ्यो । उहाँले एक लात हानेर त्यसलाई उछिट्याँइदिनुभयो ।

"पहिला चाहिँ मलाई नै थुपार्न यत्रो बदमासी गर्नु भो । पहिले नै मलाई लात हान्न सकेको, मेरो लोभ नगरेको भए यस्तो अवस्था आउथ्यो ? खुच्चिङ् पऱ्यो ।" सुनको बिस्कुट पर पुगेर बजारियो । तैपनि ऊ भन्दै थियो, "बाबु कल्याण, तिमी चाहिँ यस्तो बदमासी कहिले नगर है ?"

एउटा सुनको बिस्कुट कल्याणको नजिक आएर सुटुक्क भन्दै थियो, "बाबु, चिन्ता नगरी बस । सजाय काटिसकेपछि तिम्रो बुबा फेरि घर फर्कनु हुनेछ । अनि चाहिँ तिमीले बुबालाई यस्तो गल्ती नगर्नू भनेर सम्झाऊ है ?"

ती मान्छेहरूले ती सामान अनि कल्याणका बुबालाई गाडीमा हालेर लगे । कल्याणकी ममीले गाडीतिरै हेरिरहनु भयो । केही बोल्नु भएन ।

"ड्याडीले बदमासी गरेकाले ती मान्छेहरूले लगे हगि, ममी ? सजाय सिद्धियपछि त ड्याडी घरमा आउनुहुन्छ नि, हगि ? ममी, म त कहिले नि त्यस्तो बदमासी गर्दिनँ । मलाई ती मान्छेहरूले कहिले नि लैजान पाउँदैनन् । म सधैं तपाईंसँगै बस्छु नि ममी ।" कल्याण रूँदै थिए । ममीले कल्याणलाई बेस्सरी अङ्गालोमा बाँध्नुभयो । यसरी त कहिले नि उहाँले कल्याणलाई अङ्गाल्नु भएको थिएन । ♦♦

## मुक्तक



✍ **सह-प्रा.उपेन्द्र पौडेल**

मान्छेले नै मान्छेको, बाटो काटेको छ;
जोडिनुपर्ने मनहरू, त्यसै त्यसै फाटेको छ ।
आफ्नो मात्रै थैलो भर्ने प्रवृत्ति बढ्दै गयो,
दाम देख्यो कि, फोहरको पनि चाटेको छ ।।

(१)

सुखी बन्न त, आफैसँग रमाउनुपर्छ;
सुस्वास्थ्य र मित्रजन कमाउनुपर्छ ।
आफूसँग जे छ त्यसैमा रमाऊ साथी,
सत्कर्मको सरल बाटो समाउनुपर्छ ।।

(२)

सफल हुन कल्पना होईन, काम गर्नुपर्छ;
सिंढी देखेर मात्र हुदैन, उक्लेरै झर्नुपर्छ ।
सरल रेखा जस्तो, सरर हिंड्दैन जीवन,
ठूला-ठूला नदी भेलका, जंघार तर्नुपर्छ ।।

(३)

# म्यादी प्रहरी



✍ प्रेना भुसाल

एकाबिहानै गुरूबाको लामो सिट्ठी सँगसँगै सलिना हातमा बाल्टी र झाडु लिएर गुरूबा भएकै तर्फ दगुर्छे, भने कृष्णे पाइन्टको बेल्ट लगाँउदै मेरो झाडु कसले लगिदियो भनी कराउँछ । ग्राउण्डमा सबैजना सामेल हुन्छन्, बसन्तेको भने बाल्टी भेटिएको हुँदैन । गुरूबाले ऐ छिटो आइजो, न, तिमीहरू भन्दै चर्को स्वरमा कराउनु हुन्छ । दैनिक नृत्यकर्म सकेर सबैजना निलो डाङ्ग्रीमा सामेल हुन्छन् । कसैले बिचबिचबाट मोबाइल निकाल्दै लुकेर भिडियो बनाइरहेका हुन्छन् भने कसैले भिडियो खिँचिरहेकाहरूलाई भिडियो बनाउनेलाई जागिरबाट हटाउने भन्ने आदेश आएको छ भन्दै उपदेश दिन्छन् । यो दृश्य मैले नजिकैबाट दैनिकजसो नियालिरहँदा त्यो समय साँच्चि नै रोचक र आनन्दमय देखिन्थ्यो ।

मेरो अनुभवमा यो पटकको निर्वाचनमा भर्ना भएका म्यादी प्रहरीहरू पहिलेको तुलनामा एकदमै पढेलेखेका र आफूलाई सक्षम ठान्दथे । कतिले त सामाजिक सञ्जाल नै तताइरहेका थिए भने कतिले  जागिरबाटै हातधुनु पर्ने स्थिति पनि नआएको होइन ।

मतदान केन्द्रहरूमा खटिएर गएपछि पनि म्यादी प्रहरीहरू निकै जाँगरिला र अनुशासित देखिन्थे । आफूभन्दा सिनियरसँग बोल्ने शैलीमा पनि फौजी अनुशासनले छोएको जस्तो देखिन्थ्यो । उनीहरूले लगाए अह्राउनु काम बुथ बनाउने, ड्युटी गर्ने आदि सबै कामहरू गरेको देखिन्थ्यो । निर्वाचनको दिन म्यादी प्रहरीहरूको ड्युटी बिहानै ५ बजेबाट तैनाथ थियो । मानिसहरूको भिडभाड त्यसैमाथि चर्को घाममा पनि उनीहरू झर्को नमानी नरम बोलेर मतदाताहरूलाई लाइनबद्ध गरेको पाईन्थ्यो । निर्वाचन सम्पन्न भएको बेलुका उनीहरूको अनुहार रातो पिरो र थकान भए तापनि काम गर्ने जाँगर भने हराएको थिएन । मसँग सामिप्यमा रहेका ३/४ जना म्यादी प्रहरीहरूलाई उनीहरूको ४० दिनको व्यावसायिक

जीवन कसरी बित्यो भनी कुराकानी गर्दा उनीहरूले सुनाएका अनुभवहरू निकै नै सकारात्मक थिए । एक जनाले भन्छन्, जब म म्यादी प्रहरीको ड्रेस लगाएर टाउकोमा टोपी लगाई ऐना हेर्थें तब मलाई लाग्ने गर्थ्यो म आफूलाई पृथ्वी नारायण शाह भन्दा कम देखिएको छैन । अर्को एक जनाले भने मैले म्यादीमा भर्ना भएर समयको व्यवस्थापन गर्न सिकें र आफूलाई जहिले पनि म सक्छु र गर्छु भन्ने दुई शब्दबाट पछाडि नहट्ने बाचा गरेको छु । अर्को एक जनाले भन्छन्, कलेजको पढाइ भन्दा ४० दिनको सिकाइले मलाई मजबुत बनाएको छ । एकजना विवाहित म्यादी प्रहरी भन्छन्, मलाई सलाम गर्न सिकेकोमा गर्व लाग्छ । किनभने मैले मेरो छोरालाई सलाम गर्न सिकाएको छु । म बाहिरबाट घर पुग्ने बित्तिकै मेरो छोराले सलाम गरेको देख्दा खुसी लाग्छ र अन्तिममा जिल्ला प्रहरी कार्यालय, बाँकेबाट सुरू भएको सलिनाको म्यादी प्रहरीको अनुभव सुनाउँदै भन्छिन्, मलाई भर्ना भएको सुरूका दिनहरूमा त किन म्यादीमा आएछु भनेर पश्चताप लागेको थियो । तर विस्तारै साथीसंगतहरू बढ्दै गए । नयाँ नयाँ कुराहरू सिक्दै जादा ४० दिन नसकियोस् भन्ने लागिरहेको थियो । तालिम सकेर हामीहरूलाई प्रहरी सर म्याडमहरूसँग ड्युटी खटाइन्थ्यो जहाँ नागरिकहरूलाई २/४ शब्द बोली सम्झाउन पाउँदा म त यो देशको ठुलै जिम्मेवार मान्छे रहेछु जस्तो अनुभूति हुन्थ्यो । तालिम अवधिमा निर्वाचनसम्बन्धी कानूनी कुराहरूको समेतको ज्ञान प्राप्त भयो । चुनावमा खटिएर मतदानकेन्द्रमा जाँदा सबैजनाले निकै माया गर्नुभयो । म लोकसेवाको विद्यार्थी भएकोले ४० दिनको म्यादी सेवाको अनुभवले मलाई अझ टेवा पुऱ्याएको छ । गुरूबा गुरूआमाले तालिममा सिकाएका कुराहरूलाई सम्झिरहेको र हामीहरूले देशलाई दिन सकेको लगाव, जागर र व्यवसायिकता देखेर सरकारले म्यादी प्रहरीहरूलाई प्रोत्साहन गर्नेछ भन्ने आशा रहेको उनले बताइन् ।

सामाजिक संजालको विकृति भन्दा सयौं गुणा राम्रो पारदर्शीता उनीहरूमा देखिएको थियो । आफूलाई काम प्रति लगाव गरी तन मन लगाएर निर्वाचन सम्पन्न गर्ने म्यादी प्रहरीहरूले सबैबाट सम्मान प्राप्त गरून । आउने दिनहरूमा देशमा हुने निर्वाचन जस्तै अन्य सेवामूलक कार्यहरूमा पनि युवा जनशक्तिहरूलाई म्यादी प्रहरीमा भर्ना गरे जसरी तालिम प्रदान गरी सक्षम बनाइयोस् । देशले ती जनशक्तिहरूलाई प्रोत्साहन र सम्मान गरोस् र योग्य युवा उत्पादन गरोस् । ◆◆◆

नियात्रा

# भित्ताका कान भएको भवनमा रुमल्लिँदा



✍ **जय छाङ्छा**

विक्रम संवतको २०६५ साल बितेर गएछ थाहै नपाई । वास्तवमा जीवनमा धेरै कुराका हिसाबकिताब गर्न निकै मुस्किल हुने रहेछ । कहिले के हुने हो, के कस्तो भोग्नु पर्ने हो ? त्यस्ता कुराहरू अग्रिम रूपमा थाहा पत्तो नपाइने रहेछ । यस्तो किसिमको आभास निकै अगाडिदेखि नै गर्दै आएको छु मैले । यस्तैमा अनिश्चित जीवन यात्राको एक वर्ष बितेछ ख्यालख्यालमै । स्वदेशमा भएको भए अवश्य नै थाहा हुने थियो । चहलपहल र साथीभाइको बीचमा छलफल हुन्थ्यो । के कसो गर्ने भन्ने जाने वर्षको बिदाइका लागि र नव वर्षका स्वागतका लागि भनेर योजना बन्थ्यो तर विदेश भूमिमा रहेकोले सुटुक्कै आएछ नयाँ वर्ष र पत्तै नदिई लुसुक्क भागेछ पुरानो वर्ष ।

यस बेला सोचिरहेको छु, नजिक होस् कि टाढा विदेशमा बस्दा आफ्ना नातागोता र मित्रहरू पनि कता कता सुदूर टाढाकाजस्तै हुने रहेछन् । यस्तै किसिमको अनुभूति भइरहेको छ मलाई ।

यस समयमा आफू र परिवार छिमेकी देश भारतमा भएकोले नेपाली नयाँ वर्षको आगमनमा हुनुपर्ने खुशीको खासै आभास भएन । भारतले ग्रेगोरियन क्यालेण्डर मान्ने भएकोले अंग्रेजी वर्षको आगमनमा मात्र स्वागत सत्कार गर्दै धुमधामसँग रमाइलो गर्ने गर्छ । यसरी छिमेकी देशमा नै रहे पनि विदेशी भूमि भएकोले स्वभाविक रूपले स्वदेशमा गरिने र हुने चहलपहलबाट टाढै हुने भइयो । फेरि विदेशमा रहेपछि त्यहींको धर्म, संस्कृति र परम्परामा रमाउनु बाहेक अर्को उपाय हुँदैन । आफूले मान्दै आएको विक्रम संवत फेरिएर गइसकेको बारे पनि कहिलेकाहीं केही अत्तोपत्तो नहुने रहेछ । र, यस्तै अनुभूति भयो नव वर्ष २०६६ को शुरूवात हुँदा पनि ।

वास्तवमा आ-आफ्नै कार्य व्यस्तताले पनि होला सुटुक्कै नव वर्ष २०६६ लागेर पनि केही दिनलाई काखी च्यापेर भागिसकेछ । यस्तैमा एक दिन

बेलुकीको खाना खाने क्रममा कुरा भयो दीपेश, रत्न र मेरो माझमा । विक्रम संवतको एउटा वर्ष बितेर गइसकेछ । नयाँ वर्ष पनि शुरू भएर केही दिन बितिसकेछ । यसपटकको नव वर्षमा कतै जाने हो कि भन्दै छलफल गऱ्यौं । कुरैकुरामा उत्तर प्रदेश स्थित लखनऊको भुलभुलैया हेर्न जाने । त्यसपछि वाराणसीका प्रसिद्ध घाटहरू र गौतम बुद्धले सबैभन्दा पहिले उपदेश दिएको स्थान सारनाथसम्म घुमेर आउने कि भनेर कुरा राखें मैले ।

दीपेशले अध्ययन गर्दै गरेको नयाँ दिल्लीको हिन्दु कलेजमा पनि बिदा जस्तै छ यस समयमा । यही मौका मिलाएर घुम्न जानलाई उपयुक्त हुन्छ भनेर कुरा राख्दा परिवारमा सहमति जुट्यो । मैले यो प्रस्ताव राख्नुको कारण थियो रत्न र दीपेशलाई आश्चर्य लाग्दो भुलभुलैयाबारे जानकारी गराउन र पौराणिक एवं ऐतिहासिक शहर वाराणसी देखाउन किनकी म करिब एक दशक अगाडि लखनऊ पुगिसकेको छु भने वाराणसी कार्यालयको कामको सिलसिलामा दुई पटक । आफूले देखेका शहरहरू परिवारका सदस्यहरूले पनि अवलोकन गरून् भन्ने उद्देश्य थियो र सोहीअनुसार भ्रमणका लागि प्रस्ताव गर्ने काम गरेको थिए मैले । रत्न र दीपेशले स्वीकृति जनाउने काम गरे । भ्रमणको कार्यक्रमअनुसार लखनऊ भएर वाराणसी पुगी नयाँ दिल्ली फर्कने रेलको टिकट बुकिङ गर्न दूतावासको परिचर जगत रावतलाई पठाउने निधो गरें । त्यही अनुसार नेपाली दूतावासको सिफारिस पत्र सहित पठाएँ पहाडगञ्ज स्थित नइ दिल्ली रेल वे स्टेशनमा । धेरै लामो समयदेखि दूतावासमा काम गर्दै आएका जगत उत्तराखण्ड राज्यको टेहरी जिल्ला निवासी हुन् । निकै मिलनसार, विश्वासी र मेरै शाखा अन्तरगत वा कन्सुलर शाखामा कार्यरत रहेका छन् । उनलाई केही कामका लागि अह्राउँदा पनि खुसी हुन्छन् । त्यसैले रेल वे टिकट बुकिङका लागि जगत भाइलाई पठाउने काम गरें ।

जगतलाई नयाँ दिल्लीबाट अप्रिल २४, २००९ को बिहान लखनऊ जाने र लखनऊ दिनभरि घुमफिर गरी त्यही साँझ वाराणसी पुगी घुमफिर गरी नयाँ दिल्ली आउने गरी टिकट बुक गरी ल्याउन अह्राएँ ।

सोही अनुसार अप्रिल २४ का दिन 'लखनऊ स्वर्ण शताब्दी' बिहान सवा छ बजे नयाँ दिल्लीबाट लखनऊका लागि प्रस्थान गरी दिउँसो साढे बाह्र बजे लखनऊ पुग्ने टिकट बुक गरिदिएछन् ।

त्यसपछि सोही दिनको राति सवा एघार बजे लखनऊबाट वाराणसी प्रस्थान गर्ने 'काशी बिश्वनाथ एक्स्प्रेश' को टिकट पनि रिजर्भ गरिदिएछन् ।

रेलको समय सारिणी अनुसार अप्रिल २५ को बिहान पाँच बजेर पचास मिनेटमा वाराणसी पुगिने रहेछ । त्यसरी नै वाराणसीको अवलोकन पश्चात अप्रिल २६ का दिन नयाँ दिल्ली फर्कन 'शिवगंगा एक्स्प्रेस' को बेलुकी सवा सात बजेको टिकट रिजर्भ गरी ल्याइदिए जगत भाइले ।

यसरी रेलको टिकट प्राप्त भएपछि सुनिश्चित भयो नव वर्ष २०६६ को हाम्रो पारिवारिक यात्रा लखनऊ र वाराणसीको ।

यस्तैमा वैशाख ११ शुक्रबारको बिहानी अर्थात अप्रिल २४, २००९ को शुभारम्भको खुसीको पोको लिएर ढोका अगाडि नै टुप्लुक्क हाजीर भयो शीतल मुस्कान सहित सुन्दर बिहानी नयाँ दिल्लीको बाराखम्बा रोडमा ।

बिहान पाँच बजेर पचास मिनेट जाँदा आइपुगे दूतावासकै चालक राजबहादुर गुरूङ नयाँ दिल्ली रेल वे स्टेशनमा पुऱ्याउन र हामी तीन जनालाई रेल वे स्टेशनमा पुऱ्याएर छाडे राजबहादुरले । राजबहादुर भाइलाई टिप्स वापत भनी केही रूपैयाँ हातमा राखी दिंदै अप्रिल २७ का बिहान यही स्टेशनमा लिन आउनका लागि अनुरोध पनि गरें मैले ।

मोटरबाट उत्रेपछि प्लेटफर्म नं. १० तिर लाग्यौं । किनकी 'लखनऊ स्वर्ण शताब्दी' लाग्ने प्लेटफर्म भनी डिस्प्ले भइरहेको छ रेल वे नोटिस बोर्डमा । प्लेटफर्म पुगेको केही क्षण पछि नै रेल आएर टक्क उभियो हाम्रै अगाडि । उत्रने यात्रुहरू धमाधम उत्रिएपछि सरसफाइका कामहरू गरे रेल सफाइका कर्मचारीहरूले । सफाइ कार्य सकिएपछि हुरूरू चढ्यौं अरू यात्रुहरूसँगै हामी पनि । एयरकण्डिसन चेयर कारको डब्बामा लहरै तीन तीनवटा सिटहरू रहेका छन् विण्डो सिट नं. २० मा दीपेश बस्यो भने मिडल सिट नं. २१ मा रत्न र आइजल सिट नं. २२ (डब्बाको कोरिडोरतर्फको सिट) मा बसें म ।

सिटमा बस्नासाथ रेलनेर पानीको बोतल र सो पिउनका लागि प्लाष्टिक कपहरू आइपुगे हाम्रा अगाडि । सोको साथमा यात्राका समयमा पढ्नका लागि हिन्दुस्तान टाइम्स (अंग्रेजी), मेल टुडे (अंग्रेजी) र हिन्दुस्तान (हिन्दी) आदि पत्रिका पनि । रेल यात्राले निरन्तरता दिई नै रहेको छ ।

बिहानको छ बजेर बयालीस मिनेटमा उत्तर प्रदेशको गाजियावादमा पुगेर रोकियो रेल । यसभन्दा अगाडि रेलवेको बाटोहरूमा थुप्रै साना रेलवे स्टेशनहरू देखिएका थिए । तर हामी चढेको रेल एक्स्प्रेश भएकोले साना र कम महत्वपूर्णका स्टेशनहरूमा नरोकिई दौडिरहन्छ ।

करिब ५११ कि.मि.को यात्रामा चारवटा मुख्य स्टेशनहरूमा मात्र रोकिन्छ भनेर मलाई भन्नु भएको थियो दुर्गाप्रसाद श्रेष्ठ दाइले । वाराणसी निवासी एवं उदय साहित्यिक पत्रिकाका सम्पादक दुर्गा दाइ रेलका विषय र पूर्वोत्तर भारतहरूका बारेमा निकै जानकार हुनुहुन्छ । त्यसैले पनि भारतको कुनै पनि स्थानहरूको यात्रामा निस्कँदा उहाँसँग जानकारी लिने गर्दछु म ।

बिहानीको जवानी चढ्दै गएको छ । जवानीमा स्याल पनि घोर्ले हुन्छ भनेजस्तै बिहानीमा आएको तन्नेरीपनले निकै उज्यालिएका छौं हामीहरू । लाग्छ, कोपिला थियो बिहानी अहिले ढकमक्क फक्रिएको छ । रेलवे लिकका परपर गाउँहरू देखिन्छन् । हरियाली रूखहरू उभिएका छन् । अग्ला होचा घरहरू उभिएका छन् ठाउँठाउँमा । रमाइलो लागिरहन्छ रेलको झ्यालबाट देखिएका दृश्यहरू ।

रेलले आफ्नै गति पक्रिरहेको छ । गाजियावादबाट हिँडेपछि, पौने सात बजे मर्निङ टि भन्दै सोका लागि आवश्यक खानेपिउने चीजहरू (चिया, दूध, बिस्कुट र चिनीका सानासाना पाकेटहरू) पेण्ट्री कार (रेलमा रहेको भान्सा कोठा) का कामदारहरूले ल्याइदिने काम गरे । चिया पिउन लागेकै समयमा टि.टि. बाबु अर्थात ट्रेन टिकट चेकर आएर सबैको टिकट चेक गर्ने काम गरे ।

साढे आठ बजेको छ यसबेला ।

अलिगढ जक्सनमा दुई मिनेट रोकिएर तीव्र गतिमा दौडिरहेको छ रेल । फेरि पेण्ट्री कारका कामदारहरूले ब्रेकफास्ट स्वरूप अम्लेट, ब्रेड, जाम, बटर चिप्लेट, टोमाटो केचप, भिजिटेवल कटलेट, उपमाबडा, पराठा तथा चियाका सामग्रीहरू (दूध, चिनी, चियापत्ती) ल्याइदिए । मज्जाले खाँदै पिउँदै रेलको यात्रामा छौं हामीहरू । एक प्रकारको आनन्द मिश्रित यात्रा तय गरिरहेका छौं । दिनको उज्यालोको यात्रा भएकोले छ्याङ्ङै देखिन्छन् सबैतिर । उज्यालोको साम्राज्य पर्यटकहरूका लागि सुन्दर उपहार सरह नै हुन्छ । अँध्यारोमा गरिएको यात्राभन्दा उज्यालोमा गरिएका यात्राको आनन्दानुभूति हजारौं गुणाको फरक हुन्छ ।

अँध्यारोमा सबैतिर अनिश्चितताले घेरेको हुन्छ । कता रमाइलो छ र कता डर लाग्दो भौगोलिकता रहेको छ अनुमान मात्र गर्न सकिन्छ । त्यसैले पनि सम्भव भएसम्म उज्यालोमा यात्रा गर्न रूचाउँछु म । धरानबाट काठमाडौं आउँदा होस् कि काठमाडौंबाट काँकरभिट्टा वा पोखरा जाँदा होस् । सधैं दिनको यात्रा रोजाइमा पर्छ मेरो ।

रात्रीको यात्रा कहालीलाग्दो

लाग्छ मलाई । किनकी रात्रिकालिन यात्राको समयमा एकपटक भयानक दुर्घटना बेहोरिसकेको छु मैले । काठमाडौंबाट काँकरभिट्टाको यात्राको समय चैत्र २४, २०५२ तदनुसार अप्रिल १६, १९९६ का दिन काने पोखरी छेउको चिसाङ खोला दुर्घटनामा भाग्यले ज्यान जोगिएको छ हामी तीनै जनाको अर्थात मलगायत रत्न र दीपेशको । जुन कुरा 'चाँप फुल्ने पहाड मुन्तिर' नामक नियात्रा कृतिमा सविस्तार उल्लेख गरिसकेको छु । तसर्थ सो दुर्घटनाबारे यहाँ उल्लेख गरिरहन उपयुक्त छैन भन्ने लागेको छ मलाई ।

अहिले इटवाह स्टेशन पार गरेर कानपुर जक्सनमा पुगिसकेछ रेल ।

बिहान एघार बजेर बीस मिनेट भएछ घडीमा । यस जक्सनमा सबैभन्दा बढी समय रोकिने रहेछ रेल । अधिका स्टेशनहरूमा दुई/दुई मिनेट मात्र रोकिएको थियो भने कानपुरमा पाँच मिनेट रोकिने रहेछ । केही यात्रुहरू ओर्लिए र नयाँ यात्रुहरू चढे । प्लेटफर्मको रमिता हेर्न झरें म पनि । सानातिना किओस्कहरूमा चहारें । न्युज स्ट्याण्डहरूमा अखबारहरूका हेड लाइन पढें । खासै खरीद गरी हाल्नु पर्ने चीजहरू देखिनँ । मर्निङ टि र ब्रेकफास्टले टन्नै भएको छ पेट ।

रेलको समय भएछ सबैजना भित्रियौं र सुस्तरी सिटी बजाएर अगाडि बढ्न थाल्यो रेल कानपुरको भव्य रेलवे क्षेत्रलाई पछाडि छोड्दै । भारतको एउटा व्यस्त रेल वे स्टेशनलाई बाइबाइ गर्दै लखनऊलाई ताकेर बढिरहेको छ रेल । साढे बाह्र बजे पुग्नु पर्नेछ चारवाग रेल वे जक्सनमा । त्यसैले पनि हतारिएको छ रेल र बाल्यकालदेखिको तागत लगाएर लिकमा दौडिरहेको छ । रेलवे लाइनको छेउछाउमा उभिएका भवनहरू, रूख विरूवाहरू विपरीत दिशातर्फ दौडिरहेको जस्तै दृश्य देखिरहेको छ । अझै भन्ने हो भने सडकहरू, सडकमा गुडिरहेका सवारीका साधानहरू, पैदल यात्रीहरू सबैसबै दौडिरहेको जस्तै अनुभूति भइरहेको छ मलाई ।

समयमा रेलले पुऱ्यायो लखनऊ चारवाग रेलवे जक्सनमा । भव्य छ रेलवे जक्सनको भवन । अग्ला होचा बुर्जा सहितको रातो र सेतो रङ्ग संयोजनको रेलवे भवन कुनै युरोपको पुरानो दरवार (क्यासल) जस्तै लागिरहेको छ मलाई । भवनको अगाडिको भागमा हरियो कार्पेट ओछ्याएजस्तै दुवोले ढाकिएको छ जमिन । मानौं एउटा सहरजस्तै लाग्दैछ रेलवे स्टेशनको प्राङ्गण । यात्राले थाकेको भए पनि स्टेशनको भव्यताले मेटाइदियो थकाइ । मानौं मेरो थकाइको इरेजर बन्यो चार वाग रेलवे स्टेशन ।

रेलबाट बिदा भएपछि आराम गर्नका लागि वाराणसी निवासी दाइ दुर्गाप्रसाद श्रेष्ठको सौजन्यमा चार वाग स्थित होटल सम्राटका म्यानेजर श्री सुरेन्द्र मोहन शर्मासँग सम्पर्क गर्न भन्नु भएको छ । सोही अनुसार मोबाइलबाट सम्पर्क गरें श्री शर्माजीलाई । उहाँले होटल सम्राटमा पुऱ्याइदिन भनी स्टेशन अगाडिको रिक्सालाई भन्नुहोस् र नजिकै छ होटल भन्नुभयो । सोही अनुसार एउटा रिक्सावालाको छेउमा गई होटल सम्राटसम्म पुऱ्याइदिनका लागि अनुरोध गरें । रिक्सावालाले भा.रू. पन्ध्र लाग्छ बस्नुहोस् भन्दै रिक्सामा चढ्न अनुरोध गरें ।

होटल सम्राटमा पुग्दा दिनको एक बजिसकेको छ । म्यानेजर श्री शर्माजी हामीलाई नै पर्खिरहनु रहेछ । हामी पुग्नासाथ रूम नं. २०८ मा आफ्ना सामानहरू राखी फ्रेस हुन भन्नुभयो । कफी र केही कुकिजहरू पठाइदिनु भयो रूममा नै । अलिक अप्ठेरो लाग्यो मलाई । अर्डर नै नगरी खानापिनाका सामानहरू रूममा पठाउँदा अप्ठेरो मान्दै पियौं कफी रत्न र मैले । हामीले पनि नयाँ दिल्लीको बङ्गाली मार्केटबाट खरीद गरी बोकेको सोना हलुवाको एक पाकेट उपहारका रूपमा होटल मेनेजरलाई दिने काम गऱ्यौं । नयाँ दिल्ली छोड्नु अघि कहीं कसैलाई दिल्लीको उपहार दिन काम लाग्छ भनी केही पाकेट सोना हलुवा किनेर सुटकेशमा राखेकोले अलिकति राहत मिल्यो लखनऊमा ।

हुन त नयाँ दिल्लीको बङ्गाली मार्केटमा रहेका 'नाथु स्वीट्स' र 'बङ्गाली स्वीट्स' पसल निकै ख्याति प्राप्त छन् विभिन्न किसिमका मिठाइहरूका लागि । त्यसैले कहींकतैबाट नयाँ दिल्ली आइपुगेका उपहार लैजान पर्ने छ भने वा कोसेलीका रूपमा बोक्दा मान्छेहरूको रोजाइमा सोना हलुवा पर्ने गरेको पाइन्छ । त्यही देखासिकीकै भरमा मैले पनि सोना हलुवा खरीद गरी बोकेको हुँदा निकै राहत मिल्यो आज । हुन पनि मुम्बईबाट सेलीब्रेटीहरू (हिरो, हिरोइन, गायक तथा संगीतकार) नयाँ दिल्ली आइपुगे भने बङ्गाली मार्केटमा आएर स्वीट्सहरू खरीद गरी लैजाने आम प्रचलनजस्तै छ । त्यसैले पनि बङ्गाली मार्केटको स्वीट्स भनेपछि भारतभरि प्रसिद्ध रहेको पाइन्छ ।

केही बेर होटलमा आराम गरी दिनको साढे दुई बजे निस्कियौं होटलबाट । आजै मुख्यमुख्य पर्यटकीय स्थानहरूको अवलोकन गरी रातको सवा एघार बजे वाराणसी प्रस्थान गर्ने कार्यक्रम रहेको छ । त्यसैले अलिक हतारमा पनि छौं । होटल नजिकैको सब्जीमण्डीमा गएर अटो (नेपालमा

टेम्पो भनेर चिनिने) लियौं बडा इमामबरा (भुलभुलैया नामले प्रसिद्ध) सम्म जानलाई ।

अटोले गुरू गोविन्द सिंह मार्ग, लालकुँवा, एपी सेन रोड हुँदै हुसेनगञ्ज चौक, विधायक निवास, विधान सभा मार्ग, आकाशवाणी, बापु भवनहरूलाई नियाल्दै बढिरहेका छौं नवाबी शहर लखनऊमा ।

अगाडि बढ्ने क्रममा विधान सभा, बेलदारी लेन, विएन् रोड, लालबाग, शालीमार स्क्वायर, डा.सुजा रोड, केण्ट रोडलाई पार गरेर श्रीराम मार्केट परिसरमा भित्रियौं ।

लखनऊको चिकेनका कपडाहरू प्रसिद्ध छन् भन्ने कुरा रत्नलाई थाह भएकोले केही कपडा खरीद गर्ने इच्छा व्यक्त गरिन् कुरैकुरामा । त्यसैले केही बेर रोकिने निधो गरी रोकियौं र हिंड्दै गरेको सडक वा क्याण्टोन्मेण्ट रोडकै 'सेवा चिकन इण्डस्ट्रिज' को पसलमा पस्यौं । रत्नले आफ्नो लागि एउटा चिकन सारी, कुर्ता सुरूवाल र दीपेशको लागि शर्ट छानेपछि मैले भुक्तानी गरे भा.रू. दुई हजार पच्चीस एसवीआइ क्रेडिट कार्डबाट ।

लखनऊको चिनो स्वरूप केही कपडाहरू खरीद गरिसकेपछि बडा इमामबरा (भुलभुलैया) का लागि बी. एन्. रोड भएरकेसरवाग, हजरतगञ्ज, परिवर्तन चौकमा पुग्यौं त्यहाँ बहेनजीको प्रतिमा (उत्तर प्रदेशको मुख्यमन्त्री मायावती) राखिएको देख्यौं ।

परिवर्तन चौकपछि महात्मागान्धी मार्ग, रेजिडेन्सी हुँदै अगाडि बढेर गोमती नदीको किनारमा रहेको हात्ती पार्क, गौतमबुद्ध पार्कको निकट हुँदै सरदार बल्लभ भाइ पटेल मार्गलाई पछ्याउँदै अपरान्ह १६ बजे पुग्यौं बडा इमामबरामा ।

नवाव असिफ उद दाउलाको शासनकाल सन् १७८४ मा अनिकालको महामारीले गर्दा राज्य संकटमा पर्न गएको थियो । सो महामारीबाट आफ्ना जनतालाई राहत दिन वा रोजगारी दिलाउने हेतुले बडा इमामबरा (भुलभुलैया) बनाउन लगाएका हुन् । हामी, अहिले त्यही भव्य भवनको अगाडि पुगेका छौं र जनता उद्दारका लागि निर्मित भवनलाई हेर्न, छुन र अनुभूति गर्न एकदम हतारिएर बडा इमामबरा भित्रिन तम्तयार भएका छौं ।

प्रवेश द्वारमा गएर तीनवटा टिकट लिएँ भा.रू. ७५/(भुक्तानी गरेर । अंग्रेजी भाषामा टिकटमा लेखिएको छः (हुसेनाबाद ट्रस्ट/ लखनऊ/ भिजिटर्स पोर्सन/कम्वाइण्ड पास फर लेव्रिन्थ, पिक्चर ग्यालरी, शाही हमाम, बाउली) ।

टिकट बिक्रीकर्ताले नै पथप्रदर्शक पनि चाहिन्छ कि भने प्रश्न गर्दै भा.रू. ११०/-लाग्ने कुरा बताए । मलाई थाहा

थियो कि पथप्रदर्शक बिना भुलभुलैयामा प्रवेश गर्दा बाहिर निस्कन नै नसकिने सम्भावना रहेको कुरा । त्यसैले एक जना पथप्रदर्शकको आवश्यकता सम्भें । किनकी आज आफ्नो परिवारका साथमा भुलभुलैया प्रवेश गर्दैछु र आजै राति वाराणसीतर्फको यात्राको पनि तय गरिएको छ । त्यसैले एक जना पथप्रदर्शक पनि लैजाने भनेपछि व्यवस्था भयो र हामी इमामवराको ऐतिहासिक भव्य र आलिशान भवनमा भित्रियौं ।

पथप्रदर्शक भनिरहेका छन्– 'मुख्य हल अर्थात गुम्बज हल विश्वमै यस प्रकारको हल यही मात्र हो भन्ने विश्वास छ । लम्बाइ १६३ फिट, चौडाइ ५३ फिट, उचाइ साढे उनन्चास फिट तथा भित्ता वा गाह्रो १६ फिट मोटो रहेको छ । यसको छानामा मार्वलहरू राखिएका छन् र छानालाई अड्याउन कुनै फलामे बीम तथा काठको प्रयोग नगरिएको कुरा बताए । हलको मध्य भागमा भल्लरी बत्ती भुण्ड्याइएको छ । सबैभन्दा माथि सुनौलो स्टाण्डमा चारवटा सिलिङतिर फर्काएर ठूलाठूला हरियो ढक्कन भएको बत्तीहरू जडान गरिएका छन् भने त्यसको ठिक मुन्तिर छ वटा साना आकारका सेता कभर भएका भल्लरी बत्तीहरू जडान छन् भने त्यसको मुन्तिर अलिक साना चारवटा सेता कभरमा बत्तीहरू जडान भएका छन् ।'

यस्तैमा पथप्रदर्शकले सम्भाउने कोसिस गर्दै भने– 'वास्तवमा यो कुनै मस्जिद वा दर्गा (चिहान) होइन । सिया मुस्लिमहरू विभिन्न पर्वहरू मनाउन र विशेष गरी मोर्हरमको शोक मनाउनका लागि भेला हुनका लागि निर्माण गरिएको हो । पहिल्यै कारवालामा भएको लडाईमा मोहम्मद प्रोफेटको नाति हुसेन इवन अली मारिएकोले सो को शोक मनाउन विशेषतः सिया मुस्लिमहरू भेला हुने स्थानका उपयुक्त भवन आवश्यक भएकोले बडा इमामबराको निर्माण भएको हो । साथै, यहाँ १०२४ वटा मार्गहरू रहेका छन् र भवन निर्माण गर्न चुना, दाल, आँटा, ऊखुको रस, बेल, हर्दी र माटो आदिका प्रयोग गरिएका छन् । यही मुख्य हलको साथमा इण्डिया हल, खरबुजा हल रहेका छन् । बडा इमामबरा तीनतले बनावटमा रहेको छ । पहिलो तलादेखि माथिल्लो तलासम्म थुप्रै गोप्य ग्यालरीहरू छन् । तिनै गोप्य ग्यालरीहरूमा दर्शकहरू अलमलिने भएकोले भुलभुलैया भनेर पनि प्रसिद्ध रहेको छ बडा इमामबरा ।'

मुख्य हलको बाहिरबाट चौरासीवटा सिँढी चढेर भुलभुलैयाको अवलोकनका लागि गयौं । मुख्य हलको माथिबाट चारैतिर घुम्दै तल हेर्‍यौं। पूर्वतर्फको तीनवटा भ्यालबाट पर रहेको मूल सडक देखिने गरी निर्मित

रहेछ । को को हिंडिरहेका छन् ? ती व्यक्तिहरू चिन्न सकिने स्थिति रहेको पाउँदा आश्चर्य लाग्यो हामीलाई । ठूलो हलमा कहाँ के भइरहको छ ? कसले के बोलिरहेको छ ? सबै कुरा नियाल्न सकिने र सुन्न सकिने स्थिति रहेछ । हाम्रो पथप्रदर्शकले हामीलाई एउटा कुनोमा छोडेर पल्लो किनारको छेउमा गएर सलाईको काँटी बाले । हामीले राम्रैसँग आवाज सुन्न सक्यौं । लाग्यो, पिन साइलेन्स भनेको यही रहेछ । अचम्मित बन्यौं हामीहरू । फेरि एउटा ढोकाबाट बाहिरिएर अर्को ढोकाबाट भित्र पस्दा त्यही मुख्य हलको माथि नै पुग्यौं । कुनै ढोकाबाट बाहिरिएर तल माथि गर्न खोज्दा पनि मुख्य हलकै माथि पुग्दा आश्चर्यमा पर्‍यौं । पथप्रदर्शक नभएको भए हलको भित्र र बाहिर बाहेक उम्कनै नसकिने स्थिति रहेछ । मानौं कुनै लेकको यात्रामा मोहनी झार टेकेजस्तै ।

केही बेरको लुकामारीपछि माथिल्लो तलामा उक्लियौं पथप्रदर्शकको सहयोगमा । भुलभुलैयाको भित्तामा रहेको सानो प्वालमा कान थापेर श्रवण गर्न भन्दै पथप्रदर्शक अन्यत्रै गए । उनले अदृश्य स्थानबाट बोले-

"कुछ सुन रहे हो ? हम तो निचे चले गए ।"

हामी तीनै जनाले भित्ताको प्वालमा कान थाप्दै सुन्यौं र सबैजना अचम्मित भयौं । भित्ताको पनि कान हुन्छ भनेको सुन्दै आएको कुरा साँचो प्रमाणित भयो आज । बडा इमामबराका भवनका भित्ताहरूले कानको काम गर्ने रहेछन् । कुन प्रविधि प्रयोग गरेर र कुन तकनिकीको आधारमा आजभन्दा ठ्याक्कै सवा दुई सय वर्ष अगाडि निर्माण गरियो होला यो बडा इमामबरा ? निकै आश्चर्य लाग्यो हामीलाई । त्यसबेलाको समयमा यस्तो नवीन कुराको सोच गरेर तयार पार्ने आर्किटेक्ट इन्जिनियर तथा कालिगरहरूलाई सलाम गरें मनमनै । जे भए पनि अपूर्वकै भवन लाग्यो लखनऊको बडा इमामबरा ।

केही बेर भुलभुलैयाको भित्र तथा बाहिर गर्दै छतसम्म पुगेर लखनऊको सेरोफेरोका अवलोकन गरी बाहिरियौं भुलभुलैयाबाट ।

त्यसपछि रूमी दरवाजा, छोटा इमामबरालाई अवलोकन गर्दै लाजपत नगर चौकतिर बढ्यौं । चौक स्टेडियम, राम मनोहर लोहिया पार्क, क्लक टावर हुँदै ठाकुरगञ्ज पार गर्दै हुसैनबाद, अमिनावाद, रानीगञ्ज भएर छ बजेर पैंतीस मिनेट जाँदा बासमण्डी चौराह भएर होटल फर्की आयौं ।

होटल सम्राट ठीक्कको छ न धेरै महँगो न धेरै सस्तो । सरसफाइमा ध्यान दिइएको छ । रेल वे स्टेशनबाट

धेरै टाढा पनि होइन । ४० चारवाघ सब्जी मण्डी, नियर इम्प्लोयमेण्ट एक्स्चेञ्ज, लखनऊमा अवस्थित छ । हिंडेर रेल वे स्टेशन र बजार पुग्न सकिन्छ । त्यसैले दुर्गाप्रसाद दाइले यही होटलमा बस्न सिफारिस गर्नु भएको र होटलको म्यानेजर उहाँको साथी पनि भएकोले निकै सजिलो भयो हामीलाई ।

होटल पुगेपछि रत्न र दीपेश आराम गर्ने भनेर रूममा नै बसे । म भने यसो टहलिन पऱ्यो भनेर होटलबाट वरिपरिका बजार नियाल्न थालें । एउटा सानो घुम्तीमा पान तयार पारिरहेको देखेर खान मन लाग्यो मलाई । चुना, एक सय बीस र मघैया पत्ता मेरो मन पसन्दको हुन्छ । पान तयार पार्दा खयर पनि लगाउने प्रचलन भए पनि खयरले दाँत र जिब्रो रातो पार्ने भएकोले खयर नलगाई बनाइदिन अनुरोध गर्ने गरेको छु । पानवालालाई एउटा पान बनाउन लगाएँ । पानवालाले सानासाना चारवटा बनाएर दियो । चुपचाप पान लिएर मुखमा हालें । अलिक अचम्म पनि लाग्यो मलाई । दिल्लीमा एउटा पान माग्दा दुईवटा सानासाना बनाएर दिने प्रचलन थियो । त्यसरी नै नेपालमा ठूलो साइजको एकवटा मात्र दिने गरिन्थ्यो । तर लखनऊमा त पान बनाइदेउ भन्दा चारवटा पो पाइने रहेछ । पान थापेर दश रूपैयाँको नोट थमाए पानवालालाई । छ रूपैयाँ फिर्ता दिए पानवालाले । दिल्लीमा दुईवटा सानासाना पानको भा.रू. चार लिने गरेको थियो । लखनऊमा चारवटा सानासाना पानको भा.रू.चार नै लियो । त्यसैले पान अलिक सस्तो लाग्यो लखनऊमा । केही बेर रेल वे स्टेशन र छेउछाउको बजारको परिक्रमा गरी होटल फर्किए म पनि । किनकी बेलुकीको खाना खाएर तयार भएर रेल यात्रामा जुट्नु छ वाराणसीका लागि ।

चाँवल (भातलाई हिन्दी भाषीले भन्ने शब्द), दाल, मिसाएर तयार पारेको तरकारी (मिक्स भिजिटेवल), दही, कुखुराको मासु (चिकेन), सलाद र रोटी मगायौं कोठामा नै । निर्देश गरेअनुसारको खाना आएपछि खायौं हामीले । किनकी रातको सवा दश बजे होटल छोडेर रेलवे स्टेशन पुगिसक्नु पर्नेछ । कम्तीमा पनि एक घण्टा अगाडि स्टेशनमा पुग्न सके आरामले रेल पक्रन सकिने हुन्छ । नत्र नयाँ स्थानमा यताउता गर्दागर्दै रेल छुट्न सक्छ ।

रेलवे स्टेशनतर्फ जानका लागि तयार भयौं बाईस बजे र पन्द्र मिनेट जाँदा । होटलको कोठा, खाना र अन्य सेवाको भुक्तानी गर्न रिसेप्सनमा झरी म्यानेजर सुरेन्द्र मोहन शर्माजीसँग कुरा गर्न खोजेको सबै मिलिसकेको छ । त्यसमा कुनै फिकर नगर्न उल्टै अनुरोध

गर्दा आश्चर्यमा परें म । होटलको कोठामा रजगज गरेका छौं । खाना आदि मन लागेको चिज अनुरोध गर्दै कोठामा नै मगाएका छौं । तर हिसाब के कति भयो भन्दा सबै मिलिसकेको छ भन्दा अनौठो नलाग्ने कुरै भएन । कुन चाहिं दयालु देवदूत आएर मिलाई दिए त हाम्रो खानपानको हिसाब । लागेको हिसाब लिनै पर्छ भनी जिद्दी गरें मैले । तर त्यस बारेमा कुरै सुन्न र गर्न मान्दै मानेनन् सुरेन्द्रजीले । बरू उल्टै वाराणसीसम्मको यात्रा शुभ रहोस् । गन्तव्यमा पुगेपछि खबर गर्नुहोला र आगामी दिनहरूमा पनि बराबर सम्पर्कमा रहने गरौं भनी भन्न थाल्नु भयो । के भन्नु न के बोल्नु भयो मलाई । कुनै देवदूत नै प्रकट भए झैं लाग्यो लखनऊमा । पहिलो पटक होटलमा पुगेर आश्रय लिएका हामीलाई खातिरदारी गर्नु भनेको चानचुने कुरो होइन । वास्तवमा यस कार्यका नायक वाराणसीका दाइ दुर्गाप्रसाद श्रेष्ठ नै हुनुहुन्छ । खोइ, के भन्नु भएको छ सुरेन्द्र मोहनजीलाई र उनले हाम्रो कुरा नै नसुनी सबै ठीक भयो भन्नु हुन्छ । साह्रै अप्ठेरो लाग्यो मलाई ।

भारतका खास गरी उत्तर प्रदेश र बिहारका होटल, लज आदिमा विश्वास गरेर झट्ट निर्णय गरी बस्न र खान पनि भरोसायुक्त हुँदैन भन्ने आम धारणा सुनेको छु । त्यसैमा पनि यसपटकको यात्रामा सपरिवार निस्कने भएकोले दुर्गा दाइको सल्लाह र सुझाव अनुसार नै यात्रा तय भएको छ । लखनऊको होटल पनि दुर्गा दाइले नै बुक गरिदिनु भएको थियो । सायद होटल सम्राटका म्यानेजर सुरेन्द्र मोहन शर्मा र दुर्गा दाइको बीचमा गाढा मित्रता भएकोले पनि हामीलाई आतिथ्य प्रदान गरेको हुनुपर्छ भन्ने अनुमान गरें । अरू होइन यस कार्यको जस दुर्गा दाइलाई जान्छ भनेर सोचें । अनि मनमनै सहस्र आभार व्यक्त गरें सुरेन्द्र मोहनजी र दुर्गा दाइलाई ।

रेलवे स्टेशनतर्फ प्रस्थान गर्ने समय नजिकिएपछि सुरेन्द्र मोहनजीसँग हात मिलाउँदै हामीप्रति देखाउनु भएको सदासयता र प्रदान गर्नु भएको आतिथ्यका लागि पुनः आभार व्यक्त गरें। भविष्यमा नयाँ दिल्ली आउनु भएको बेलामा 'हेलो' भन्न नभुल्नु होला भनें। साथै, म नेपाल फर्किएपछि काठमाडौं आउनु भयो भने सम्पर्क गर्न नभुल्नु होला भन्दै नयाँ दिल्ली र काठमाडौंका आफ्नो सम्पर्क नम्बर र ठेगाना आदि थमाउँदै बिदा भएँ म ।

सम्राट होटलबाट बिदा लिएपछि एउटा रिक्सा लियौं चारबाग रेलवे जक्सन जानलाई । रेल रातको एघार बजे अर्थात

२३०० बजे आइपुग्नेछ र पन्ध्र मिनेट रोकिने भएकोले तयारी अवस्थामा रह्यौं ।

अब करिब छ घण्टा जतिको यात्रा छ लखनऊदेखि वाराणसीको । लाटोकोसेरोजस्तै रेलले रातभरि बोकेर वाराणसी पुऱ्याउँछ भोलि बिहान सखारै । अर्ध निन्द्रित अवस्थामा जारी रहने छ हाम्रो यात्रा । सुरक्षित र आरामदायी रहोस् भन्ने आशा गर्दै प्लेटफर्मको फलाम बेञ्चमा बसेर पर्खिरहेका छौं काशी विश्वनाथ एक्प्रेस रेललाई ।

सानो हटिया नै लागेको छ रेलवे स्टेशनमा । यात्रुहरूको ओहरदोहर । हतारिएर दौडिरहेका । गफमा मस्त भुलिएका । कतिपय सानो किओस्क (प्लेटफर्ममा रहेको सानो पसल) मा किनमेलमा व्यस्त । साना बालकलाई ओढ्नेले छोपेर स्तनपान गराइरहेका । रेल आउनेतिर उभिएर एक टकले हेरिरहेका । आ-आफ्नै दुनियाँमा व्यस्त सानो संसारजस्तै चारबाग रेलवे स्टेशनको दृश्यावली ।

समयमै आइपुगेर रोकियो रेल । कुम्लो कुटुरो च्यापेर रेलको आ-आफ्नो डिब्बामा प्रवेश गर्न लागे । हामी पनि आफ्नो कोच 'बी २' मा चढ्यौं । अपर वर्थको सिटनं. ३२ मा रत्न, मिडल वर्थको सिटनं.२९ मा म र सिटनं.२३ मा दीपेश बस्यौं आमने सामने भएर । आफ्नो समयमा रेलले गति लियो र दौडिन थाल्यो बिस्तारै । रेलको लिकको छेउमा उभिएका केही खम्बाहरूमा बलिरहेको बिजुली र रेलवे लिकभन्दा परतिर रहेका गाउँहरूमा बलिरहेका बत्तीहरू सिवाय अरू केही चीज नियाल्न सकिदैन । कतिपय टाढाको स्थानमा जुनकिरी उज्यालो आँखामा आएर टाँसिन्छन् । यस्तैमा बच्छाँवान रेल वे स्टेशन पार गरेर रातको १२:५५ बजे राय बरेली रेल्वे स्टेशनमा पुगेर रोकियो रेल । रेल वे स्टेशन जागै छ । मान्छेहरूको चहलपहल छ ।

भारतको इतिहासमा राय बरेलीको स्थान निकै उच्च रहेको छ । किनकी यही क्षेत्रबाट भारतीय कङ्ग्रेशकी अध्यक्ष इन्दिरा गान्धी सांसदमा उठेर विजयी भएकी थिइन् र भारतको प्रधानमन्त्री समेत बन्न सफल भएकी थिइन् । त्यसैले राय बरेलीको छुट्टै स्थान सुरक्षित छ भारतमा ।

पाँच मिनेट रोकिएर पुनः आफ्नो गति पक्रिएर दौडन थाल्यो काशी विश्वनाथ एक्स्प्रेश राय बरेलीलाई वाइवाइ गर्दै । अन्धकारले राज्य जमाएकोले रेलको बाहिरतिर केही ठम्याँउन सकिँदैन । जताततै कहालिलाग्दो भीरजस्तो, पहराजस्तो र अग्लो पर्खाल उभिएजस्तो मात्र देखिएको अनुभूति हुन्छ । निद्राले पनि झम्टन खोज्छ बेलाबेलामा । ननिदाए

पनि भोलि कसरी वाराणसीमा हिँडडुल गर्ने भन्ने चिन्ताले सताउँछ । निदाएमा खल्ती र झोलाको अपरेशन हुन्छ कि भन्ने भयले घेरिएको छु म । हुन त त्यस्तो निन्दित र घृणित कार्य सेकेण्ड क्लासको वर्थ वा कोचमा हुने गरेको सुनिन्छ । हामीले यात्रा गर्दै गरेको एसी थर्ड भएकोले त्यत्तिको डर त हुँदैन । तैपनि आमनेसामने भएको बाघले भन्दा अरुबाट सुनेको बाघको कथाले चिथोर्ने रहेछ । निदाउन नखोजे पनि आँखाका परेलीहरूले एकापसमा अँगालिन पछि हट्दैनन् ।

राय बरेली पछि जैस रेलवे स्टेशन, गौरिगञ्ज, अमेठी, प्रतागञ्ज हुंदै चौखण्डी रेल वे स्टेशनमा दुई मिनेटदेखि पाँच मिनेटसम्म रोकिने कार्य गर्दै वाराणसी जक्सनमा पुगेर रेलले विश्राम गर्ने भए पनि कुन-कुन समयमा कुन-कुन स्टेशनमा पुग्यो पत्ता पाउन सकिनँ मैले ।

बिहानको पाँच बजेर पचास मिनेट जाँदा वाराणसी जक्सनमा पुगेर रेल रोकिएपछि मात्र थाहा भयो मलाई । राम्ररी पत्ता नै भएन रातले हामीसँग बिदा लिएको पनि । कुन स्थानको भ्रमणमा रहँदा वैशाख ११ बिदा भएर २०६६ वैशाख १२ गतेको दिन उपहार दियो हामीलाई रातले । अर्थात कसरी र कुन अवस्थामा शुरूवात भयो होला शनिबार अप्रिल २५, २००९ को आगमनको क्षण । जे जसरी भए पनि भाग्यमानी भयौं हामीहरू । रातभरिको सुरक्षित यात्राका साथ सकुशल आइपुग्यौं वाराणसीमा । धन्यवाद दिएँ मनमनै काशी विश्वनाथ एक्स्प्रेस रेल चालकलाई र रेललाई ।

वाराणसीमा पुगेपछि रेलबाट उत्रिएर बाहिरियौं हामीहरू । हिजै विजय श्रेष्ठ दाइ (दुर्गाप्रसाद दाइका भाइ) सँग कुरा हुँदा रेलबाट ओर्लिएपछि अटो लिएर लाहुरावीर स्थित मैदाजीन गोलघर आउन भन्नु भएको छ । सोहीअनुसार एउटा अटो लिएर मैदागीन गोलघरमा लैजान अनुरोध गरें । मोलतोल गर्दा भा.रू. ६०/- मा लैजान्छु भनेपछि त्यसैमा चढ्यौं तीनै जना ।

अटोले वाराणसी क्याण्ट, इङ्गिलस लाइन, मलदहिया, लहुरावीर, कवीर रोड, कवीर चौराह, लोहटिया, मैदागीन भएर गोलघरमा करिब पच्चीस मिनेटमा पुऱ्याइदियो हामीलाई ।

गोल घरमा पुगेपछि फोन सम्पर्क गरें दुर्गा दाइलाई । उहाँले विजय दाइका जेठा छोरा अभिषेक श्रेष्ठलाई लिन पठाउनु भयो गोलघरमा । चौखम्बा स्थित दुर्गा दाइको निवासमा पुगेर भेटघाट गऱ्यौं । दुर्गा दाइ, विजय दाइ लगायत उहाँहरूका धर्मपत्नीहरू र दुर्गा दाइकी छोरी संगिता श्रेष्ठ (उहाँ केही दिन अगाडि मात्र माइती आउनु भएको

रहेछ काठमाडौँको न्यूरोडबाट) आदिसँग औपचारिक रूपमा चिनजान गर्ने काम भयो ।

केही बेरको आरामपछि बिहानको खाना खायौँ । वाराणसीको बसाइ दुई दिनको भएकोले निकै हतारमा पनि छौँ । आजको कार्यक्रम सारनाथको भ्रमण बनाएका छौँ । भोलि बिहान वाराणसी वरिपरिका स्थानको अवलोकन गरी दिउँसो बनारस हिन्दु विश्वविद्यालय (बी.एच्.यू.) को भ्रमण गर्ने, किनमेल गर्ने र बेलुकीको १९:१५ बजे को शिवगंगा एक्स्प्रेस रेलबाट नयाँ दिल्ली फर्कने कुरा दुर्गा दाइलाई बताएँ ।

हाम्रो कार्यक्रम अनुसार बी.एच्.यू.मा अध्ययनरत भतिजाको पनि बिदा भएकोले सारनाथ पथप्रदर्शकका रूपमा अभिषेकलाई अनुरोध गरिदिनु भयो । आफू त पहिले पनि गइसकेको छु । यस पटक रत्न र दीपेशलाई वाराणसी तथा सोको सेरोफेरोको अवलोकन भ्रमण गराउने उद्देश्यले वाराणसीको यात्रा जुरेको हो । त्यही अनुसार सारनाथ पुग्यौँ साढे एघार बजेतिर अटोबाट । सारनाथ क्षेत्रमा रहेका मठ, मन्दिर, पीपलबोट, मिनि जु, उत्खनन गरिएका क्षेत्र, अशोक चक्र आदिको अवलोकनपश्चात महा बोधी बुक एजेन्सीबाट दीपेशले '३६६ रिडिङ अफ बुद्ध' भा.रू. २५०/- र दुईवटा स्याण्डलवुडका दानादार माला भा.रू. ३००/-मा खरीद गर्ने काम गरे ।

त्यसपछि अटो लिएर सोह्र बजे सारनाथबाट चौखम्बाका लागि रमाना भयौँ । किनकी गङ्गा किनारमा हुने साँझको आरती हेर्न लायक हुन्छ भनेकोले सोको लागि दशाश्वमेध घाटतर्फ पनि जानु छ ।

भोलिको यात्रामा दुर्गा दाई हामीसँग जाने र बी.एच्.यू.को अवलोकन गराउनका साथै नेपाली विभागका प्रमुख सञ्जय बान्तवा राई, नेपाल चेयर श्री दुर्गाप्रसाद अर्याल तथा नेपाली विभागकै प्राध्यापक दिवाकर प्रधानसँग पनि भेट गराउने कुरा राख्नुभयो । बेलुकीको खानापछि यस्तै सरसल्लाह गरी आराम गर्नेतर्फ लाग्यौँ ।

अप्रिल २६, २००९ को बिहानीले ब्युझायो वाराणसीको चौखम्बामा । बिहानी चियापछि धर्मशालाहरू देखाउन लैजानु भयो विजय दाइले । गंगा नदीको किनारमा रहेको हरिश्चन्द्र घाट, नेपाली मन्दिर हुँदै दशाश्वमेध घाटमा गई एउटा नौका एक घण्टाका लागि भा.रू. १००/- लिएर गंगा नदीको पारि गयौँ । गङ्गा नदीको मध्य भागको पानी 'गङ्गाजल' भन्दै सानो जर्किनमा उबाइन् रत्नले । वास्तवमा यस्ता घर व्यवहारका कुराहरू केटा मान्छेहरूले सोच्दा पनि सोच्दैनन् र गर्दा पनि गर्दैनन् ।

गंगा नदीमाथि तैरिएर वरिपरिका चहलपहललाई नियालेर पुनः साना र साँघुरा गल्लीहरूसँग सङ्घर्ष गर्दै चौखम्बा फर्कियौं र बी.एच्.यू.तर्फ जान तयार भयौं । दुर्गा दाइले पहिले नै कार्यक्रम निश्चित गर्नुभए पनि समयको दबाबका कारणले बी.एच्.यू. र सो परिसर मात्र अवलोकन गरी फर्कने काम गऱ्यौं ।

बी.एच्.यू.बाट फर्की आएपछि रत्नले अग्रवाल सिल्क सेण्टर (कामेश्वर कटरा, कुञ्ज गल्ली) बाट केही वाराणसी तथा सिल्कका साडीहरू खरीद गरिन् । त्यसपछि वाराणसीका लस्सी, पान र मीठाइ प्रसिद्ध हुन्छन् भनेपछि लस्सी चाख्यौं । साढे तीन ग्लासको भा.रू.४४/- रूपैयां र नजिकैको पान दोकानबाट एक बिरा पान बनाउन लगाई मैले खाएँ । वास्तवमा खासै फरक पाइनँ पानको स्वादमा ।

समय बढिरहेको छ अगाडि । रेलको समय आइरहेको छ नजिकिँदै । वाराणसीका विभिन्न स्थान र गल्लीहरूको हिँडाइले थाकेका पनि छौं । त्यसैले बिदाइका आवाज बढाएँ दुर्गा दाइतिर । आतिथ्यका लागि आभार प्रकट गरें । वाराणसीको बसाइ अवधिभर पुऱ्याउनु भएको सहयोगका लागि धन्यवादका शब्दहरू खर्चिएँ । साथै, लखनऊमा पाएको आतिथ्य र सहयोगका लागि समेत कृतज्ञता ज्ञापन गरें । सपरिवारबाट पाएको हार्दिकता, सामिप्यता र मद्दतको बयान गर्ने शब्द नै नभएकोले सबैलाई जम्लाहात गर्दै नमन गरें ।

वास्तवमा नै यो हामी बीचको सामिप्यता साहित्यको कारणले नै बनेको हो । म साहित्य नलेख्ने र दुर्गा दाइ आफ्ना पिता काशीबहादुर श्रेष्ठले स्थापना गरी प्रकाशनको थालनी गर्नु भएको साहित्यिक पत्रिका 'उदय' को अभिभारा बोकेर अगाडि नआउनु भएको भए हाम्रो साइनो जुर्ने नै थिएन । त्यसैले दुर्गा दाइका सपरिवार र 'उदय' पत्रिकालाई आभार प्रकट नगरी रहन सक्दिनँ ।

यस्तैमा बेलुकीको छ पनि बजिसकेछ । विधिवतरूपमा बिदाइ भएर निस्कियौं गोल घरतिर । नजिकैको अटो पक्री लाग्यौं रेल वे स्टेशनतिर । दुर्गा दाइ देब्रे हातले लौरो समाएर दाहिने हात हल्लाइरहनु भएको छ गोलघरको छेउको फुटपाथको किनारा उभिएर । अटोले स्वर केलाएर अगाडि बढ्न थालेपछि अटोभित्रैबाट हामी तीन जनाले पनि वाइवाइको समानान्तर सङ्केतका रूपमा आ-आफ्ना दाहिने हात टाउको माथि उठाउदै हावामा हल्लायौं ।

हामी चढेको अटो नओझेलिएसम्म सेतो फक्रिएको गुलाबका फूलजस्तै सेता दाँतहरू देखाएर मुस्कुराउँदै दुर्गा दाइले आफ्नो दाहिने हात हल्लाइरहनु भएको थियो ।

गोलघरबाट टाढिँदाटाढिँदै अटो भने रेलवे स्टेशनको नजिक पुग्न लागिसकेको छ । अहिले भर्खरै चौखम्बाबाट केही टाढिँएर गोलघर आइपुगेका थियौं । गोल घर र दुर्गा दाइबाट टाढिँएर रेलवे स्टेशन आइपुगेका छौं । अब केही बेरमा नै पूरै वाराणसीबाट टाढिँदै नयाँ दिल्ली पुग्नु छ । वास्तवमा जीवन भनेकै नजिकिनु र टाढिँनु रहेछजस्तै लागिरहेछ मलाई यस समयमा । ♦♦♦

कविता

## हाम्रो संस्कृतिको हालखबर



✍ **उद्धवप्रसाद प्याकुरेल**

नेपाली हुँ म भन्छु छैन शीरमा टोपी हराई गयो
देखासिखी गरी विचित्र पहिरी आडम्बरी पो भयो
खै दौरा सुरूवाल कोट छ कता फेटा सुहाएँ न त
गोर्खाली पहिचान गौरव सबै फालेँ गुमाएँ सत ।।

कालो केश दुई चिटिक्क चुलठी धागो हराइ गयो
त्यो शोभा शिरमा थियो रिवनको डाँडो कटाइ भयो
चौबन्दी फरिया हुँदैछ पटुकी बर्को त लोपोन्मुख
हाम्रा संस्कृतिका धरोहर सबै पोख्छन् गुनासो खुब ।।

देउताका मठमा न लाग्छ सहजै जात्रा र मेलाहरू
आफ्ना लोक कला भुली जनहरू रम्दै र जम्दै अरू
घाँसे गीत सिलोक कीर्तन कला रोधी हराइ गयो
चण्डी नाच र मारुनी भजनका अस्तित्व गुम्दो भयो ।।

बाजा मादल खैजडी र मुजुरा त्यो बाँसुरीको धुन
भावी सन्ततिमा कथा बनी गयो पाउन्न देखि छुन
यी हाम्रा पहिचान संस्कृतिहरू जोगाउनै पर्दछ
नेपाली हुँ भनी चिनाउँछ सदा लौ शान यो भर्दछ ।।

# नागरिकमा बिमाको पहुँच



✍ सुदर्शन अधिकारी

राज्यले बिमा क्षेत्रलाई प्राथमिकतामा राखेर कार्य गरेको भने पनि हालसम्म जम्मा पैतिस प्रतिशत नागरिकले मात्र बिमाको पोलेसी अन्तर्गत बिमा गरेका छन् । यस भित्र वैदेशिक रोजगारीमा गएकाहरूको पनि समावेश गरिएको छ । बिमा समितिको प्रतिवेदन अनुसार जेठ अन्त्यसम्म २५ प्रतिशत मात्र बिमा अन्तर्गत समेटिएका छन् । पछिल्ला वर्षहरूमा नागरिकमा बिमा सम्बन्धी ज्ञान बढेको हुनाले बिमाप्रति मानिस उत्साहित भएको देखिन्छ । हाल देशमा १९ वटा जीवन बिमा, २० वटा निर्जिवन बिमा र २ वटा पुनर्बिमा कम्पनी सञ्चालनमा रहेका छन् । विभिन्न बिमा कम्पनीहरूले ३ हजार २ सय ७९ वटा कार्यालय मार्फत बिमा सेवा दिंदै आएका छन् । जेठ मसान्तसम्म जीवन बिमा र निर्जिवन बिमा अन्तर्गत ९० अर्ब रूपैयाँ जम्मा गरेको बिमा समितिले जनाएको छ ।

पछिल्ला वर्षहरूमा बिमा सम्बन्धी चेतना विस्तार गर्न विभिन्न प्रशिक्षण तथा प्रचार प्रसार बढाइएकोले बिमा कार्यक्रममा नागरिकको सहभागिता बढेको देखिन्छ । यही क्रमले बिमा गर्नेहरूको मात्रा बढेमा आगामी वर्षमा चालिस प्रतिशत पुग्ने अनुमान गरिएको छ । बिमा क्षेत्रको दायरा विस्तार गर्नका लागि हरेक प्रदेशमा प्रादेशिक कार्यालय खोल्ने तयारी पनि बिमा समितिले गरेको छ । पहिलो चरणमा मधेस, कणार्ली र सात नम्बर प्रदेशमा कार्यालय खोल्ने नीति लिइएको छ । बिमा समितिका अनुसार कोरोना बिमा अन्तर्गत कम्पनीहरूले १० अर्ब ५० करोड रकम दिन बाकी रहेको छ । यसलाइ हेर्दा १ लाख ५ हजार बिमितले अझै भुक्तानी पाएका छैनन् ।

बिमाको धेरै फाइदा पनि रहेका छन् । यसबाट बचत गर्ने बानीको विकास हुन्छ भने परेको बखतमा सुलभ ब्याजदरमा ऋण समेत लिन पाइन्छ । हरेक हिसाबले बिमाको योजनामा

सहभागी रहनु सकारात्मक देखिन्छ । आर्थिक विकासमा बिमा व्यवसायले खेलेको भूमिकालाई दुइ कोणबाट हेर्न सकिन्छ । ती छन् जीवन बिमा र निर्जिवन बिमा । जीवन बिमाको कोणबाट नियाल्दा बिमा व्यवसायले व्यक्ति वा परिवारको बिमित व्यक्तिको मृत्युभएमा उसलाई बिमा लेखमा उल्लेख भए अनुसारको क्षतिपूर्ति उपलब्ध गराउछ जसबाट बाँकी परिवारले जीवनयापनका लागि केही स्रोत पाउँछन् । यो जीवन बिमाको पहिलो प्रभाव हो ।

दोस्रो बिमित व्यक्तिको असामयिक निधन नभएमा बिमालेख परिपक्व हुनासाथ बिमित व्यक्तिले बिमादेखमा उल्लेख भए अनुसारको रकम एकमुष्ट प्राप्त गर्न सक्छ । जुन रकमले सिमित व्यक्तिले धेरै कार्य गर्न सक्छ । तेस्रो जीवन बिमा गर्दा व्यक्तिले प्रिमियम दाखिला गर्नुपर्ने भएकोले अनिवार्य रूपमा बचत गर्ने बानीको विकास हुन्छ । चौथो जीवन बिमा गरिएको छ भने बिमा लेख धितोमा राखेर कर्जा समेत लिन सकिन्छ । यसले साना-साना आर्थिक आवश्यकता पूरा गर्न सहयोग गर्छ । पाचौं स्वास्थ्य बिमा गरिएको छ भने बिरामी पर्दा आइलाग्ने धेरै खर्चबाट व्यक्तिलाई पर्ने आर्थिक भार कम हुन्छ । छैठौं जीवन बिमा गर्नु सभ्यता, आधुनिकता र दूरदर्शिताको प्रतिक समेत हो । जीवन बिमा गर्ने व्यक्तिको समाजमा पृथक र सम्मान जनक स्थान रहन्छ । यसले सामाजिक प्रतिष्ठा वृद्धि गराउँछ ।

व्यावसायिक जीवनमा बिमाको अझ ठूलो महत्व रहेको छ । निर्जिवन बिमाले व्यवसायीलाई हुने आकस्मिक वित्तिय जोखिमबाट जोगाउछ । उदाहरणका लागि अग्नि र तारा एयरलाइन्सको २०६७ सालमा भएको दुर्घटनामा ती विमानहरूको बिमा नगरिएको भए दुवै एयरलाइन्सहरू आर्थिक रूपले संकटग्रस्त भैंसक्थे । त्यसैले व्यावसायिक जीवनमा बिमाको पहिलो महत्व यसले व्यवसायलाई भविष्यमा पर्न सक्ने सम्भावित आर्थिक जोखिमको प्रभावबाट जोगाउँछ । दोस्रो बिमा गरेपछि कतिपय आर्थिक जोखिम कम भएपछि व्यवसायीले तनावरहित भई कार्य गर्न पाउँछ जसबाट उत्पादकत्वमा सकारात्मक प्रभाव पर्न गई आर्थिक क्रियाकलाप विस्तार हुन्छ ।

तेस्रो बिमा व्यवसायले कृषि उद्योग खनिज आदि क्षेत्रको जोखिम कम गर्न सहयोग गर्छ । जसबाट लगानीकर्ता आकर्षित भई पुंजी वृद्धि हुन जान्छ । चौंथो अर्थतन्त्रमा बिमा व्यवसाय बढदै गएमा अप्रत्यक्ष रूपमा

उपभोग कटौती भई राष्ट्रिय बचतको भाग पनि बढ्छ जुन नेपाल जस्तो अल्पविकसित देशको लागि अतिनै जरूरी देखिन्छ । पाँचौ अर्थतन्त्रमा लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि औद्योगिक श्रमसम्बन्ध, सरकारी नीति, कच्चा पदार्थको उपलब्धता र बजारको पहुँच जस्ता विविध तत्वको आवश्यकता पर्छ । लगानीमैत्री वातावरणको अर्को पूर्वशर्त भनेको उपयुक्त मात्रामा अर्थतन्त्रमा बिमा व्यवसायको विकास हुनु पनि एक हो । त्यसैले बिमा व्यवसायले अर्थतन्त्रमा लगानीमैत्री वातावरण निर्माण गर्न सहयोग गर्छ ।

नेपाली अर्थतन्त्र दोधारे चरित्रको रहेको छ । शहर, बजार, संस्थागत क्षेत्र र औद्योगिक गतिविधिबाट टाढा रहेको ग्रामीण र कृषि क्षेत्र पनि नेपाली अर्थतन्त्रको एउटा महत्वपूर्ण अंग हो । यस क्षेत्रमा सञ्चालित साना-साना व्यवसायहरू पसल, उद्यम, कृषि घरेलु व्यवसाय, पशुपालन कुटीर उद्योग व्यावसायिक कृषि आदि कार्यमा हुने जोखिमहरूको बिमा गर्ने प्रचलन प्रभावकारी रूपमा भएको छैन । यो लघु बिमा व्यवसायलाई विकसित गर्न पनि आगामी दिनमा नीतिगत निकायले ध्यान दिनु जरूरी देखिन्छ । बिमा कम्पनी र ग्राहक बीचमा प्रत्यक्ष रूपले बाक्लो भेटघाट हुँदैन । यी दुवै पक्षका बीचमा बिमा अभिकर्ताहरूले समन्वय गरेका हुन्छन् । जसलाई व्यवहारिक प्रचलनमा एजेन्ट भन्ने गरिन्छ । यी बिमा एजेन्टहरूलाई व्यक्तिगत र संस्थागत एजेन्ट गरी दुई भागमा विभाजन गरिन्छ ।

संस्थागत एजेन्टलाई पनि बैंक एजेन्ट र अन्य एजेन्ट गरी दुई भागमा राखिन्छ । बैंक तथा वित्तिय संस्थाहरूले बिमाको एजेन्टका रूपमा कार्य गरेर बिमा सेवा उपलब्ध गराउने कार्यलाई बैंक बिमा भनिन्छ । नेपालमा बैंक बिमाको मात्रा भने अत्यन्तै कम रहेको अवस्था छ । यसलाई बढाउनका लागि आवश्यक नीति र कार्यक्रमहरू बनाउनु पर्ने खाँचो रहेको छ । हाल देशमा कतिपय सहकारी संस्था, गैरसरकारी संस्था र बचत तथा कर्जाको काम गर्ने अर्ध संगठित संस्थाहरूले बिमा समितिबाट इजाजत नलिई बिमा कारोबार गरिरहेका छन् । यो ज्यादा ठूलो जोखिमपूर्ण कार्य समेत हो । प्रचलित कम्पनी व्यवस्था अनुसार बिमा समितिको इजाजत नलिई बिमा सम्बन्धी व्यवसाय सञ्चालन गर्न मिल्दैन ।

अत यस चुनौतीलाई सच्याउन पनि आवश्यक नीतिको व्यवस्था हुनु

जरूरी देखिन्छ । नेपालमा बिमा क्षेत्रको नियमनकारी निकाय बिमा समिति हो । तर हालको अवस्थामा बिमा व्यवसायको बढ्दो चुनौतीसँग जुध्न बिमा समितिलाई आवश्यक अधिकार उपलब्ध भएको देखिदैन । त्यसैले बिमा समितिको नाम नै परिवर्तन गरेर नेपाल बिमा प्राधिकरण राखेर यसलाई राष्ट्र बैंकजस्तै शक्तिशाली नियमनकारी निकाय बनाउनुपर्छ । यसो भएमा बिमा व्यवसायको क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्न सकिन्छ । बिमा क्षेत्रमा व्यवस्थापकीय तहको जनशक्ति उचित मात्रामा उपलब्ध नहुनु यस क्षेत्रको अर्को समस्या हो । यस समस्यालाई हल गर्न राष्ट्रिय स्तरको बिमा प्रशिक्षण केन्द्र स्थापना गर्नुका साथै क्षेत्रीय स्तरमा समेत घुम्ती तालिमहरू सञ्चालन गर्नुपर्छ ।

नेपालको विश्वविद्यालयहरूमा स्नातक तहका लागि बिमा विषयलाई उचित स्थान दिएर समावेश गर्दै स्नाकोत्तर तहमा बिमा विषयका अध्ययन अध्यापन हुने प्रबन्ध मिलाई यस क्षेत्रको प्राज्ञिक र व्यवहारिक दक्षता बढाउन प्रभावकारी व्यवस्था मिलाउदै जानुपर्छ । यसका साथै विद्यालय तहको पाठ्यक्रममा पनि बिमा बारेमा पाठ समावेश गरी पठन-पाठन हुनुपर्छ । विश्व व्यापार संगठनको सदस्यको नाताले सन् २०१० जनवरी देखि नेपालले सेवा क्षेत्रमा उदारिकरणको नीति अवलम्बन गरेको छ । यस प्रावधानले गर्दा भविष्यमा विदेशी बिमा कम्पनीका शाखाहरू नेपालमा पनि स्थापना हुन सक्छन् । बिमा क्षेत्रका समस्यालाई समाधान गर्नका लागि वस्तुपरक विकल्पहरूको खोजी गर्नुपर्छ ।

नेपालमा बिमा व्यवसायको प्राभावकारिता बढाउनका लागि यस क्षेत्रमा रहेका थप समयाहरूको पहिचान गर्नुपर्छ । बिमा अभिकर्ताहरूलाई उचित तालिमको प्रबन्ध नहुनु, बिमा सेवा शुल्क महङ्गो हुनु, बिमा सम्बन्धी नागरिकमा चेताना कम हुनु, स्वास्थ बिमाको विस्तार नहुनु ,नीतिगत निकायहरू खासगरी अर्थ मन्त्रालय, नेपाल राष्ट्रबैंक, राष्ट्रिय योजना आयोग बिमा समिति र धितोपत्र बोर्डका बीचमा समन्वय अभावमा प्रभावकारी कार्य सम्पादन हुन सकेका छैनन् । ◆◆

***रेडियो प्रहरी कार्यक्रम प्रत्येक सोमबार र बिहिबार बेलुकी ७:४५ बजे रेडियो नेपाल १०० मेगाहर्ज र नेपाल प्रहरीको वेभसाइट www.nepalpolice.gov.np मा समेत सुन्न सकिनेछ ।***

# अधुरो सपना



✍ **सूर्य प्रसाद लाकोजु**

सबिना मेरी बहिनीकी सखी । उनीहरूबीच कुनै पनि कुरा गोप्य रहँदैनथ्यो । आत्मीय साथी भएका कारण सुख र दुःख साझा थियो उनीहरूका लागि। सबिना अलिक दुब्ली, पातली थिइन् । गोरो वर्णकी सबिना हिस्सी परेकी थिइन् । बहिनीसँग प्रायः घरमा आइरहन्थिन् उनी । मसँग पनि बोल्थिन्। उनले मलाई भेट्दा गर्ने प्रश्न सधैं एउटै थियो, "सन्चै हुनुहुन्छ?" म भने प्राय टाउको मात्र हल्लाउथैं । कहिलेकाहीं मात्र "ठिक छु" भन्ने उत्तर दिन्थैं । लामो र गहिरो सम्वाद भने उनीसँग कहिल्यै भएन मेरो । उनी भने मसँग कुरा गर्ने बहाना झिकिरहन्थिन। उनको प्रश्नको छोटो उत्तर दिएर उम्कने बानी थियो मेरो । उनी भन्ने गर्थिन्, "तपाइँले लेख्नुभएको गजल खुब मनपर्छ मलाई । विशेष गरेर पिरतीका मीठा गजलहरूले मेरो मन छुन्छ । कति राम्रा गजल !" उनको तारिफ सुनेर म मुसुक्क हाँस्थैं । मलाई थाहा थियो उनको प्रेम मेरो गजलसम्म मात्र सीमित थिएन । उनको गजलप्रेम पोखिएर मेरो मनको दैलोसम्म पुग्न खोजिरहेको अनुभूत मैले पटकपटक गरेको थिएँ ।

म कुनै नामी गजलकार थिइनँ । गजल सुन्न मलाई खुब मन पर्थ्यो । पत्रपत्रिकामा प्रकाशन भएका गजल पनि खुब पढ्ने गर्दथें । गजल प्रकाशन भएका पत्रिकाहरू खोजेरै पढ्ने मेरो बानी थियो । अरूका प्रकाशित गजलहरू पढेकै भरमा मैले पनि छिटपुट रूपमा गजल लेख्न थालेको थिएँ । आकलझुकल स्थानीय पत्रिकाहरूमा पनि प्रकाशन हुन्थे मेरा गजलहरू । तर म विज्ञानको विद्यार्थी थिएँ । प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको पनि दुई वर्ष भैसकेको थियो। एम.बि.बि.एस. डाक्टर पढ्नका लागि पोहर साल छात्रवृत्तिका लागि आवेदन दिएको थिएँ । परिश्रम पनि निक्कै गरेको थिएँ । तर नाम निस्किएन । हरेस खाने कुरा भएन । सम्झें "आफ्नो परिश्रम पुगेको रहेनछ ।" यो वर्ष छात्रवृत्तिका

लागि दरखास्त आहवान हुनासाथ फेरि आवेदन दिनुपर्छ भन्ने सोचिरहेको थिएँ । त्यही अनुसारको तयारीमा जुटिरहें ।

म सानो छँदा पिताको छहारी गुमाएको थिएँ । बुनू त अझ सानै थिईन् । म भने केही बुझ्ने भइसकेको थिएँ । बुबा बित्नुहुँदा मेरो व्रतबन्ध समेत भएको थिएन । आमाले टुहुरो छोराछोरी, घर, परिवार, खेतबारीको सम्पूर्ण जिम्मेवारी उठाउनुपर्ने बाध्यात्मक परिस्थिति थियो। जीवनमा आइपरेको बज्रपातलाई आमाले हाम्रै मुख हेरेर सहनुभयो । लाउन र खान हामीलाई दुःख थिएन । पैतृक सम्पत्तिवापत बुबाले पाउनुभएको तीन रोपनी खेत र एक रोपनी बारीमा पोखिएको आमाको पसिनाले हामी पालित र पोषित थियौं । खेतालालाई दिनुपर्ने ज्याला, मलखाद, घरखर्च, पढाईका लागि खर्च सबैका लागि खेतकै भर थियो । खेतबाट आएको धान, आलु बेचेरै खर्च टार्नुपर्ने अवस्था थियो । अतिरिक्त आय नभएका कारण घरमा पैसाको भने अभावै रहन्थ्यो । त्यो कुरा मैले राम्रोसँग बुझेको थिएँ । त्यसैले मैले आमासँग कहिल्यै पैसाका लागि दुःख दिइएन । बुनू भने पैसा मागिरहन्थिन । "तँलाई कति पैसा चाहिएको ? सधैं पैसा.... पैसा... । तेरो दाइलाई हेर्, कहिल्यै पैसा मागेको देखेको छस् ? उल्टो बाबु खर्च चाहिएला केही पैसा राख भनेर दिंदा पनि चाहिँदैन आमा मसँग छ भन्छ ।" बुनूले आमासँग पैसा माग्दा सधैं भन्ने कुरा यही थियो ।

घरकै परिस्थितिका कारणले पनि होला म कसैसँग पनि त्यति धेरै बोल्दिनथें । चाहिने मात्र बोल्ने, अनावश्यक कुराकानी नगर्ने मेरो बानी थियो । हत्तपत्त कसैसँग पनि घुलमिल हुन कठिन हुन्थ्यो मलाई । म अन्तर्मुखी स्वभावको थिएँ । सबिना भने टकेटिव । एकदिन म कोठामा पढ्दै थिएँ । ढोकाबाट आवाज भित्र पस्यो, "सन्चै हुनुहुन्छ ?" आवाजतिर मेरा आँखा तुरून्त कुदिहाले। सबिना ढोकाबाट भित्र छिरिन् । मैले जवाफ फर्काउने पारामा टाउको हल्लाउँदै भनें, "अँ.........।" मेरो पारा देखेर बोलिन् सबिना, "कस्तो रहेछ तपाइँ त ! बोल्न पनि पैसा लाग्ने हो र ? "

"होइन, ठिक छु ।" मलाई बोल्न बाध्य पारिन् उनले ।

"अनि बुनू खोइ त ?"

"माथि छिन् ।"

केही बेर उनको ओठ चुप भए । बुनू माथि छे भनेपछि माथि जालिन् भन्ने सोचेको थिएँ । तर उनी माथि जाँदिनन् । एकैछिनपछि सबिनाको प्रश्न फेरि मतिर तेर्सिन्छ, "के गर्दै हुनुहुन्छ ? पढ्दै ?"

टाउको हल्लाउँदै जवाफ

फर्काएँ, “अँ....।”

गुलाब जस्तै फक्रेको उनको मुहारमा मेरो नजर टिक्न सकेन । किन हो किन चिप्लिहाल्छ । उनले भने मलाई एक टकले हेरिरहिन् । मलाई भने अप्ठयारोको राप र तापले उकुसमुकुस बनाइरह्यो । धन्न त्यसै बेला बुनू आइन् र मैले राहतको सास फेरें । दुबै चोटातिर लागेपछि तेज गतिमा दौडेको मेरो हृदयको गति बल्ल सामान्य अवस्थामा आएको थियो । मलाई किन यस्तो भएको होला भनेर आफैसँग धेरै पल्ट प्रश्न पनि गरें ।

साँझ बिदा भएर जान लागेको थियो । रात कलिलै थियो । भान्साको काम सकेर बुनू तल आइन् । मसँगै बसिन् । आमा चोटामा हुनुहुन्थ्यो । “आमालाई एक्लै छोडेर तँ किन यहाँ आएकी ?” मैले सोधें । बुनूले मेरो प्रश्नको कुनै उत्तरै नदिई प्रतिप्रश्न गर्दै भनिन्, “के हो दाइ ? मेरो साथी सबिनालाई मोहनी लगाउनुभए जस्तो छ नि ।”

“किन?”

“बुनू ! तिम्रो दाइ कस्तो राम्रो लाग्छ मलाई । शान्त, सुन्दर तलाउ जस्तै भन्थी ।”

“अनि तिमीले के भन्यौ त?”

“जमेको तलाउ पनि राम्रो हुन्छ त ? खोला जस्तै बगेको पो राम्रो” भनें। “तँलाई थाहा छ सबै, जमेको राम्रो कि बगेको राम्रो ।”

“दाइलाई पनि करेन्ट लाग्यो कि के हो ? जमेको पानीमा पनि करेन्ट हुँदोरहेछ ?”

“बढ्ता नहोऊ । जाउ आफ्नो कोठामा । मलाई पढ्न देउ ।”

बुनू आफ्नो कोठामा गईन् । म पढ्न बसें । त्यो रात धेरै पढ्न सकिनँ । मनमा कुराको ज्वारभाटा चलिरह्यो । अबेरसम्म निन्द्रादेवीले शरणमा लिइनन् ।

केही दिनपछिको कुरा हो । एम.बि.बिएस. पढ्नका लागि छात्रवृत्तिको आवेदन खुलिसकेको थियो । म परीक्षा दिनको लागि काठमाडौ गएँ । परीक्षा भएको दुई हप्तापछि रिजल्ट प्रकाशन भयो । छात्रवृत्तिका लागि म पनि छनौटमा परें । यो खबर सुनेर आमाले गहभरि खुशीको आँसु पार्नुभयो । बुनू पनि निक्कै प्रसन्न भइन् । “थाहा छ दाइ ! तपाइँ छात्रवृत्तिका लागि छनौट हुनुभएको खुशीयालीमा आज बिहान कलेजमा सबिनाले मिठाइ बाँडिन् । सबैले के खुशीयालीमा मिठाई बाँड्दै छस् भनेर सोध्दा पनि उनले केही भनिनन् ।” “अनि उनले के भनिन् त ?” मैले प्रश्न गरें । “के भन्नु दाइ, सबिनाले आँप खा न रूख किन गन्नु पऱ्यो भन्दै जवाफ लगाइन् ।” बुनूको कुरा सुनेर म अवाक भएँ । कति धेरै माया छ उनको मनमा

मेरा लागि । यति धेरै मायालाई कसरी सम्हालेर राख्ने होला मैले ? यस्तै सोचले मग्न भएँ म । मायाको आगो उसको मनमा जस्तै मेरो मनमा पनि सल्किसकेको थियो । "तिम्रो साथीलाई धन्यवाद भनिदिनु है ।" मैले भने । "मेरो साथीलाई धन्यवादले मात्र पुग्छ दाइ ?" बुनूको प्रश्नको उत्तर थिएन मसँग । म नाजवाफ बनें । त्यो घटनाले सबिनाप्रति मेरो मनमा माया मात्र होइन श्रद्धाका अनेक फूल पनि फुल्न थाले ।

बङ्गलादेशको ढाकामा पढ्न जाने दिन पनि आइसकेको थियो । बिहान आमाको हातबाट सगुन लिएर एअरपोर्टका लागि निस्कें । मलाई एअरपोर्टसम्म छोड्न बुनू र सबिना दुबै आएका थिए । घरबाट एअरपोर्टसम्मको करिब एक घण्टा लामो यात्रामा बोलिरहने सबिनाको ओठ चल्दै चलेन । प्राय नबोल्ने, जोक त गर्दै नगर्ने मैले ठट्टा गर्दै भने, "आज सबिनाको मुख कस्ले सिलाएर पठाएछ ?" जवाफमा उनले भनिन्, "ओहो ! तपाईंलाई ख्यालठट्टा पनि गर्न आउँदो रहेछ !" बल्ल उनको आवाज सुन्न पाइयो । हामी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल पुग्यौं। त्यहाँ पनि मानौं सन्नाटा छाएको थियो । बुनू पनि निक्कै भावुक देखिइन् । सबिनाको पनि अनुहारको रङ्ग पूरै उडेको थियो । भित्र छिर्ने समय पनि आइसकेको थियो । आफूले आफैलाई सम्हालेर मैले दुवैलाई भने, "राम्रोसँग बस्नु, घरको, आमाको हेरचाह गर्नु है.........।" मैले यति के भनेको थिएँ दुबै जना भक्कानिएर मलाई अङ्गालोमा हाले । "सधैंका लागि जान लागेको हो र ? म फर्किहाल्छु नि।" मेरो रून्चे स्वर निस्कियो । उनीहरूलाई सान्त्वना दिएर म भित्र छिरें । उनीहरू पनि आएकै गाडीबाट घर फर्के ।

यता मेरो पढाइ जारी थियो । म पढ्न ढाका छिरेको पनि दोस्रो वर्ष भइसकेको थियो । परीक्षा पछि एक महिना लामो बिदा हुने भयो । घरको यादले सताएकै थियो । आउने बेलामा मनमा पत्थर राखेर आमाले हाँसेर बिदा गर्नुभएको थियो । बुनू र सबिना पनि जीवनकै अभिन्न अङ्ग बनिसकेका थिए । घरमा हुँदा खासै वास्ता हुन्नथ्यो सबिनाको । तर यता आएपछि सपनामा पनि उनैलाई देख्ने गर्छु । भेट हुँदा सधैं उनले भन्ने शब्द "सन्चै हुनुहुन्छ?" कानमा सधैं गुन्जिरहन्थ्यो । लामो बिदामा केही समय घरमा बिताउने विचार गरें । खबरै नगरिकन घर पुग्दा सबैलाई सरप्राइज हुन्छ । यही सोचेर म एक महिनाका लागि घर फर्कें। साँझपख घर पुगें । मलाई अचानक घरमा देखेर आमा र बुनूको मुहारमा उज्यालो पोतियो । "खबरै नगरिकन

आइस् त बाबु । चिठी पठाएर खबर गरेको भए बुनूलाई लिन पठाउँथें नि ।" आमाले भन्नुभयो । "यो सरप्राइज हो आमा ।" मैले भनें ।

"अरू त सबै ठिक छ नि?"

"एक दम राम्रो छ आमा । गत सालको परीक्षामा मैले कलेज टप गरेको छु । यो सालको परीक्षा दिएर आएको छु । अब आउने परीक्षामा पनि राम्रो गर्नुपर्छ । अर्को वर्ष आउन सकिएला, नसकिएला त्यसैले अहिले आएको ।"

"राम्रो गऱ्यौ बाबु । म चिया बनाएर ल्याउँछु तिमीहरू दाजुबहिनी गफ गर्दै गर ।"

आमा भान्सातिर लाग्नुभयो । "अनि मेरी प्यारी बहिनीको हालखबर के छ ?" मैले सोधें "ठिक छ दाइ । तपाइँलाई कस्तो छ ?"

"ठिक छ बुनू मलाई नि ।"

मन सबिनाको बारेमा बुझ्न व्यग्र थियो । तर अप्ठ्यारो लागिरह्यो । साँझ छिपिंदै थियो । तैपनि ओठ फुस्कियो, "सबिनालाई कस्तो छ ? तिमीहरूको भेट त भइरहन्छ होला नि ? यता घरमा आउँदिनन् आजकल ?"

सबिनाको कुरा कोट्याउने बित्तिक्कै एकाएक बुनूको अनुहारको चमक हराएको भान भयो । भर्खरसम्म धपक्क बलेको बत्ति निभेको जस्तो भयो । मेरो एकपछि अर्को प्रश्नको सोधाइले पो त्यस्तो भएको हो कि जस्तो नि लाग्यो । "बुनू के भयो तिमीलाई ? किन नबोलेकी ?"

"तपाईं गएको एक वर्षपछि सबिना बिरामी भइन् । सुरूको तीनचार महिना त रोगै पत्ता लागेन । पछि बल्ल रोग पत्ता लाग्यो, ढिलो गरी ।"

"ढिलो गरी ? के भयो उनलाई बुनू ?"

"ब्लडको क्यान्सर चौथो स्टेजको ......। अन्त पनि फैलिसकेको छ रे दाइ....। अहिले ऊ मृत्युसँग लडाई लड्दैछ .......।" बुनूको मुखबाट पूरा शब्द निस्किएन । त्यो खबर सुनेर म माथि ठूलो वज्रपात भयो । म उभिएको जमिन कसैले खोसेर लगेको आभास भयो । एकाएक हृदयभरि पीडाको बाढी पसेर खुशी सबै बगाएर लग्यो ।

"बुनू ! अहिले सबिना कहाँ छिन् ? अस्पतालमा कि घरमा ?"

"चार दिन अगाडि केमो चलाएर घरमा ल्याएको थियो । अहिले घरमै छिन् । लामो समयको अस्पताल बसाईपछि घरमै राख्न सकिने सल्लाह डाक्टरले दिएपछि उनलाई घर ल्याएइको थियो । तर केमो चलाउन अस्पताल जानुपर्छ ।" "हामी भेट्न कहिले जाने त नानू ?"

"आज अबेला भयो । तपाईं

पनि यात्राबाट थाकेर आउनुभएको छ । भोलि बिहान सबेरै जाऔँ न दाइ, हुन्न ?"

स्वीकृतिमा मैले टाउको हल्लाएँ ।

रात अनिँदो गरी वित्यो । मनमा अनेकौं तर्कनाहरू उठे । लाग्यो, "दैव पनि कति निष्ठुरी ! खुशी खोस्न मै मात्र पाएको रहेछ । सानैमा टुहुरो बनाएर पुगेन । अहिले बल्ल पाएको खुशी पनि खोस्न तयार भएर बसेको छ ।"

भोलि बिहान सबेरै बुनूलाई लिएर सबिनाको घर गएँ । रोगले पूरै शरीर गलिसकेको रहेछ । हाँसिरहने, बोलिरहने सबिनाको ज्यान क्यान्सरको धमिराले खाइसकेको रहेछ । हामी आएको थाहा पाएपछि रोगले थला परेको शरीर उठाउन खोजिन्, तर सकिनन् ।

गहभरि आँसु पार्दै भनिन्, "सन्चै हुनुहुन्छ?" उही प्रश्न तर परिस्थिति उस्तै छैन । मान्छे उही, प्रश्न उही तर अवस्था फेरिएको थियो । इशारामै हामीलाई बस्न अनुरोध गरिन् । सबिनाको आमा त्यहीं हुनुहुन्थो । हामी गएपछि चिया पकाउन उहाँ कोठाबाट बाहिर जानुभयो । "कहिले आउनु भयो तपाईं ?" सबिना बोलिन् ।

"हिजो बेलुका ।"

"तिमीलाई अहिले कस्तो छ ?"

"यस्तै छ । तपाईं आउनुभयो अब त छिटै मर्दिन की ?"

उनको कुरा सुनेर बुनू रोइन् । मैले पनि आफूलाई थाम्न सकिनँ । बल्ल आफूलाई सम्हाल्दै भने, "धत् ! यस्तो पनि कुरा गर्छन् । तिमीलाई केही हुँदैन ।" "मान्छेको जिन्दगी यस्तै छ । ढिलोचाँडो एक दिन मर्नुपर्छ । मृत्युदेखि मलाई डर लाग्दैन । तर तपाइँसँग भेट्न नपाई, देख्न नपाई मर्छु कि भन्ने सन्त्रास थियो मनमा । अब म सन्तोषले मर्न सक्छु ।"

"छि ! यस्तो पनि कुरा गर्छन् लाटी । आत्मविश्वास बलियो बनाऊ सबिना ! तिमीलाई केही हुन्न । उपचारबाट निको हुन्छ । चिन्ता नगर ।"

सबिनाले केही बोलिनन । म पनि निशब्द भएँ । मैले विस्तारै उनको हातमा आफ्नो हात राखें । ढाडस दिने प्रयास गरें । अर्को हात निधारमा राखें । मेरो हातको स्पर्शबाट उनका आँखा रसाए, सँगै मेरा पनि । लामो समय त्यहाँ बसेर भोलि फेरि आउँछु भन्दै भारी मन बोकेर हामी घर फर्कियौं । साँझमा सबिनालाई गाह्रो भयो भन्ने खबर आयो । हामी दगुरेर सबिनाको घरतर्फ लाग्यौं । उनको अवस्था राम्रो थिएन । सबिनाको छिमेकी उनलाई अस्पताल लैजान एम्बुलेन्स खोज्न गएको थियो । हामी त्यहाँ पुग्दा सबिना बोल्न सक्ने अवस्थामा

थिइनन् । एकै छिनमा एम्बुलेन्स आइपुग्यो । उनलाई एम्बुलेन्समा राखेर अस्पताल लैजाँदै थियौं । म उनको नजिकै बसेको थिएँ । उनले मलाई पुलुक्क आँखा खोलेर हेरिन् । स्वास घिर्रर भएको आवाज सुनियो । त्यसपछि उनका दुवै आँखा पर्लक्क पल्टिए । मेरो अगाडि उनले अन्तिम सास फेरिन् । उनको अन्तिम हेराईले मलाई भन्दै थियो, "मेरो मनको राजा ! मैले तपाईलाईँ मात्र पर्खेकी थिएँ । तपाइँ आउनुभयो, अब म शान्तसँग मर्न सक्छु ।" ♦♦♦

## गीत



✍ **दिपकराज विश्वकर्मा**

नजिक हुन खोज्छु तिमी टाढा हुँदा पनि
तिमी मेरी हुन्नौ भन्ने थाहा हुँदा पनि
यो ज्यान तिम्रै लाग्छ किन हो ?
यो मन तिम्रै लाग्छ किन हो ?
सायद यहि होला माया भन्नु
सायद यहि होला मन पर्नु

तिमीसँग नबोले पनि
तिमीले नहेरे पनि
तिमी मेरि नबने पनि
तिमी मेरो नभने पनि
यो ज्यान तिम्रै लाग्छ किन हो ?
यो मन तिम्रै लाग्छ किन हो ?
सायद...........................

चाहे अरूकै बन
मनै पर्दैन भन
तिम्रै भो यो तन
सुम्पें यो जीवन
ए... माया
सायद यहि होला माया भन्नु
सायद यहि होला मन पर्नु

# चट्याङ्ग के हो र यसको क्षतिबाट बच्ने उपाय



✍ **प्र.स.नि. अम्बिका के.सी.**

हरेक वर्ष चट्याङ्गले पुऱ्याएको क्षतिबारे हामीले पढ्दै र सुन्दै आएका छौं । आकाशबाट खराब मौसमको बेलामा जमिनमा खस्ने एक प्रकारको विद्युतीय करेन्ट नै चट्याङ्ग हो जुन हुरीवतासको मौसम वा वर्षायाममा वायुमण्डलमा विपरीत दिशाबाट तीव्र गतिको वायु एकापसमा ठोक्किँदा चर्को आवाजसहित बढी भोल्टको विद्युतीय लहर उत्पन्न भई खास बाटो बनाएर जान्छ । यो अचानक हुने विद्युतीय विष्फोटन हो । बर्खायाम सुरू भएसँगै दैनिक रूपमा चट्याङ्ग परिरहेको हुन्छ । सुन्दा सामान्य लाग्ने यो मौसमीय विपत्तिका कारण जन र धनको क्षति हुने गरेको छ ।

काभ्रे जिल्ला रोशी गाउँपालिका -९ पलान्चे बस्ने छोरी १६ वर्षीया साजनी लुङ्गेलीको चट्याङ लागेर जेठ २ गते मृत्यु भयो । बारीबाट घर फर्कने क्रममा चट्याङ्ग लागेर गम्भीर घाइते भएकी उनको उपचारको लागि स्थानीय मेडिकलतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो । यसै गरी झापा जिल्ला हल्दिबारी गाउँपालिका-२ राईटोल बस्ने २६ वर्षीय भेना हस्दाको चट्याङ लागेर जेठ २ गते मृत्यु भएको छ । शौचालय गई घर फर्कने क्रममा अविरल वर्षासँगै परेको चट्याङ लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो । यस्तै सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका- २० तरहरा बस्ने ३४ वर्षीय जशपाल राईको चट्याङ लागेर जेठ ६ गते मृत्यु भएको छ । आफ्नै घरभित्र मोबाइल चलाएर बसिरहेको अवस्थामा एक्कासी चट्याङ लाग्दा बेहोस भएका उनको धरान घोपा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस्तै खोटाङ्ग जिल्ला खोटेहाङ गाउँपालिका-३ सावाकटहरे चण्डीथान बस्ने ४३ वर्षीया रत्न माया राईको चट्याङ लागेर जेठ ६ गते मृत्यु भएको छ । शौचालय गई घरभित्र प्रवेश गर्नासाथ वर्षासँगै परेको चट्याङ लाग्दा उनको घटनास्थलमै मृत्यु भएको हो ।

त्यस्तै कपिलवस्तु जिल्ला शिवराज नगरपालिका-६ पिपरी बस्ने ७ वर्षीया रिजवन महमदको चट्याङ लागेर जेठ १० गते मृत्यु भएको छ । पानी परेकोले सोही ठाउँस्थित पिपलको रूखमुनि ओत लागि बसेको अवस्थामा एक्कासी चट्याङ पर्दा गम्भीर घाइते भएका रिजवानको चौराहा अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यसैगरी गुल्मी जिल्ला मदाने गाउँपालिका-४ म्यालपोखरी बस्ने ४५ वर्षीया राधिका भट्टराईको चट्याङ लागेर जेठ १० गते मृत्यु भएको छ । गोठमा गाई बस्तुलाई घाँसपात गर्ने क्रममा चट्याङ्ग लागेर उनको मृत्यु भएको हो । यी त केही प्रतिनिधि घटना मात्रै हुन् ।

नेपाल प्रहरी विपद व्यवस्थापन कार्यालय काठमाडौंको आर्थिक वर्ष २०७६/७७ देखि चालु आर्थिक वर्षको वैशाख मसान्तसम्मको तथ्याङ्क हेर्ने हो भने चट्याङबाट १ सय ७१ जना मानिसको मृत्यु भएको छ भने ६ सय ४५ जना घाइते भएका छन् । यस अवधिमा १ हजार ६ सय ३४ चौपाया मरेका छन् । यस्तै ४४ वटा घर क्षती भएका छन भने उक्त अवधिमा १ करोड ७२ लाख ४ हजार ३ सय ३० रूपैया बराबरको सम्पत्तिको क्षति भएको छ । वि.सं. २०६८ देखि २०७५ सम्म गरिएको एक अध्ययनअनुसार नेपालमा हरेक वर्ष चट्याङकै कारण कम्तिमा १ सय १० जनाले ज्यान गुमाउँदै आएका छन् ।

**चट्याङबाट जोगिने उपाय**

चट्याङबाट बच्ने उपाय भनेको सावधानी अपनाउनु नै हो । चट्याङबाट बच्न घरको विजुली प्रवाह हुने 'वायरिङ'मा विशेष ध्यान दिनुपर्छ, यसका लागि अर्थिङ उपयुक्त माध्यम हो, जसले घरमा चुहावट भएको करेन्टलाई बाहिर जमिनसम्म पुग्न दिँदैन । अर्थिङमा एक प्रकारको 'इलेक्ट्रिक यन्त्र' जडान गरिएको हुन्छ । 'अर्थिङ'ले विजुली चम्किँदा निस्केको करेन्ट र घरको करेन्ट जोडिन दिँदैन जसले गर्दा घर सुरक्षित हुन्छ । यस्तै यदि तपाइँ घर बाहिर खुला ठाउँमा हुनुहुन्छ भने टाउको र खुट्टा जोडेर गोलो परेर बस्नुपर्छ । चट्याङ्ग परेको समयमा अग्लो ठाउँ वा अग्ला टावरनजिक नबस्ने र अग्ला रूखमुनि ओत लाग्नु हुदैन । चट्याङ्ग परेको बेला विद्युतीय सामग्री र तार जडित टेलिफोन प्रयोग गर्नु हुँदैन । गाडीमा बसेको बेला सिसा लगाएर बस्नु पर्छ । चट्याङ्ग पर्ने समयमा पानीमा काम गर्न र पौडी खेल्न पनि हुँदैन । घरभित्र बस्दा झ्याल र भित्ता नजिक बस्नु हुँदैन । धाराका पानीमा करेन्ट आउनसक्ने भएकाले पानी चलाउन हुँदैन । घरमा जडित सर्किटहरू बेला-बेला जाँच

गरिरहनुपर्छ । त्यसै गरी चट्याङ्ग चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने, सकेसम्म घरभित्रै झ्याल ढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने, सकभर अग्लो स्थानमा नबस्ने, धातुका ह्याण्डल, चेन भएका वा अन्य सामान प्रयोग नगर्ने । चट्याङ्गबाट पूर्ण सुरक्षित त हुन सकिन्नँ, तर अलिकति मात्र सावधानी अपनाए धेरै हदसम्म बच्न सकिन्छ । ♦♦

कविता

## जन्मभूमि स्वर्गजस्तो बनाऔं



✍ **पू.से. टंक बहादुर के.सी.**

प्रकृतिले सबैथोक दिएको यो ठाँउ
मातृभूमि नेपालको उच्च राखौनाउँ
उन्नती र प्रगतिमा हामी सबै लागौं
उत्साह र उमङ्गले काम गर्न जागौं

विकसित देशतिर एकफेर हेरौं
त्यसैगरि हामीपनि पौरख नै गरौं
आफ्नो देश बनाउन आफैं खट्नुपर्छ
आफूले नै नगरेमा अरू कसले गर्छ

राम्रो काम थाल्नेलाई दिनुपर्छ टेवा
अनिमात्र हुनसक्छ मातृभूमि सेवा
हाम्री आमा सधैंभरि आँसु झारी रून्छिन्
विकासको काम गर्न ढिला भयो भन्छिन्

रोजगार दिलाएर युवालाई रोकौं
श्रमशक्ति वृद्धि सिप स्वदेशमा पोखौं
मिठो तितो जे भएनि रमाएर खाउँ
जन्मभूमि स्वर्ग जस्तो बनाउदै जाउँ

# इतिहासको पानाबाट

प्रहरी प्रकाशनको २०३० साल अङ्क,२ को **त्रैमासिक पुलिस प्रकाशनमा** प्रकाशित प्र.नि.गोविन्द कर्माथापाद्वारा लिखित **'फरेन्सिक व्यालिस्टिक'** शीर्षकको लेखको अंश त्यही समयको भाषामा जस्ताको तस्तै साभार गरी प्रस्तुत गरेका छौं ।

– ***सम्पादक***

फरेन्सिक व्यालिस्टिक सशस्त्र (हातहतियार) तथा सम्बन्धित सामाग्रीहरूको सनाखत तथा परिचय गर्ने विज्ञान हो, जस्तो फिंगर प्रिण्ट औठा छापहरूको सनाखत गर्ने विज्ञान हो । संसारमा कुनै दुई हतियार मेल खान सक्दैन ।

फरेन्सिक व्यालिस्टिक प्रयोगशालाको निम्ति चाहिने यन्त्र तथा सरसामान कम संख्यामा आवश्यक भएता पनि ती चीजहरू बहुमूल्य हुन्छन् । लेबोरेटरीको लागि आवश्यक पर्ने यन्त्रहरूमा (क) Magnifying Glass मेग्नीफाईन ग्लास, (ख) Micrometer माईक्रोमीटर, (ग) अनालिटीकल व्यालेन्स Analytical Balance (घ) Ordinary Balance साधारण ब्यालेन्स (ङ) Graduated Steel Rule ग्रेजुएटेड स्टील स्केल (च) Taper Gauge टेपर गेज, (छ) Magnet चुम्बक, (ज) Barrel Telescope व्यारल टेलिस्कोप, (झ) Bullet Recovery Box बुलेट रिकभरी बक्स, (ञ) Microscope माईक्रोस्कोप, (ट) Binocular Microscope वाईनोकुलर माक्रोस्कोप (ठ) Large Comparison Micoscope माईक्रोस्कोप, (ड) Tool Makers Microscope टुल मेकर्स माईक्रोस्कोप, (ढ) Spectograph स्पेक्टोग्राफ, आदि ।

हातहतियार (Firearms) को साधानद्वारा घटेको घटना प्रति फरेन्सिक व्यालेस्टिकले ठूलो भूमिका खेल्न सक्दछ । वारदात भएको ठाउँमा फेला परेको टोटा, राउण्ड, हतियार, गोली, ( Bullet) घाईतेको चोट, आदिको अनुसन्धान गरेर अभियुक्तको पत्ता लगाउन सकिन्छ । एउटा उदाहरणको लागि मानु वारदात भएको ठाउँबाट सबुद प्रमाणको निमित्त ल्याईएको पड्काई सकेको खाली टोटा ( Fired Cartridge Case ) लाई राम्ररी हेर्दा टोटाको तल्लो भागमा जहाँ क्याप रहन्छ बिभिन्न प्रकारका चिन्ह ( Symbols )पाईन्छन् । यिनै चिन्हहरूले राउण्ड तयार गरेको कारखाना र देशको नामहरू संकेत गर्दछन् जस्तो (H) ले हलेन्ड र (ROTH ) ले जर्मनीको  कम्पनी भनि संकेत गर्दछ ।




**कृष्ण :-** इन्स्पेक्टर सर मेरो घरमा काकी र आमाको झगडा पऱ्यो ।

**इन्सपेक्टर :-** झगडा परेको कति समय भयो ?

**कृष्ण :-** एक घण्टा जति भयो ।

**इन्सपेक्टर :-** एक घण्टासम्म किन खबर नगरेको त ?

**कृष्ण :-** अघिसम्म आमाले काकीलाई पछाडी रहनुभएको थियो । तर अहिले काकीले आमालाई पर्छानु भयो नि त ...

♦ ♦ ♦

**बुबा :-** बाबु, तिमीले माटोमा के खोजिरहेको ?

**छोरा :-** तपाईंको नाम खोजेको बुबा ।

**बुबा :-** मेरो नाम किन नि माटोमा खोजेको ?

**छोरा :-** यसले बुबाको नाम माटो मिलाइदियो भनेर आमाले सधैँ मलाई पिट्नु हुन्छ । त्यसै कहाँ रहेछ भनेर नि ।

♦ ♦ ♦

**एउटा केटीले आफ्नो दिदीसँग सोधिछिन :-**

**बहिनी :-** दिदी दुलाहा भनेको के हो ?

**दिदी :-** दुलाहासँग विवाह गरिन्छ । यदि तिमी ठूलो भएर राम्रो चरित्रको भयौ भने तिमीलाई पनि एउटा राम्रो दुलाह जुर्नेछ ।

**बहिनी :-** यदि म राम्रो चरित्रको भइनँ भने नि ?

**दिदी :-** तिमीलाई हरेक दिन नयाँ नयाँ दुलाह मिल्ने छ ।

♦ ♦ ♦

**श्रीमती :-** हिजो राती निद्रामा तिमी मलाई गाली गर्दै थियौ नि ।

**श्रीमान :-** तिमीलाई भ्रम पऱ्यो जस्तो छ ।

**श्रीमती :-** कस्तो भ्रम ?

**श्रीमान :-** म निदाएको थिए भनेर ।

**सङ्कलन:- प्र.स.नि.शरणजंग भण्डारी**

## नेपाल प्रहरीसम्बन्धी केही जानकारीहरू

- वि.स २००८ असार २ गते उपत्यकामा सर्वप्रथम महिला प्रहरीको व्यवस्था भएको थियो ।
- प्रहरी ऐन २०१२ असोज ३१ गते प्रकाशित भएको थियो, सोही मितिदेखि नेपाल प्रहरीले वैधानिकता प्राप्त गरेको हो ।
- वि.स. २०३० साल भदौ १५ गते देखि नेपाल प्रहरीको लागी राशनको व्यवस्था भएको हो ।
- वि.स. २०४० फागुन १२ गते नेपाल पुलिस स्कुल साँगा काभ्रेमा स्थापना भएको हो ।
- वि.स. २०४१ माघ २० गते नेपाल पुलिस स्कुल घोराही दाङमा स्थापना भएको थियो ।

**सङ्कलन:प्र.ना.नि.संगीता कार्की**

# सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू



**नेपाल सरकार विरूद्ध गोपाल राना, मुद्दा– जबरजस्ती करणी, (ने.का.प.२०७६, अंक १, निर्णय नं.१०१७२)**

पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी गरेको हो भन्दैमा जबरजस्ती करणी ठहर हुन सक्ने अवस्था हुँदैन । सो कुरा मिसिल संलग्न स्वतन्त्र सबुत प्रमाणबाट तथ्यगत रूपमा पुष्टि हुन सक्नु पर्दछ । जबरजस्ती करणी मुद्दामा पीडितको कागज व्यहोरा सबुतको रूपमा रहने भए तापनि अकाट्य प्रमाणको रूपमा भने लिन मिल्ने अवस्था हुँदैन । त्यस्तो बकपत्रमा उल्लेख भएका कुराहरू विश्वसनीय पनि देखिनु पर्ने ।

**नेपाल सरकार विरूद्ध मुना मगर मेचे, मुद्दाः– मानव बेचबिखन तथा ओसारपसार (ने.का.प.२०७८, अंक १०, निर्णय नं.१०५९६)**

फौजदारी कसूरमा जसले जे जस्तो कसूर गरेको हो सोही अनुसारको नै सजाय हुनु न्यायोचित हुन जाने हुन्छ । केवल कसूर कायम भयो भन्दैमा कसूरको मात्रालाई विचारै नगरी ठूलो सजाय गराउने र गर्ने उद्देश्यबाट अभिप्रेरित भई बलपूर्वक व्याख्या गरी ठूलो सजाय तोकिनु फौजदारी न्यायको मर्मविपरीत हुन जाने भई न्यायको अनुभूति समेत हुन सक्दैन अतः कसूर अनुसारकै सजाय तोकिनु न्यायको मर्म पनि हो भने न्यायोचित कुरा पनि हुन आउने ।

**नेपाल सरकार विरूद्ध मुकेश कुमार दास, मुद्दाः– लागुऔषध (खैरो हेरोइन) (ने.का.प.२०७८, अंक १०, निर्णय नं.१०५९५)**

समूहमा मिली लागुऔषधको कारोबार तथा ओसारपसारको कसूरमा संलग्न रहेको पुष्टि हुन्छ भने समूहका प्रत्येक व्यक्तिबाट लागु औषध बरामद हुन आवश्यक हुँदैन । त्यो अवस्थामा समूहका सबैले आपराधिक दायित्व वहन गर्नुपर्ने हुन्छ । तर समूहमा मिली कसूरमा संलग्न रहेको प्रमाणहरूबाट पुष्टि हुन नसकेको अवस्थामा लागुऔषध बरामद नभएका प्रतिवादीहरूलाई समेत सँगै रहेको वा अन्य प्रतिवादीहरूसँग सम्पर्कमा रहेको भन्ने आधारमा मात्र कसूरदार ठहर गरी आपराधिक दायित्व वहन गराउनु न्याय सङ्गत नहुने ।

**सङ्कलनःप्र.स.नि.जनक आचार्य**